



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ ९ बजेदेखि ६ बजेसम्म)

» बुधबार, माघ १७, २०७४ » Wednesday, January 31, 2018 » www.newsofnepal.com » नेसं ११३८ शिल्ला थ्व १५ » वर्ष २४, अंक २१ » पृष्ठ १२ » मूल्य रू १०/–





## लक्स कामना फिल्म अवार्डस् २०७४

# शर्मा दम्पती र श्रेष्ठलाई लाइफटाइम अचिभमेन्ट अवार्ड











तस्वीर : अनिल आङदेम्बे/मोनिका मल्ल/काठमाडौं

**रश्मी थापा, काठमाडौं**

नयाँदेखि पुरानो पुस्ताका कलाकार तथा गायकगायिकाको मनोरञ्जनात्मक प्रस्तुतिका साथ मंगलबार राजधानीको भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा भव्यताका साथ सम्पन्न तेस्रो संस्करणको कामना फिल्म अवार्डस् २०७४ मा कलातर्फ अभिनेता तथा रंगकर्मी दम्पती हरिहर शर्मा र शकुन्तला शर्मा तथा प्रविधितर्फ छायांकार तथा निर्देशक मञ्जुकुमार श्रेष्ठ कीर्तिमय दीर्घ योगदान (लाइफ टाइम एचिभमेन्ट) सम्मानबाट सम्मानित भएका छन्।

सिजी इन्टरटेनमेन्टको सहकार्यमा कामना न्यूज पब्लिकेसन्सद्वारा चमकदमकका साथ आयोजित समारोहमा शर्मा दम्पती र श्रेष्ठलाई प्रधान सेनापति राजेन्द्र क्षत्री, पब्लिकेसन्स्का प्रधान सम्पादक पुष्करलाल श्रेष्ठ र सिजी इन्टरटेनमेन्टका अध्यक्ष वसन्त चौधरीले सम्मान अर्पण गर्नुभएको थियो। उहाँहरूलाई नगद १ लाख रुपियाँका साथ सम्मान अर्पण गरिँदा भरिभराउ सभाभवनका कलाकर्मी तथा दर्शकले उठेर सम्मान प्रकट गरेका थिए।

शर्मा दम्पतीलाई सो सम्मान संयुक्तरूपमा प्रदान गरिएको हो। अवार्डमा सर्वाधिक १७ विधाको मनोनयनमा परेको चलचित्र छक्का पञ्जाले सर्वोत्कृष्ट चलचित्रसँगै नवनिर्देशक, खलपात्र, गायक, हास्य कलाकार, सहअभिनेता, संवाद र नृत्य निर्देशक गरी सर्वाधिक ७ विधाको अवार्ड चुमेको थियो। छक्का पञ्जाबाट दीपाश्री निरौलाले नवनिर्देशक, दीपकराज गिरीले खलपात्र, केदार घिमिरेले हास्य कलाकार, जितु नेपालले सहअभिनेता, कविराज गहतराजले नृत्य निर्देशक तथा दीपकराज गिरी, जितु नेपाल र केदार घिमिरेले संवाद विधाको अवार्डलाई आफ्नो बनाएको कामना अवार्डमा कविराज गहतराले ह्याट्रिक गरे।

सञ्चाकर्मी नरेश भट्टराई, मिस नेपाल २००५ सुगरिका केसी, हास्य कलाकार जितु नेपाल र अभिनेता सुनील थापाले रोमाञ्चकरूपमा सञ्चालन गरेको समारोहमा ९ विधाको मनोनयनमा परेको चलचित्र डाइङ क्यान्डलले जुरी अवार्डका साथ सर्वोत्कृष्ट अभिनेत्री, छायांकार, बाल कलाकार र शृंगार दोस्रो सर्वाधिक ५ विधाको अवार्डलाई आफ्नो बनाएको छ। अभिनेताको अवार्ड जात्राबाट

### छक्का पञ्जाले चुम्यो आठ अवार्ड

विपीन कार्कीले चुमे भने अभिनेत्रीको अवार्डलाई डाइङ क्यान्डलबाट सिर्जना सुब्बाले आफ्नो बनाइन्।

त्यसै गरी १४ विधाको मनोनयनमा परेका गाजलुले सर्वोत्कृष्ट निर्देशक, नवअभिनेत्री, कथा र निर्माण नियन्त्रक गरी ४ विधाको अवार्ड चुमेको छ। यो चलचित्रबाट हेमराज बिसीले सर्वोत्कृष्ट निर्देशकको अवार्ड उचाले भने मिस नेपाल सृष्टि श्रेष्ठ नवअभिनेत्री विधाको अवार्ड विजेता बन्न पुगिन्।

स्वरसम्राट् नारायण गोपालप्रति श्रद्धासुमनस्वरूप उनकै पथ पछ्याएर लोकप्रियता कमाएका गायक रामकृष्ण ढकालले स्वरसम्राट्कै भेषमा उनका कालजयी फिल्मी गीतहरू गाएर सरप्राइजरूपमा आरम्भ गरेको समारोहमा १० विधाको मनोनयनमा परेको चलचित्र के म तिम्रो होइन र सर्वोत्कृष्ट नवनायक, द्वन्द्व र पार्श्व संगीत गरी ३ विधाको अवार्ड जित्न सफल भयो। यो चलचित्रबाट आर्यन अधिकारी नवअभिनेता भए भने यसै चलचित्रबाट द्वन्द्व निर्देशनमा हिमाल केसीले ह्याट्रिक गर्न सफल भए र एलिस कार्कीले पहिलोपटक कामना अवार्ड जित्न सफल भए। एलिस लगातार तेस्रोपटक यो अवार्डको मनोनयनमा परेका थिए।

एसएमएसका आधारमा विजेता घोषणा गरिने लक्स पपुलर च्वाइस अवार्ड भने नायिका केकी अधिकारीले चुमिन्। यो विधामा उनीसँगै वर्षा राउत, प्रियंका कार्की, ऋचा शर्मा र सृष्टि श्रेष्ठ प्रतिस्पर्धामा थिए। त्यसै गरी संगीततर्फ गायिका इन्दिरा जोशी, फेसनतर्फ रचना गुरुङ शर्मा र रंगकर्मतर्फ राज शाहले सिजी क्रिटिक्स अवार्ड चुमे।

सम्मानको शृंखलाबाट शुरू भएको समारोह मनोरञ्जनका हिसाबले सरप्राइज बन्न पुगेको थियो। नयाँ पुस्तका गायकगायकासँगै पालैपालो मदनकृष्ण श्रेष्ठ, प्रेमध्वज प्रधान, तारा थापा, शम्भुजित बास्कोटा, आनन्द कार्कीजस्ता गायकगायिकाहरू गायन प्रस्तुतिका साथ प्रस्तुत हुँदा सभा भवनमा आश्चर्य र रोमाञ्चकता छरिएको थियो।

त्यसै गरी प्रियंका कार्की, दीपाश्री निरौला, राजाराम पौडेल, केकी अधिकारी, पल शाह, आँचल शर्माजस्ता कलाकारहरू विभिन्न नृत्यका साथ प्रस्तुत हुँदासमेत उस्तै रोमाञ्कता छरिन पुग्यो।

*(फोटो फिचर तथा विस्तृत पेज थ्रीमा)*

# फाजिलमा पठाउने एआईजीलाई दर्ज्यानी प्रदान गरिँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

सरकारले प्रदेश सचिवको रूपमा सहसचिवलाई खटाउने भएपछि नेपाल प्रहरीले प्रदेशमा खटाएका प्रहरी अतिरिक्त महानिरीक्षकलाई प्रहरी प्रधान कार्यालय फिर्ता बोलाएको दुई दिनपछि सशस्त्र प्रहरी बलले प्रदेशमा एआईजी पठाउने भन्दै आज बुधबार दर्ज्यानी चिह्न प्रदान गर्ने भएको छ।

मुख्य सचिव लोकदर्शन रेग्मीले एआईजीको बढुवाको सूचीमा परेकालाई फुली तत्कालै लगाइदिन सशस्त्र प्रहरी महानिरीक्षकलाई दबाब दिएपछि आज बुधबार बिहान ८:३० बजे बढुवाको सूचीमा परेकालाई दज्यानी चिह्न प्रदान गरिने भएको छ।

सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठले एआईजीमा बढुवामा परेका जानकीराज भट्टराई, राजेश श्रेष्ठ, सुबोध अधिकारी, निराक्रमविक्रम शाह र खडानन्द चौधरीलाई दर्ज्यानी चिह्न प्रदान गर्न लागेका हुन्। बढुवाको सूचीमा परेका अधिकारी मुख्य सचिव रेग्मीमा ज्वाइँ हुन्।

(**क्रमशः पृष्ठ ९ मा**)

# सम्बन्ध सुधार्न मोदी नेपाल आउँदै

**टीका बन्धन, काठमाडौं**



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी फागुन अन्तिम साता नेपाल भ्रमणमा आउनुहुने भएको छ। नेपालसँगको सम्बन्ध नयाँ ढंगले अघि बढाउने उद्देश्यका साथ उहाँ नेपाल आउने तयारीमा जुट्नुभएको हो।

मोदी भ्रमणको गृहकार्यका सिलसिलामा भारतीय विदेश मन्त्री सुष्मा स्वराज भोली बिहीबार काठमाडौं आउँदै हुनुहुन्छ। 'प्रधानमन्त्रीको भ्रमणको तयारीका लागि नै स्वराज नेपाल आउन लाग्नुभएको हो। मार्चको दोस्रो साताभित्र प्रधानमन्त्रीले नेपाल भ्रमण गर्ने तयारी भइरहेको छ।' -काठमाडौंस्थित भारतीय दूतावासका एक उच्च अधिकारीले *नेपाल समाचारपत्र*लाई बताए।

(**क्रमशः पृष्ठ ९ मा**)

# संघीय संसद्‌मा ४ सय ३५ कर्मचारी

**नेपाल समाचारपत्र**

काठमाडौं

संसद् सचिवालयले संघीय संसद्‌मा ४ सय ३५ कर्मचारी रहने जनाएको छ।

संविधानअनुसार संसद्का प्रतिनिधिसभा र राष्ट्रियसभालाई संघीय संसद् भनिन्छ। दुवै सदनमा गरी ३ सय ३४ सांसद रहनेछन्। प्रतिनिधिसभामा २ सय ७५ र राष्ट्रियसभामा ५९ गरी दुवै सदनमा गरी ३ सय ३४ सांसद् रहनेछन्। संसद् सचिवालयका तत्कालीन सह-सचिव सोमबहादुर थापाको संयोजकत्वको समितिले संगठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षण गरी संसद् सचिवालयलाई कर्मचारीको संख्यासम्बन्धी आवश्यक विवरण बुझाएको थियो।

अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधिको सहभागितामा सचिवालयले अध्ययन गरेको थियो। यसैका आधारमा सचिवालयले कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्दै आएको छ। कर्मचारी प्रशासन शाखाका शाखा अधिकृत नेत्रप्रसाद भुसालका अनुसार अझै पनि पदपूर्ति हुन बाँकी छ। 'लोकसेवाले नै परीक्षा लिने भएकाले प्रक्रिया चलिरहेको छ, प्राविधिक कर्मचारी नियुक्ति हुन बाँकी छ', भुसालले भन्नुभयो- 'बैठक बस्ने बेलासम्ममा सबै कर्मचारी आवश्यक भएकाले त्यहीअनुसार काम भइरहेको छ।'

संसद् सचिवालयमा यसअघि ३ सय ३४ जनाको दरबन्दी थियो। २०७३ को साउन १८ गते सचिवालयका महासचिवस्तरीय निर्णयले संसद् सचिवालयका सह-सचिव तथा प्रवक्ता डा. भरतराज गौतमको संयोजकत्वमा १२ सदस्यीय संघीय संसद् एवम् सचिवालय र प्रदेशसभा एवम् सचिवालयसम्बन्धी अध्ययन समिति गठन गरेको थियो। समितिले तयार पारेको प्रतिवेदन २०७४ असार ३० मा महासचिवलाई बुझाइयो।

(**क्रमशः पृष्ठ ९ मा**)

# महानगर

जहान परिवार पाल्नुपर्छ, बालबच्चा पढाउनुपर्छ, शनिबार ठोकर्पास्थित बाघभैरव माध्यमिक विद्यालयमा मजदुरी गरिरहेका उनी भन्दैथिए- 'उता त हिउँ परेर काम केही गर्न पाइँदैन, दुईचार पैसा नकमाए त परिवार पाल्नै सकिन्न।'

# काठमाडौंमा ढलबाट बिजुली !

सुरेश तामाङ

हावा, ग्यास फोहोरबाट बिजुली उत्पादन भएको सुनेकै विषय हो। तर ढलबाट पनि बिजुली निस्कन्छ भन्ने धेरैलाई पत्यार नलाग्न सक्छ। तर अब राजधानी उपत्यकामा ढलबाट नै बिजुली निस्किने भएको छ। त्यसै खेर गइरहेको फोहोरबाट अब बिजुली निकाल्ने प्रक्रियासमेत अगाडि बढेको छ। तोकिएको समयभित्रै काम सम्पन्न भएको खण्डमा हामीले चाँडै यो पनि देख्न सक्छौं। काठमाडौं उपत्यकावासीका घरघरबाट निस्किएका फोहोर संकलन गर्दै बिजुली निकाल्ने योजनास्वरूप आयोजना कार्यान्वयन निर्देशनालयले काम अगाडि बढाएको छ।

सन् २०१८ सम्म यो योजना सम्पन्न गर्ने गरी एसियाली विकास बैंक र नेपाल सरकारको २ सय ३६ मिलियन अमेरिकन डलर बजेट विनियोजन भइसकेको छ। उपत्यकाको विभिन्न स्थानमा बनिरहेको ढल प्रशोधन केन्द्रमा विभिन्न प्रक्रियाबाट ढलको प्रशोधन हुनेछ। प्रशोधनकै क्रममा उत्पन्न हुने ग्याँसबाट बिजुली उत्पादन गर्ने योजना रहेको निर्देशनालयका प्रवक्ता लीला ढकालले बताउनुभयो।

निर्देशनालयले विभिन्न ठाउँमा ठेकेदार कम्पनी नियुक्त गर्दै निर्माणको काम पनि अगाडि बढाइसकेको जनाएको छ। यस योजना सम्पन्न भइसकेपछि उपत्यकावासीका घर-घरबाट निस्केको ढल सीधै खोलामा मिसिएको पाइनेछैन। विभिन्न प्रशोधन केन्द्रमा प्रशोधन भएर बिजुली निकालेमा मात्रै खोला र नदीमा मिसिनेछ।

गुह्येश्वरी, सल्लाघारी, कोड्कु, धोबीघाट र गोकर्णमा निर्देशनालयले ढल प्रशोधन केन्द्र बनाउने काम अगाडि बढाइसकेको हो। गुह्येश्वरी र धोबीघाट दुई ठूला प्रशोधन केन्द्र हुने र सल्लाघारी, कोड्कु र गोकर्णमा बन्ने प्रशोधन केन्द्रलाई भने विशेष युनिटका रूपमा निर्माण गरेको बिजुली निकाल्ने योजना निर्देशनालयले राखेको छ।

बिजुली निकाल्ने पनि दुई ठूला प्रशोधन केन्द्रबाटै गरिने निर्देशनालयले जनाएको छ। डिजाइन गर्दा सानो साइजको डिजाइन भएकाले अरूमा बिजुली निकाल्ने क्षमता नराख्ने र प्रविधि पनि जडान नहुने निर्देशनालयको दाबी छ।






निर्देशनालयले गुहेश्वरीस्थित प्रशोधन केन्द्रको क्षमतालाई अभिवृद्धि गरिरहेको छ गुह्येश्वरीको हाल १ करोड ६० लाख लिटर फोहोर पानी प्रशोधन गर्न सक्ने क्षमता रहेकाले पहिलेको क्षमतालाई दोब्बर बनाएर बिजुली निकाल्न निर्देशनालय तम्सिएको छ। निर्माण सम्पन्न भइसकेपछि सो केन्द्रले ३ करोड २० लाख लिटर फोहोर पानी प्रशोधन गर्नेछ।

यसै गरी, भक्तपुरस्थित सल्लाघारी, ललितपुर बालकुमारीस्थित कोड्कु र धोवीघाटमा गरी नयाँ कुल ६ करोड ८० लाख लिटर फोहोरपानी प्रशोधन गर्न सक्ने क्षमताको केन्द्र निर्माण गर्ने योजना लिएको छ।

गुहेश्वरीस्थितको केन्द्रलाई पुन:निर्माणको जिम्मा पाएको भारतीय कम्पनी भा टेक वा ब्याग लिमिटेड्स दुई वर्षभित्र काम सम्पन्न गर्ने र १० वर्षसम्म कम्पनीले सञ्चालन गरेर हस्तान्तरण गर्ने गरी सम्झौता भएको निर्देशनालयले जनाएको छ।

गुह्येश्वरी ढल प्रशोधन केन्द्र निर्माणको काम ४० प्रतिशत सकिएको छ। अन्यमा ५ प्रतिशत मात्रै प्रगति भएको छ। गुह्येश्वरस्थित ३ करोड २० लाख लिटर फोहोर पानी प्रशोधन गरेर करिब २ सय ४० किलोवाट र करिब ३ करोड ७० लाख लिटर फोहोर पानी प्रशोधन गर्ने धोबीघाटको केन्द्रबाटमात्रै २ सय ४ किलोवाट बिजुली निकाल्ने जनाएको छ। दुवै गरी झण्डै ४ सय ५० किलोवाट बिजुली उत्पादन गर्नेछ भने यो बिजुली भने यी उत्पादित बिजुली प्रशोधन केन्द्रमै खर्च गरिने निर्देशनालयको योजना छ।

केही समयपछि काठमाडौंमा मेलम्चीबाट पानीको आपूर्ति भएसँगै फोहोर पानीको मात्रामा हुने वृद्धिलाई ध्यानमा राख्दै काठमाडौं उपत्यकाका ढल व्यवस्थापन आयोजनाअन्तर्गत विभिन्न स्थानमा फोहोरपानी प्रशोधन केन्द्रको क्षमता अभिवृद्धि, पुन:स्थापना र निर्माण कार्यको प्रक्रियालाई प्राथमिकताका साथ अगाडि बढाएको हो। निर्देशनालयले ढल व्यवस्थापनका लागि विभिन्न स्थानमा आधुनिक फोहोरपानी प्रशोधन केन्द्रको निर्माण गर्ने र त्यहाँबाट विद्युत् निकाल्न मिल्ने गरी गृहकार्य थालेको हो।

प्रशोधन केन्द्रसम्म फोहोर पानी ढलमार्फत् पुर्‍याउन हनुमन्ते, मनोहरा र खसाङखुसुङ गरी १ सय १ किलोमिटरखोलाको किनारमा इन्टसेप्टर जोड्ने काम गरिरहेको छ। यो काम निर्देशनालय आफैंले गरिरहेको छ भने बागमती, विष्णुमती, धोबीखोला, मनमतिखोलालगायतमा भने आधिकार सम्पन्न एकीकृत बागमती सभ्यता विकास समितिले काम गरिरहेको छ।

निर्देशनालय र समितिले हाल विभिन्न खोला र नदीका कोरिडोरमा ढलका ठूला पाइप बिछ्याउने काम गरिरहेको छ। यो काम सकिएपछि काठमाडौंभरिको ढलहरू प्रशोधन केन्द्रसम्म पुग्ने गरी ढल प्रणालीमा जोडिनेछ। प्रशोधन केन्द्रमा ढल पुगेपछि त्यसलाई विभिन्न चरणमा प्रशोधन गरिनेछ। ढल प्रशोधन गर्दा त्यसबाट ग्यास निस्कनेछ। त्यो ग्यासलाई प्रयोग गरेर बिजुली निकालिने छ।

विभिन्न स्थानमा फोहोर प्रशोधन केन्द्रको निर्माणमार्फत् नागरिकले ढलको गन्धबाट मुक्त हुन पाउने, स्वच्छ वातावरणको प्रत्याभूति गर्न पाउने, फोहोरबाट हुने रोगको दर कम हुनेलगायतका फाइदा लिन पाउने निर्देशनालयको दाबी दाबी छ। प्रशोधन केन्द्रहरूलाई दुर्गन्धरहित र सफा बनाइने बताएको छ। त्यसका लागि केन्द्रभित्र हरियाली प्रबर्द्धन गर्ने र त्यसलाई पार्ककै रूपमा विकास गर्ने अवधारणा रहेको निर्देशनालयले जनाएको छ। आधुनिक प्रविधिमार्फत् प्रशोधन केन्द्रको निर्माण हुने भएकोले प्रशोधन केन्द्र वरपर बस्ने स्थानीय र बटुवाले असजिलो अनुभव गर्न पाउँदैनन्। निर्देशनालयका प्रवक्ता ढकालले भन्नुभयो- 'प्रशोधन केन्द्र निर्माण सम्पन्न भएपछि यस वरपर निर्धक्करूपमा गन्धरहित तवरले स्वच्छ वातावरणमा मर्निङ वाक गर्न सकिन्छ।'

# भूकम्पपछिको पुनर्निर्माण : उठ्दैछ सिन्धुपाल्चोक

नानीराम नेपाल, सिन्धुपाल्चोक

चाउरी परिसकेका गाला, तिलचामले कपाल। जीवनको ५९ वर्षको उमेरमा काम खोज्दै सिन्धुपाल्चोकसम्म आइपुगेका मान्छे हुन् जुम्लाका सिंगाबहादुर थापा। साँच्चै, श्रम गर्न उमेरले नछेक्ने रहेछ, न त भूगोलले नै श्रम गर्नका लागि रोक्ने रहेछ। जुम्लामा भनेजस्तो केही काम नभेटेपछि काम खोज्दै सिन्धुपाल्चोक आइपुगेका हुन् उनी। आम्दानीको अरू केही उपाय नभएपछि मजदुरी खोज्दै आइपुगेका सिंगाबहादुर यतिबेला सिन्धुपाल्चोकको पुनर्निर्माणमा सघाउँदै छन्। 'जहान परिवार पाल्नुपर्छ, बालबच्चा पढाउनुपर्छ', शनिबार ठोकर्पास्थित बाघभैरव माध्यमिक विद्यालयमा मजदुरी गरिरहेका उनी भन्दैथिए- 'उता त हिउँ परेर काम केही गर्न पाइँदैन, दुईचार पैसा नकमाए त परिवार पाल्नै सकिन्न।' उनीजस्तै जुम्लाका २१ वर्षीय धिरज थापा पनि मजदुरीका लागि सिन्धुपाल्चोक आइपुगे। बैदेशिक रोजगारीलाई हापेर मजदुरीका लागि उनी सिन्धुपाल्चोकको भूगोलमा आइपुगेका हुन्। 'विदेशमा पनि दु:खै गर्ने हो, अर्काको ठाउँमा के भर हुन्छ र ?', उनी भन्छन्- 'यो त हाम्रै देश त हो, जिल्ला फरक भएर के भो ?' दैनिक ८ सय ज्यालादरमा मजदुरी गरिरहेका उनी मासिक २४ हजार कमाइ हुने बताउँछन्। 'यहाँ भत्किएका घर र स्कुल पनि बन्छ, हामीलाई कमाइ पनि हुन्छ' -उनी भन्छन्।

चार वर्षसम्म कतारमा पसिना बगाएर नेपाल फर्किएका सप्तरीका २४ वर्षीय सञ्जयकुमार राम यतिबेला सिन्धुपाल्चोकको भूगोलमा पसिना बगाइरहेका छन्। मधेसमा आर्थिक उपार्जनको मेसो नभएपछि भूकम्पले ढलेका बस्ती पुनर्निर्माणका लागि 'पहाड यात्रा' तय गरेका हुन् उनले। बाघभैरव माध्यमिक विद्यालय पुनर्निर्माणमा पिल्लर ठड्याइरहेका उनी मात्र एउटा विद्यालय ठड्याइरहेका छैनन्, लाग्छ आफ्नै जिन्दगीको पील्लर ठड्याउँदै छन् पहाडमा। पहाडमा आएर फलाम काटिरहेका उनी आफ्नै जीवनको अभावलाई काट्दै छन्। बांगिएका रडहरूसँगै उनी आफ्नै जीवनको लय सोझ्याउँदै छन्। कतारमा चार वर्ष रहँदा बस्दा उनले न सोचेजस्तो पैसा कमाए, न त जोगाए नै। केही महिनाअघि मात्र कतारबाट फर्किएका उनी चार महिनाअघि भूकम्पग्रस्त सिन्धुपाल्चोकमा मजदुरी खोज्दै आइपुगेका हुन्। यतिबेला सुनकोसी गाउँपालिका-१ ठोकर्पास्थित बाघभैरव माध्यमिक विद्यालय पुनर्निर्माणमा मिस्त्रीको काम गरिरहेका छन् उनी। 'सप्तरीबाट आएको हुँ, चार महिनादेखि पहाडको पुनर्निर्माणमा छु', उनी भन्छन्-'कतारभन्दा यहीं राम्रो छ, एक दिनमा १ हजार बचाउँछु।'



विनाशकारी भूकम्पमा सिन्धुपाल्चोकले सर्वाधिक क्षति व्यहोर्‍यो। जिल्लाका लगभग शतप्रतिशत घर संरचना भत्किए। तर भूकम्पमा सिन्धुपाल्चोकका घर संरचना भत्किँदा जिल्लाबाहिरका मानिसहरूलाई मजदुरीको अवसर भएको छ। उनीहरूलाई श्रम बेच्न विदेश जानु परेन, पसिना बगाउन खाडीमा पस्नुपरेन। ३ महिनाको बिदामा साउदीबाट फर्किएका सुर्खेतका मन्दिरे बस्नेत बैदेशिक रोजगारीको यात्रालाई बिट मारेर मजदुरी गर्न सिन्धुपाल्चोकमा आइपुगे। विगत दुई महिनादेखि चौतारा साँगाचोकगढी नगरपालिकाको जल्केनीमा पुनर्निर्माणमा पसिना बगाइरहेका छन् उनी। 'सिन्धुपाल्चोकमा घर भत्किए, मेरा लागि मजदुरी गर्ने अवसर भयो', उनी भन्छन्- 'आफ्नै देशमा काम पाइयो भने दु:ख गर्न किन बिदेश जानु ?'

## आयातित कामदार, पुनर्निर्माणमा सजिलो

जिल्लामा कामदारको अभाव भइरहँदा गाउँबस्तीको पुनर्निर्माणमा बाहिरी जिल्लाबाट कामदार आएपछि सजिलो भएको भूकम्पपीडितहरू बताउँछन्। बाहिरबाट कामदार नआएका भए अझै पनि पुनर्निर्माणमा सुस्तता भइरहने थियो। कामदार नभएर पहिलो किस्ता लिएका अधिकांशले डीपीसीसम्म नै गरेका थिएनन्, तर बाहीरका कामदार आएपछि यतिबेला अधिकांशले डीपीसीको काम सम्पन्न गरिसकेका छन्। 'बाहिरबाट मान्छे नआएका भए धेरैले डीपीसी नै गर्न सक्दैनथे' -सुनकोसी-६ थुम्पाखरका देवीबहादुर भण्डारी भन्छन्। थुम्पाखरमा रुकुम, रोल्पा, हुम्ला, जुम्ला, सुर्खेतलगायतका जिल्लाबाट पुनर्निर्माणमा काम गर्न कामदारहरू आइरहेको उनले सुनाए। गाउँमा पुनर्निर्माणमा खटिरहेका कामदारमध्ये ८० प्रतिशतभन्दा बढी जिल्ला बाहिरका नै भएको उनले सुनाए। 'सुदूरदेखिका मान्छे छन्, मधेसदेखि आएका छन्' -भण्डारीले भने।

बाहिरी जिल्लाबाटै कामदार आएपछि यतिबेला ठूलोसिरुबारीको अर्चलेका सबैले पुनर्निर्माण शुरु गरे। यस गाउँका अधिकांशले घरको डीपीसी गरिसकेका छन्। कामदार नपाएका कारण भूकम्पको साढे दुई वर्षसम्म पुनर्निर्माण शुरु गर्न नसकेका भूकम्पपीडितले कामदार पाएपछि पुनर्निर्माण थालेको अर्चलेका स्थानीय अर्जुन अधिकारी बताउँछन्। 'घर त सबैका भत्किए, पालो गरेरै घर बनाउन पनि समस्या परिरहेको थियो', उनले भने- 'हुम्ला, जुम्लादेखिका मान्छे आएपछि सबैले एकसाथ पुनर्निर्माण शुरु गरेका छन्।'

पछिल्लो दुई महिनायता जिल्लामा पुनर्निर्माणले केही गति लिएको छ। तर पुनर्निर्माणमा मिस्त्रीदेखि मजदुरसम्मको काम जिल्लाबाहिरकै जनशक्तिले धानिरहेको छ। सरकारी र सामुदायिक संरचना पुनर्निर्माणमा मात्र होइन, यतिबेला भूकम्पपीडितका निजी आवास पुनर्निर्माणमा पनि जिल्लाबाहिरका मजदुरहरू खटिरहेका छन्। कामदार अभाव झेलिरहेको पुनर्निर्माणमा कामदार अभावमा सुस्त बनिरहेको पुनर्निर्माणमा सुदूरबाट मजदुरहरू आएपछि पछिल्लो समय पुनर्निर्माणले गति लिइरहेको छ।

## ठडिए ८ हजार घर

४६ हजार घर धमाधम पुनर्निर्माण

विनाशकारी भूकम्पको ३२ महिनाका बीच दश प्रतिशत निजी घर पुनर्निर्माण सम्पन्न भएका छन् भने ६० प्रतिशत घर संरचना पुनर्निर्माण शुरु भएका छन्। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुस मसान्तको अन्तिम समय सीमा तोक्दै भूकम्पपीडितलाई ताकेता गरेपछि पछिल्लो दुई महिनाको अवधिमा पुनर्निर्माणले पिकअप लिएको हो। माघ पहिलो सातासम्ममा ८ हजार २ सय निजी घर निर्माण सम्पन्न भएका छन् भने ४६ हजार निजी घर पुनर्निर्माण शुरु भइसकेका छन्। पुनर्निर्माण अनुदानको पहिलो किस्ता प्राप्त गरेपछि सरकारी मापदण्डअनुसार नै जिल्लाका विभिन्न गाउँ, नगरमा गरी ४६ हजार भूकम्पपीडितले धमाधम घर बनाइरहेका छन्। 'पुनर्निर्माणमा उल्लेख्य प्रगति देखियो, पछिल्लो दुई महिनामा निजी आवास पुनर्निर्माणको कामले गति लिएको छ' -भवन निर्माण डिभिजन कार्यालयका इन्जिनियर टंकप्रसाद गौतमले भने। पहिलो किस्ताको काम सम्पन्न गरिसकेकाहरूलाई दोस्रो किस्ता र तेस्रो किस्ता भुक्तानीका लागि प्रमाणीकरणको क्रम बढेको पनि उनले बताए। भवन निर्माण डिभिजन कार्यालयको पछिल्लो तथ्यांकअनुसार ३५ हजार २ सय ९५ ले दोस्रो किस्ताका लागि निवेदन दिएका छन् भने उनीहरूमध्ये ३५ हजार १ सय २१ लाई दोस्रो किस्ताको प्रमाणीकरण र सिफारिस भइसकेको छ। हालसम्म ५ हजार २ सय ६० ले तेस्रो किस्ताका लागि निवेदन दिएकोमा ५ हजार १ सय २९ लाई तेस्रो किस्ताको अनुदान रकम निकासा भइसकेको छ। दोस्रो तथा तेस्रो किस्ताका लागि सम्बन्धित स्थानीय तहमा दर्ता भएका निवेदनमध्ये भवनसंहिताविपरीत बनेका घरहरू भने प्रमाणीकरण हुन सकेका छैनन्। भवनसंहिताअनुसार नभएपछि ३ सय १६ घर बाँकी किस्ता भुक्तानीको लागि प्रमाणीकरण हुन सकेका छैनन्।

# कामना अवार्डको आकर्षण










तस्वीर : अनिल आङदेम्बे / काठमाडौं

| विधा | विजेता | चलचित्र |
|---|---|---|
| चलचित्र | छक्का पञ्जा | छक्का पञ्जा |
| निर्देशक | हेमराज बीसी | गाजलु |
| नवनिर्देशक | दीपाश्री निरौला | छक्का पञ्जा |
| अभिनेता | विपीन कार्की | जात्रा |
| अभिनेतृ | सिर्जना सुब्बा | डाइङ क्यान्डल |
| नवअभिनेता | आर्यन अधिकारी | के म तिम्रो होइन र |
| नवअभिनेतृ | सृष्टि श्रेष्ठ | गाजलु |
| सहअभिनेता | जितु नेपाल | छक्का पञ्जा |
| सहअभिनेतृ | गौरी मल्ल | होमवर्क |
| खलपात्र | दीपकराज गिरी | छक्का पञ्जा |
| हास्य कलाकार | केदार घिमिरे | छक्का पञ्जा |
| बाल कलाकार | लाक्पा सिंघे तामाङ | डाइङ क्यान्डल |
| कथा | हेमराज बीसी | गाजलु |
| पटकथा | प्रदीप भट्टराई | जात्रा |
| संवाद | दीपकराज गिरी, जितु नेपाल र केदार घिमिरे | छक्का पञ्जा |
| गीतकार | डा. कृष्णहरि बराल | शब्द (हरपल) |
| संगीतकार | कालिप्रसाद बासकोटा | लुट-२ |
| पार्श्व गायक | कृष्ण काफ्ले | छक्का पञ्जा (सुन न चम्पा) |
| पार्श्व गायिका | अञ्जु पन्त | किस्मत-२ (यी आँखा) |
| नृत्य निर्देशक | कविराज गहतराज | छक्का पञ्जा (पूर्व-पश्चिम रेल) |
| द्वन्द्व निर्देशक | हिमाल केसी | के म तिम्रो होइन र |
| छायांकन | रविन आचार्य | डाइङ क्यान्डल |
| सम्पादन | सुरेन्द्र पौडेल | लुट-२ |
| पार्श्व संगीत | एलिश कार्की | के म तिम्रो होइन र |
| ध्वनि मिश्रण | उत्तम न्यौपाने | गाजलु |
| शृंगार | सरोज बुढाथोकी | डाइङ क्यान्डल |
| जुरी अवार्ड | | डाइङ क्यान्डल |
| लक्स पपुलर च्वाइस अवार्ड | | केकी अधिकारी |
| सीजी क्रिटिक्स अवार्ड (संगीततर्फ) | | इन्दिरा जोशी |
| सीजी क्रिटिक्स अवार्ड (फेसनतर्फ) | | रचना गुरुङ शर्मा |
| सीजी क्रिटिक्स अवार्ड (नाट्यकर्मतर्फ) | | राज शाह |
| कीर्तिमय दीर्घ योगदान सम्मान (कलातर्फ) | | हरिहर शर्मा र शकुन्तला शर्मा |
| कीर्तिमय दीर्घ योगदान सम्मान (प्रविधितर्फ) | | मञ्जुकुमार श्रेष्ठ |

आर्मी अफिसर्स क्लबको भरिभराउ सभा मण्डपको मञ्च अकस्मात् अँध्यारोमा परिणत हुन्छ। जब प्रकाश छाउँछ, स्वरसम्राट नारायण गोपालको स्वर्णिम सन्ध्याको झल्को दिँदै गायक रामकृष्ण ढकाल गुञ्जन्छन् स्वरसम्राटकै रूप र स्वरमा। नारायण गोपालले स्वर्णिम सन्ध्यामा गाएको तिम्रो जस्तो मुटु मेरो पनि बाट शुरू भएको उनको गायन प्रस्तुति फिल्मी युगल गीतबाट अन्त्य हुन्छ गायिका जुना प्रसाईंको साथमा।

श्रद्धासुमनको भिन्न रूपबाट शुरू भएको *लक्स कामना फिल्म अवार्डस्* २०७४ को आरम्भ सम्मानको शृंखलाबाट शुरू हुन्छ। मंगलबार सम्मान अवार्ड समारोहको शुरूमै हरिहर शर्मा र शकुन्तला शर्माको अभिनेता तथा रंगकर्मी दम्पतीलाई कलातर्फको कीर्तिमय दीर्घ योगदान सम्मान (लाइफटाइम अचिभमेन्ट अवार्ड) प्रदान गरिएको समारोहमा प्रविधितर्फको यो सम्मान छायाँकार मञ्जुकुमार श्रेष्ठलाई प्रदान गरिएको थियो। कार्यक्रम जितु नेपाल नाटकीयरूपमा दर्शकदीर्घाबाट मञ्चमा प्रवेश गर्दै हस्यौली र कार्यक्रम प्रस्तोतका रूपमा प्रस्तुत भए भने केदार घिमिरे र सीता घिमिरेको जोडीले प्रहसन प्रस्तुत गरी मनोरञ्जन दिलाए।

नायिका केकी अधिकारीले विनोद न्यौपाने र राजाराम पौडेलका साथ समूह बनाएर आकर्षक नृत्यमा प्रस्तुत भइन् भने दीपाशा बीसीले रमेश थापाका साथ आइटम डान्स गरेर माहोल तताइन्। त्यसै गरी पल शाह, आँचल शर्मा, प्रियंका कार्की, सुमन गिरी र दीपाश्री निरौलाले अर्को समूहमा बाँधिएर दर्शक तताए। यो प्रस्तुतिको अन्त्यमा नायिका प्रियंका कार्की पुरुष भेषमा प्रस्तुत भएकी थिइन्।

कार्यक्रको अर्को आकर्षण बनेको थियो मेडली। जसमा कृष्ण काफ्ले, दीपाश्री निरौला, ताराप्रकाश लिम्बु, मीना निरौला, युवराज चौलागाईं, एम बराल, आनन्द कार्की, शम्भुजित बासकोटा, तारा थापा, प्रेमध्वज प्रधान र मदनकृष्ण श्रेष्ठले पालैपालो आ-आफ्ना गीत गाउँदा दर्शक रमाएका थिए।



















# विचार



जसले आफ्नो समय बरबाद गर्‍यो उसले यो बुझ्छे हुन्छ कि उसको एउटा पनि इच्छा पूरा हुँदैन र जीवन सधैँ दुःखमय हुनेछ। त्यसैले समयलाई चिन।

– बर्टेन्ड रसेल

म तिम्रा विचारहरूसँग असहमत छु तर तिमीले आफ्ना विचारहरू राख्न पाउनुपर्छ भन्ने पक्षमा जीवनभरि लडिरहनेछु।

– जिन ज्याक रुसो

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# नक्कली चिकित्सकमाथि कारबाही गर

हरेक मानिसले बिरामी हुँदा डाक्टरलाई भगवान् मान्ने गरेका छन् । भगवान्‌सरह विश्वास गरेका डाक्टर नै नक्कली भएको घटनाले आममानिसलाई सशंकित बनाएको छ । आमजनताको स्वास्थ्यमाथि खेलबाड गर्दै नक्कली डाक्टरहरूको बिगबिगी रहेको घटना सार्वजनिक भएपछि डाक्टरमाथि नागरिकले गर्ने गरेको विश्वासमाथि संकट पैदा भएको छ। राजधानी उपत्यकाका विभिन्न स्वास्थ्य संस्थामा नक्कली डाक्टर पक्राउ परेको समाचार छ। पछिल्लो समय डाक्टरको लापरबाहीका घटनाले बेलाबखत अस्पताल तनावग्रस्त बन्ने गरेको पनि छ। राजधानीमा सञ्चालित अस्पताल र क्लिनिकहरूमा डाक्टर भनेर विदेशी नागरिकले काम गरिरहेको तथ्य सार्वजनिक हुनुले आमनागरिकमा डाक्टरप्रति हेर्ने दृष्टिकोण नै परिवर्तन भएको छ ।

नक्कली डाक्टरबाट बिरामीको उपचार हुनु स्वास्थ्यप्रति नै खेलबाड हो । प्रहरीले यसअघि पनि नक्कली डाक्डरलाई प्रक्राउ गरेको थियो । विदेशी चिकित्सकले नेपालमा चिकित्सकीय अभ्यास गर्न नेपाल मेडिकल काउन्सिलको नियमअनुसारको अनुमतिपत्र लिनुपर्छ । तर पक्राउ परेका नक्कली विदेशी डाक्टरहरूबाट सो प्रमाणपत्र नलिइएको पाइएको छ। सरकारले पर्याप्त ध्यान नदिँदा दैनिकरूपमा अवैध काम गर्नेहरूको संख्या बढेको छ । सरकारले हरेक क्षेत्रमा बेलाबखत मात्र अनुगमन गर्ने गरेको छ । नागरिकको स्वास्थ्यसँग जोडिएको अस्पताल, क्लिनिक र औषधि पसलहरूमा नियमितरूपमा अनुगमन हुनुपर्ने हो। अनुगमन गर्नको लागि सरकारले आफ्नो संरचना पनि बनाएको छ। तर अनुगमन गर्ने निकाय बेखर बन्दा गलत काम गर्नेहरूको संख्या बढेको छ।

औषधि पसलहरूमा तोकिएको मूल्यभन्दा बढी मूल्य लिएर औषधि बिक्री वितरण हुँदै आएको पनि नौलो छैन । स्वास्थ्यसँग सम्बन्धित निकायबाट नै नागरिकहरू दैनिक ठगिँदै आएका छन्। औषधि पसलहरूमा वर्षको एक–दुईपटक मात्र अनुगमन गरेर सरकारले झारा टार्ने काम गर्दै आएको छ। जुन अनुगमन निरन्तर भइरहनुपर्ने काम हो। नियमितरूपमा अनुगमन गर्ने हो भने गलत काम गर्न रोकिने र नागरिकहरू पनि गठिनबाट जोगिने थिए ।

औषधि पसलहरूमा मात्र होइन राजधानीको गल्ली–गल्लीमा सञ्चालित क्लिनिकहरूमा पनि चर्को मूल्य लिनाले सर्वसाधारण स्वास्थ्य उपचार गराउन नसक्ने भएका छन् । क्लिनिकहरूभित्र हुने कामकाजको बारेमा पनि सरकारले पर्याप्त ध्यान दिन सकेको छैन। नियमित अनुगमन नहुँदा त्यसको फाइदा क्लिनिक सञ्चालकहरूले लिएका छन्। राजधानी उपत्यकामा सञ्चालित अस्पतालहरूमा पनि लुटतन्त्र मच्चिएको छ । अस्पतालले आफूखुशी रकम असुल गर्दै आएका छन् । सरकारको नीति नियमभित्र भन्दा पनि अस्पतालले ठगी प्रवृत्तिलाई नै प्राथमिकतामा राखेर काम गरिहरेका छन् । अतः सरकारले स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधान गर्नका लागि नियमितरूपमा अनुगमन गर्ने र दोषीमाथि कडा कारबाही गर्न ढिलाइ गर्नुहुँदैन ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# पार्टी एकतामा किन ढिलाइ ?



डा. डीआर उपाध्याय

वाम गठबन्धनले चुनावपछि लगत्तै पार्टी एकताको उद्घोष गरेको थियो। खै अहिलेसम्म पार्टी एकता हुन सकिरहेको छैन। असोज १० गतेका दिन नेपालका प्रमुख वामपन्थी शक्तिहरू मिलेर वाम गठबन्धन निर्माण गरी चुनाव लडेका हुन्। जसले गर्दा वाम गठबन्धन नै मुलुकको सबैभन्दा ठूलो शक्ति बनेको छ। चुनावी तालमेल र पार्टी एकताको घोषणा गरेपछि स्वदेश तथा विदेशमा समेत चासो र चर्चाको विषय बनेको थियो। के साँच्चै कम्युनिस्ट पार्टी एउटै हुन्छ त ? किन ढिलाइ भइरहेको छ पार्टी एकता हुन ? नेपालका कम्युनिस्टहरू फुट्ने र जुट्ने खासै नौलो कुरा होइन। विगतको इतिहासदेखि टुटफुट र जुटको शृङ्खला अगाडि बढ्दै आएको छ। सन् १८९८ मा सोभियत कम्युनिस्ट पार्टीको स्थापना भयो। स्थापनाको पाँच वर्षको अन्तरालमा कम्युनिस्ट पार्टी विभाजनको सिकार बन्यो। नेपालमा पनि त्यही विभाजनको सिकार विगतमा भएकै हो। नेपाल कम्युनिस्ट पार्टी मिल्न नसक्नु नै मुलुकको लागि दुर्भाग्य भएको छ। एमाले र माओवादी केन्द्रबीच छिटो पार्टी एकता हुनुपर्छ। यो आमजनताको माग हो। एमाले र माओवादी केन्द्र वैचारिक, राजनीतिक, सांस्कृतिक, आर्थिक मुद्दामा व्यापक छलफल गरेर अघि बढ्नुपर्छ। नेपालका कम्युनिस्ट पार्टीहरू मिलेर एउटै पार्टी बननुपर्ने चाहना आमनेपाली जनताको रहेको छ। यसैले एमाले-माओवादी केन्द्रले स-साना वामघटकलाई पनि एकठाउँमा ल्याउन जुट्नुपर्छ।

नेपालमा एउटै कम्युनिस्ट केन्द्रको आवश्यकता छ। वाम गठबन्धनलाई बहुमत दिनुको कारण पनि पार्टी एकता होस् भन्ने नै हो। जनताको वाम एकताको चाहना, एकताको वस्तुगत आवश्यकता र नेताहरूको जिम्मेवार भूमिकाका कारण एमाले माओवादी केन्द्र एकठाउँमा आउन सम्भव भएको हो। नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच सैद्धान्तिक, वैचारिक र राजनीतिक मुद्दामा ठूलै मतभेद रहँदै आएको थियो तर अहिले त्यो स्थिति छैन। एमाले जनताको बहुदलीय जनवादको बाटोमा हिँडेको पार्टी हो भने माओवादी शान्तिपूर्ण राजनीतिक मूलधारमा आएपछि एक्काइसौं शताब्दीको जनवाद भन्दै हिँडेको पार्टी हो। बुहदलीय प्रतिस्पर्धालाई स्वीकार गरेपछि यी दुवै पार्टीको बाटो एउटै खालको देखिएको छ। त्यसकारणले पार्टी एकतामा खासै समस्या देखिएको छैन। अहिले एमाले र माओवादी केन्द्र दुवै आफ्ना पुराना मान्यता र दृष्टिकोण पुनः विचार गर्ने ठाउँमा दह्रोसँग उभिनुपर्छ। त्यसो भयो भने मात्रै पार्टी एकताको सार्थकता रहने देखिन्छ। पार्टी एकताको गृहकार्यमा रहेका एमाले र माओवादी केन्द्रका नेताहरू शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धाका आधारमा समाजवाद हुँदै साम्यवादसम्म पुग्ने तयारीमा लागेका छन्। तर के हुने हो, त्यो भने हेर्न बाँकी नै छ।

नेपाल अहिले पनि विपन्न देशहरूको सूचीमा छ। यो नेपाल र नेपालीका लागि दुःखको कुरा हो। त्यसैले अबको ५ वर्ष सरकार चलाउने जिम्मा नेपाली जनताले वामपन्थीहरूलाई दिएका छन्। यो ५ वर्षमा विश्वको मानचित्रमा नेपाल सम्पन्न देश हो भनेर चिनाउने सुनौलो मौका पनि हो वामपन्थीहरूका लागि।

समाजमा वर्गहरूको अस्तित्व कायम रहेसम्म भिन्नरूपमा वर्गसंघर्ष चलिरहन्छ। त्यस्तो अवस्थामा शान्तिपूर्ण प्रतिस्पर्धाकै आधारमा समाजवाद हुँदै साम्यवादसम्म पुग्न सजिलो पक्कै छैन। समाजवादको पूर्वसर्त भनेको उत्पादन पूर्वाधार, विकास र आर्थिक समृद्धि नै हो। समृद्धि र विकास समाजवादका आधारस्तम्भ हुन्। शान्तिपूर्ण चुनावको माध्यमबाट आफ्नो लक्ष्यसम्म पुग्न खोजेका यी दुई पार्टी एमाले र माओवादी केन्द्र पार्टी एकतापछि कस्तो रणनीति बनाउँछन्, त्यो नै जनताको चासो र जिज्ञासाको विषय बनेको छ। क्युबा, चीन, उत्तर कोरियाजस्ता थुप्रै मुलुकहरूले समाजवादको अभ्यास गरिरहेका छन्। विकास र समृद्धिका लागि वामएकता आवश्यकता हो। वामएकतालाई धेरै तत्वहरूले रोक्न र छेक्न खोजिरहेका छन्। विगत ७० वर्षदेखि नेपाली जनताले वामपन्थीको सरकार चाहेका छन्। सबै कम्युनिस्टहरूको एउटै कम्युनिस्ट पार्टी चाहेका छन्। विभिन्न कारणले वामपन्थीहरूमा एकता र विभाजन भइरहे, यो दुःखद पक्ष हो। नेपालका कम्युनिस्टहरू कहिल्यै मिल्न सकेनन्। व्यक्तिगत स्वार्थ र सत्तास्वार्थमा चुर्लुम्मै डुबे। त्यसरी देश र जनताको मुक्ति हुँदैन। नेपाली जनताले कम्युनिस्टहरूको भरविश्वास गरेकै कारण नेपालमा कम्युनिस्ट कार्यकर्ता धेरै छन्। नेपालमा कम्युनिस्टहरूको संख्या अरू पार्टीभन्दा बढी छ। तर कम्युनिस्टहरू मिल्न नसक्नु राष्ट्रको लागि ठूलो घाटा हो। अब पार्टी एकतालाई तीव्र बनाएर अघि बढ्नुपर्छ। यो नै अहिलेको आवश्यकता हो। वामपन्थीका बीचमा कैयौं अवस्थामा वैचारिक र सैद्धान्तिक मतभिन्नता रहे। ती मतभिन्नतालाई छलफलबाट निष्कर्षमा पुर्‍याउने काममा लाग्नुपर्छ। नेपालको कम्युनिस्ट आन्दोलन शान्तिपूर्ण प्रतिस्पर्धामार्फत जनताको मत प्राप्त गरेर बहुमत पाए सत्तामा पुग्ने र अल्पमतमा भए प्रतिपक्षको भूमिका निभाउने अवस्थामा पुगेको छ। अब नेपालका कम्युनिस्टहरू इमानदार बन्न जरुरी छ। चुनावमा जनतासामु जे प्रतिबद्धता जाहेर गरेर भोट मागेका थिए त्यही अनुसार काम गर्नुपर्छ। त्यसो गरिएन भने अर्को चुनावमा समस्या आउन सक्छ।

विगतको अनुभवलाई हेर्ने हो भने, २०५१ सालमा बनेको कम्युनिस्टको ९ महिने सरकार धेरै नै लोकप्रिय थियो। त्यसपछि बनेका कम्युनिस्ट सरकार र तिनले नेतृत्व गरेका सरकारको कुनै लोकप्रियता देखिएनन्। पहिलो पटक बनेको कम्युनिस्ट पार्टीको सरकार जसको नेतृत्व मनमोहन अधिकारीले गरेका थिए, त्यो नै कम्युनिस्ट सरकार थियो। अब बन्ने वामपन्थी सरकारले त्यही मार्गमा गएर जनताको काम अगाडि बढाउनुपर्छ। अहिले दुवै कम्युनिस्ट पार्टीले अपनाएको संसदीय प्रणाली एकैखालको छ, कुनै भिन्नता छैन। त्यस कारण यी दुवै पार्टीका बीचमा एकता हुनु अनिवार्य छ। नेकपा एमाले र माओवादी केन्द्रका बीचमा एकताका आधारहरू बलियो बनाउनुपर्छ। अहिले पनि यी दुई ठूला कम्युनिस्ट पार्टी एमाले र माओवादी केन्द्रसामु धेरै ठूला समस्या र चुनौती छन्। ती सबै खाले चुनौतीलाई सामना गरेर यी दुई दल एउटै पार्टी बनेर अगाडि बढ्नुपर्ने आवश्यकता देखिएको छ। नेपाली जनताको भरोसा र आशा नै अहिले कम्युनिस्ट पार्टी र तिनका नेताहरूसँग छ। त्यही आशा र भरोसाका कारण जनताले नेपालका वामपन्थीहरूलाई सत्तामा बसेर देश र जनताको भाग्य एवं भविष्य निर्माण गर्न म्यान्डेट दिएका हुन्। देशको भाग्य र भविष्य निर्माण गर्ने सवालमा कम्युनिस्ट पार्टीका नेताहरूले यी कुरामा विशेष ध्यान दिनुपर्छ। जनताका चाहना र भरोसाअनुसार लोकप्रिय काम गर्नुपर्छ।

विश्वको तुलनामा हामी धेरै पछाडि छौं। नेपाल अहिले पनि विपन्न देशहरूको सूचीमा छ। यो नेपाल र नेपालीका लागि दुःखको कुरा हो। त्यसैले अबको ५ वर्ष सरकार चलाउने जिम्मा नेपाली जनताले वामपन्थीहरूलाई दिएका छन्। यो ५ वर्षमा विश्वको मानचित्रमा नेपाल सम्पन्न देश हो भनेर चिनाउने सुनौलो मौका पनि हो वामपन्थीहरूका लागि। हाम्रो देश स्रोत-साधनले सम्पन्न देश हो, तर गरिब छ। यो देशलाई बनाउन इच्छाशक्ति चाहिन्छ, अनि मात्र देश बन्नेछ। सगरमाथा अवस्थित भएको मुलुक हो भनी संसारले चिनेको छ। प्रशस्त मात्रामा स्रोत-साधन हुँदाहुँदै पनि शासकहरूले यो देश बनाउन नसकेकै हुन्। अब देश चिनाउने गरी वाम गठबन्धन सरकारले काम गर्नुपर्छ। योजना र लक्ष्यसहित काम गरेर देखाउने बाटोतर्फ वाम गठबन्धन सरकार लाग्नुपर्छ। अब ५ वर्षसम्म स्थिर सरकार चलाएर मुलुकको विकास गर्न कम्युनिस्ट सरकारले सकेन भने जनताले विकल्पको रूपमा अर्को पार्टी रोज्न बाध्य हुनेछन् जनता। अबको नेपाली वाम आन्दोलन एकदलीय कम्युनिस्ट शासनबाट मात्र अघि बढ्न सक्दैन। त्यो कुरा पुष्पकमल दाहालले पनि राम्रोसँग बुझिसक्नुभएको छ। त्यसैले अब वामएकताको विकल्प छैन। तर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि बहुदलीय जनवादलाई पूर्णरूपमा स्वीकार गरेको अवस्था हो कि होइन ? त्यो कुरा प्रस्ट हुनुपर्छ। माओवादी केन्द्रले एकाइसौं शताब्दीको जनवाद मान्दछ। वास्तवमा जनताको बहुदलीय जनवाद र एकाइसौं शताब्दीको जनवाद एउटै हो। कोही भ्रममा नपरे हुन्छ। पार्टी एकतापछि सबै प्रकारका व्यक्ति विचार र प्रवृत्तिहरूलाई समेट्ने काम गर्नुपर्छ। पार्टीका नेता-कार्यकर्ताको योग्यता, क्षमताका आधारमा काम दिने वातावरण निर्माण गर्नुपर्छ। पार्टी एकतापछि हुने महाधिवेशनसम्म पुग्दा दुवै पार्टीका नेतृत्वपंक्तिले आफ्ना कार्यकर्तालाई विगत र वर्तमानका कैयौं विषयमा प्रस्ट पार्नुपर्छ। दुवै पार्टीले विगतका कमी-कमजोरी सच्याउने बाटोतर्फ अघि बढ्नुपर्छ। दुवै पार्टी एकता हुँदा भावनात्मक एकता हुनुपर्छ। गुट-उपगुटको अन्त्य गर्दै सिंगो कम्युनिस्ट पार्टीलाई एउटै कम्युनिस्ट पार्टी बनाउने अभियानमा पुष्पकमल दाहाल, केपी ओली, झलनाथ खनाल, माधव नेपाल, वामदेव गौतम, मोहनविक्रम सिंह, मोहन वैद्यलगायतका शीर्षनेताहरू लाग्नुपर्छ। अनि मात्र कम्युनिस्ट शासन लामो समयसम्म टिक्न सक्छ र कम्युनिस्ट शासनले गर्न खोजेको लक्ष्य प्राप्त हुन्छ। लक्ष्य प्राप्तिका लागि पनि पार्टी एकतामा ढिलाइ गर्नुहुँदैन।

## पाठक पत्र

### अदुवा निकासीमा पहल गरियोस्

पूर्वी पहाडको महत्वपूर्ण आम्दानीको स्रोत मनिएको अद्वाको निकसी रोकिएको छ। अदुवाको माउ निकाल्ने र बेच्ने बेला निकासी रोकिँदा किसान र व्यापारीहरू अहिले आर्थिक समस्यामा परेका छन्। विगतका वर्षहरूमा भन्दा यो वर्ष अदुवा खेतीमा क्षेत्रफल र उत्पादन झन्डै दोब्बरले बढेको भए पनि मूल्य नबढेपछि किसानहरू अदुवा खेतीतर्फ निरास भएका छन्। अदुवा किसानका मागलाई सरकारले सम्बोधन गर्न नचाहेका कारण उक्त खेतीतर्फ आफूहरू निरास हुनुपरेको उनीहरूको भनाइ छ। यसरी सरकारले कुनै पहल वा सम्बोधन नगर्नु तथा बर्सेनि अदुवाको मूल्य र बजारीकरणमा समस्या देखिनजस्ता कारणले पनि किसानहरू निरास भएका हुन्। नेपालमा उत्पादन भएको अदुवाको मुख्य बजार भारतलाई मनिएको छ। भारतले नै तीन सातादेखि अदुवा निकासीमा रोक लगाएपछि किसान र व्यवसायीहरू चिन्तित बनेका छन्। उनीहरूले वाणिज्य मन्त्रालयसमेतले आफूहरूको समस्यामा गम्भीर नभएको गुनासो गरेका छन्।

अहिले किसान तथा व्यवसायीको करोडौं रुपियाँ बालुवामा पानी बराबर भएको छ। यो बेला किसानले बारीमै अदुवा कुहाउनुपरेको छ। यसरी कुहाउनु भनेको देशलाई ठूलो नोक्सानी हुनु हो। देशलाई आर्थिक संकट पर्नु, किसानहरूको नोक्सानी हुनु भनेको हामी सबै नेपालीको नोक्सानी हुनु हो। त्यसैले सम्बन्धित निकायले कृषकको आवाजलाई सुनिदिनुपर्छ। किसानले निकासीका लागि सहयोग माग्ने भनेको सरकारसँगै हो। सम्बन्धित निकायसँगै हो। सरकार तथा सम्बन्धित निकायले नै चासो नदिएपछि कृषकहरूको केही पनि लाग्दैन। त्यसैले सरकार तथा सम्बन्धित निकायले पनि पहल गरिदिनुपर्‍यो।

पछिल्लो समयमा अदुवा निकासी रोकिएपछि इलाम, पाँचथार, ताप्लेजुङ, तेह्रथुम, धनकुटा, उदयपुर, नवलपरासी, पाल्पा लगाएत नेपालका २० जिल्लाका किसान र व्यवसायीहरू प्रभावित भएका छन्। लाखौं रुपियाँ ऋण गरेर अदुवाको बीउ रोपेका किसानहरू अहिले निकासीमा आएको अवरोधले गर्दा ऋणमै डुब्ने अवस्थामा पुगेका छन्। यसरी कृषकहरू उल्टै ऋणमै डुब्दै गए भने हाम्रो देश नेपाल कृषिक्षेत्रमा आत्मनिर्भर कहिले हुन्छ ? यसमा राज्यले गम्भीररूपमा सोच्नुपर्ने अवस्था आएको छ। अहिले नेपाली ताजा अदुवाको निर्यात तीन सातायता रोकिएको छ भने भारतीय भन्सारका कर्मचारीले 'नेपाली अदुवा नलिन माथिको आदेश छ' भन्दै अनुमति नदिएपछि निकासी रोकिएको हो भन्ने समाचार विभिन्न सञ्चारमाध्यमले प्रकाशन गरेका छन्।

दुई सातासम्म अवरोध नखुलेपछि गत सोमबार व्यवसायीले पाँच दर्जन ट्रकको अदुवा झापाको काँकडभिट्टास्थित मेची भन्सार कार्यालयबाट फर्काएका खबरहरू पनि आएका छन्। यसरी समाचारहरू आइरहँदा वाणिज्य मन्त्रालयले भने नेपाली अदुवा निकासीका लागि पहल गर्न भारतीय दूतावासमार्फत पहल भइरहेको जनाएको छ। सोही मन्त्रालयका प्रवक्ता रविशंकर सैजुले दूतावासबाट अहिलेसम्म कुनै जानकारी आफूहरूलाई नआएको जनाउनुभएको छ। यसरी किसानले आफ्नो प्रमुख नगदेबालीको रूपमा खेती गरेर उब्जाएको अदुवा बिक्री गरेर वर्षभरिको आफ्नो घरखर्च टार्ने सपना सपनामै सीमित हुने अवस्था सिर्जना भएको छ। किसानका ती सपनालाई मर्न दिनुहुँदैन। किसानले देखेका सपनालाई साकार पार्न मूर्तरूप दिनु, पहलकदमी चाल्नु सम्बन्धित निकायको कर्तव्य हो। यो कर्तव्यबाट सरकार पन्छिन नखोजोस्। सरकारले छिटोभन्दा छिटो निकासीमा पहल गरिदेओस्।

*- तुलसी न्यौपाने, ओखलढंगा*
*हाल : नरदेवी, काठमाडौं*

### शहीदको सम्मान गर्नुपर्छ

अहिले मुलुक शहीद सप्ताह मनाउँदै छ। यसै क्रममा जाँदाजाँदैको अवस्थामा रहेको देउवा सरकारले माघ ११ गते ५६ जना विभिन्न घटनामा मारिएका व्यक्तिहरूलाई शहीद घोषणा गरेको छ। यो सरकारले बितेको आठ महिनामा २ सय ६६ जनालाई शहीद घोषणा गरेको गृह मन्त्रालय स्रोतबाट जानकारी प्राप्त भएको छ। माघ ११ मा शहीद घोषणा भएका ५६ जनामा चितवनको बाँदरमुढे घटनामा माओवादी विद्रोहीको आक्रमणमा सार्वजनिक बसमा यात्रा गर्दै गरेकामध्ये ३८ जनाको निधन भएको थियो। २०६२ सालमा घटेको उक्त दुर्घटनामा परेका निर्दोष नागरिकले १२ वर्षपछि शहीदको सम्मान पाएका हुन्।

उक्त घटनापछि शान्ति सम्झौता सम्पन्न भएर माओवादीले दुईपटक सरकारको नेतृत्व गर्ने अवसर पायो। तर बाँदरमुढे घटनामा निधन भएका र घाइते भएका व्यक्तिहरूप्रति उल्लेखनीय राहत केही पनि दिन सकेन। बाँदरमुढे घटनालाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले उक्त घटनालाई माओवादी जनयुद्धकालकै सबभन्दा ठूलो दुर्घटना भन्दै त्यति बेला नै माफी मागेका थिए। तर पीडित व्यक्तिहरूले भने राज्यपक्षबाट न्याय र राहतको प्रतीक्षामा १२ वर्ष बिताएका छन्। उक्त घटनामा मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई क्षतिपूर्ति र रोजगारीको व्यवस्था गरिनु अत्यन्त आवश्यक देखिन्छ। अहिले राज्यले गरेको यो सम्मान प्रशंसनीय हुँदाहुँदै पनि यो आफैँमा पूर्ण नभएको र पीडित पक्षलाई अनुभूति हुनसक्ने गरी राहतको प्याकेज दिनु अत्यावश्यक देखिन्छ।

बाँदरमुढे घटना त्यति बेलादेखि नै अहिलेसम्मकै ठूलो दुर्घटना हो र यसमा निधन भएका व्यक्तिहरूलाई शहीदको सम्मान दिनु न्यायसंगत देखिन्छ। तर, यी बाहेक शहीद घोषणा गरिएका व्यक्तिहरूलाई के-कति कारणले शहीद बताइएको हो भन्ने पक्षमा सरकारले स्पष्ट जानकारी सार्वजनिक गर्न सकेको छैन। कुनै मापदण्डविना जथाभावी शहीद घोषणा गरिँदा शहीद शब्दकै अपमान भएको हामीले महसुस गरेका छौं। कुनै राजनीतिक दल र समूहविशेषलाई खुशी पार्न यसरी सस्तो शैलीमा शहीद घोषणा गर्दा सगरमाथाभन्दा पनि अग्ला हाम्रा शहीदहरूप्रति अपमान हुनसक्नेतर्फ पनि सरकारको ध्यान जानु अति जरुरी भएको हामी ठान्दछौं। देशमा प्रजातन्त्र ल्याउन आफ्नो जीवन उत्सर्ग गरेका शहीदहरू गंगालाल, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र दशरथ चन्दजस्ता नेपाल आमाका सपूतहरूप्रति हामीले यो अवसरमा हार्दिक नमन गर्नु आफ्नो कर्तव्य ठान्दछौं।

*- सुरज वैद्य, चितवन*

## सामाजिक सञ्जाल



एकजना श्रदेय नेताले ब्ल्याक मनीलाई ह्वाइट मनीमा स्थान्तरण गर्ने अवसर दिने कुरा गर्नुभएछ। उहाँलाई कालोधनप्रतिको मोहको आरोप लगाउन चाहन्न तर कालाबजारियाहरूको गीतको तालमा उहाँ निर्वस्त्र नाचेको हेर्न चाहन्न।

**Dhan Raj Gurung**
**@dhanrgrg**



संघीयता एक आयुर्वेदिक औषधिजस्तै हो। थाहा छैन, यसले फाइदा गर्छ वा नोक्सान। तर सबैलाई आशा छ यो कि यसले फाइदा गर्छ।

**माइक बुढाथोकी**
**@tb_bth2**



शहीद शब्दको अपमान यो देशमा जति अरू कतै भएको होला र ?

**समीरमणि दीक्षित**
**@smadixit**

{ बिरामीलाई सहज तरिकाले सेवा प्रवाह गर्ने उद्देश्यले अस्पताल परिसरमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको हो। शिविरमा ८ सय ७२ जनाले सेवा लिएका थिए। शिविरमा निःशुल्क स्वास्थ्य जाँचसमेत गरिएको थियो।

# नेपाल

## सगरमाथाको विश्व रेकर्ड
# लाक्पागेलुको नाममा

**नेपाल समाचारपत्र**

काठमाडौं

सर्वोच्च अदालतले सबैभन्दा कम समयमा सगरमाथा आरोहण गरेको दाबी गर्ने पेम्बादोर्जी शेर्पाको विश्व रेकर्ड खारेज गरी लाक्पा गेलु शेर्पाको रेकर्डलाई कायम गरेको छ।

न्यायाधीशद्वय चोलेन्द्रशमशेर जवरा र डम्बरबहादुर शाहीको संयुक्त इजलासले मंगलबार पेम्बादोर्जी शेर्पाको दाबी झुटो ठहर गर्दै लाक्पा गेलुको विश्व रेकर्डलाई कायम गरेको हो।

पर्वतारोहणसम्बन्धी नियमावली २०५९ को नियम ३०, अनुसूची ११ बमोजिम सम्पर्क अधिकृतले पेस गर्ने प्रतिवेदनमा पर्वतारोहीले यात्रा गरेको महत्त्वपूर्ण फोटो, पर्वतारोही दलका सदस्यसमेत उपस्थित भएको आधार शिविरको फोटो, पर्वतारोही दलको नेताको प्रतिवेदन अनिवार्य प्रमाण पेस गर्नुपर्नेमा पेम्बाले सो समयमा सगरमाथा आरोहण गरेको कुनै पनि आधिकारिक प्रमाण पेस नगरेका कारण उनको विश्व रेकर्ड सर्वोच्चले खारेज गरेको हो।

१ जेठ २०६० मा पेम्बादोर्जी शेर्पाले १२ घन्टा ४५ मिनेटमा सगरमाथा आरोहण गरेर विश्व कीर्तिमान बनाएका थिए। तर, तीन दिन नबित्दै लाक्पा गेलु शेर्पाले १० घन्टा ५६ मिनेटमा सगरमाथा आरोहण गरेर तत्कालै नयाँ कीर्तिमान बनाएका थिए। आफूले कीर्तिमान बनाएर काठमाडौंमा सम्मानित हुन पाउँदा-नपाउँदै नयाँ कीर्तिमान बनाएको खबरपछि उनले नेपाल पर्यटन बोर्डमा उजुरी हालेका थिए।

२०६१ जेठ २१ गते पेम्बादोर्जी शेर्पाले ८ घन्टा १० मिनेटमा आरोहण गरेर आफ्नै कीर्तिमानी बनाएको दाबी पेस गरेका थिए। सो दाबीविरुद्ध लाक्पागेलु शेर्पाले आफ्नो वारेस खोजिन्द्रप्रसाद घिमिरेमार्फत् प्रमाण नपुगेको र सो समयमा कोही पनि सगरमाथा आरोहण नगरेको तथा सो दिन नेपाल र तिब्बत दुवै तर्फबाट कसैले पनि सगरमाथामा पाइला नराखेको दाबीसहित आफूले पहिला कायम गरेको १० घण्टा ५६ मिनेट नै विश्व रेकर्ड भएको उल्लेख गरी तत्कालीन पुनरावेदन अदालतमा मुद्दा दायर गरेका थिए।

लाक्पागेलु शेर्पाले पर्वतारोहण नियमावलीअनुसार सबै प्रमाण जुटाएर मुद्दा दायर गरेपछि पेम्बादोर्जी शेर्पाले प्रमाण जुटाउन नसकेको सो मुद्दाका बहसकर्ता वरिष्ठ अधिवक्ता हरिशंकर निरौलाले बताए।

उनका अनुसार पेम्बा दोर्जी शेर्पा कसैले पनि नदेख्ने गरी सगरमाथा पुगेको तथा ५ हजार ३ मिटरमाथि उचाइमा रहेका आधार शिविरबाट एक्लै हिँडेर गएको दाबी नै झुटो रहेको ठहर भएको छ। अदालतमा निवेदन दिनुअघि लाक्पा गेलुले पर्यटन मन्त्रालयमा उजुरी गरेका थिए तर सो उजुरी सुनुवाइ भएको थिएन। अदालतको फैसलापछि आफूलाई न्याय मिलेको बताउँदै सत्यको विजय भएको उनले बताए। 'अदालतबाट आफूलाई न्याय मिलेको छ अरू कसैलाई पनि यस्तो अन्याय नहोस्' -उनले भने।

सर्वोच्च अदालतले प्राप्त प्रमाणलाई आधार मान्दै २१ मे २००४ मा सगरमाथामा मौसम ज्यादै खराब भएकाले कुनै पनि पर्वतारोही शिखरमा नपुगेको उल्लेख गरेको छ। वरिष्ठ अधिवक्ता निरौलाका अनुसार पर्वतारोहणसम्बन्धी अभिलेख राख्ने संस्था 'द माउन्टेरिङ एसोसिएसन अफ अटोनोमोस रिजन' तथा नेपालमा बसेर पर्वतारोहणसम्बन्धी अध्ययन गर्ने अर्को बेलायती संस्था 'एलिजावेथ हली'ले दिएको प्रमाणका आधारमा पनि पेम्बादोर्जीले दाबी गरेको दिन २१ मे २००४ मा कोही पनि सगरमाथाको शिखरमा पुगेका थिएनन्। तर, उनले पर्यटन मन्त्रालयको पर्यटन महाशाखामा भने आफू सोही दिन ८ घण्टा १० मिनेटमा सगरमाथा आरोहण गरेको दाबी गरेका थिए।

उनको दाबीलाई महाशाखाले सदर गरेपछि आरोही लाक्पागेलु शेर्पा र कानुन व्यवसायी खोजिन्द्रप्रसाद घिमिरेले सो दाबीविरुद्ध रिट हालेका थिए। घिमिरेका अनुसार सञ्चार सम्पर्कबाहेक पर्वतारोहणसम्बन्धी नियमावलीमा उल्लेख भएबमोजिम तस्वीरलगायत कुनै पनि प्रमाण पेम्बादोर्जीले पेस गर्न सकेका थिएनन्। २१ मेमा पेम्बाको साथमा उनी एक्लै थिए वा उनीसँग अन्य आरोही पनि थिए भन्ने दाबी पनि पेस गर्न सकेका थिएनन्।

## शहीद दिवसका अवसरमा निबन्ध प्रतियोगिता

काठमाडौं, (नेस)

शहीद सप्ताहको अवसरमा महानगरको शिक्षा विभागबाट आयोजना गरिएका 'नेपालको प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनमा शहीदको योगदान' विषयक निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने संस्थागत र सामुदायिक दुवै विद्यालयतर्फका विद्यार्थीलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको छ

पुरस्कार र प्रमाणपत्र प्रदान गर्नु हुँदै महानगरका प्रमुख एवं शहीद सप्ताह मूल समारोह समितिका संयोजक विद्यासुन्दर शाक्यले शहीदको योगदान सबैले महसुस गर्नु पर्ने बताउँदै, विद्यार्थीले महसुस गरेको ज्ञानको दिगो प्रभाव रहने धारणा राख्नुभयो। यसपटक पहिलो वर्ष भएकोले पर्याप्त विद्यालय सहभागी हुन नपाएका हुन सक्छन्, अर्को वर्षदेखि यसलाई थप व्यापक बनाइने प्रमुख शाक्यले प्रतिबद्धता जनाउनुभयो।

राष्ट्र, राष्ट्रियता, स्वाधीनता तथा स्वतन्त्रताका लागि ज्यान उत्सर्ग गर्ने शहीदहरूप्रति आदरभाव जागृत गराउन शहीद सप्ताह कार्यक्रममा विद्यालयस्तरीय निबन्ध प्रतियोगिता आयोजना गरिएको थियो। कार्यक्रममा महानगर क्षेत्रका २ सय १७ विद्यालयका विद्यार्थीले प्रतिस्पर्धा गरेका थिए। प्रतिस्पर्धाका विषयमा जानकारी दिँदै महानगरका शिक्षा अधिकारी प्रह्लाद अर्यालले स्थानीय सरकारले आधारभूत तथा माध्यमिक तहको शिक्षा व्यवस्थापन गर्न थालिसकेपछि प्रयोगात्मक शिक्षामा बल मिलेको धारणा राख्नुभयो।

प्रतियोगितामा सामुदायिक विद्यालयतर्फ वेद विद्याश्रम माध्यमिक विद्यालयका ऋषभ तिमिल्सिना प्रथम, महाकाल माविकी प्रमिशा श्रेष्ठ द्वितीय, कन्या मन्दिर माविकी जया पाण्डे तृतीय र रत्नराज्य माविकी गोमा थापा मगरले सान्त्वना स्थान प्राप्त गर्नुभयो। संस्थागततर्फ नियाक माविकी सुरेशा श्रेष्ठ, गोल्डेन पिक स्कुलकका दर्पण राई, भ्याली भ्यु स्कुलका शाश्वत सेढाइ नसनल मोडेल स्कुलका विष्णु थापा क्रमश प्रथम, द्वितीय, तृतीय र सान्त्वाना स्थानमा विजयी भए।

## चार वाम आउन खोज्दैछन् एकै ठाम

**प्रशान्त वली, काठमाडौं**

मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी) माओवादी, नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, राष्ट्रिय जनमोर्चा र ऋषि कट्टेल नेतृत्वको कम्युनिस्ट पार्टीले एकता प्रयास थालेका छन्।

नेकपा (क्रान्तिकारी) माओवादीका प्रवक्ता हरिभक्त कँडेलले आफ्नो र चन्द माओवादी पार्टीका शीर्षस्थ नेताबीच एकताबारे घनिभूतरूपमा छलफल चलिरहेको प्रष्ट पार्नुभयो।

छलफल सकारात्मकरूपमा अघि बढाउँदै उहाँले भन्नुभयो- 'दुवै पक्षका बीचमा विचार, कार्यदिशा, संगठनलगायतका विषयमा आधारभूतरूपमा साझा विषय मिल्न सकेमा केही दिनमै एकता हुन्छ।'

पुनः नफुट्ने गरी एकताको तयारी भइहेको जानकारी दिँदै प्रवक्ता कँडेलले तर्क गर्नुभयो- 'परिवर्तनलाई आत्मसाथ गर्दै क्रान्तिकारी कम्युनिस्टहरूलाई एकीकृत गरी जनवादी क्रान्तिको लक्ष्य पूरा गर्न एकताको विकल्प छैन।

चन्द माओवादीका प्रवक्ता खड्गबहादुर विश्वकर्माले एकता प्रक्रियालाई मूर्त रूप दिने गरी गृहकार्य थालिएको बताउँदै भन्नुभयो- 'क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन क्रान्तिकारी कम्युनिस्टहरू ध्रुवीकृत र एकीकृत हुन जरुरी छ।'

राष्ट्रिय जनमोर्चाले पनि विचार, सिद्धान्त र व्यवहार मिल्ने शक्तिसँग एकता गर्न जरुरी रहेको महसुस गरेको छ। पार्टीका प्रवक्ता भरत भण्डारीले एकताबारे शीर्ष नेताबीच छलफल चलिरहेको स्वीकार्नुभयो।

'देश र जनतालाई केन्द्रविन्दुमा राखेर एकता हुनुपर्ने बताउँदै उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'नीति-कार्यक्रम, तत्कालीन कार्यनीतिमा साझा धारणा बनेपछि एकता गर्नैपर्छ। हतारिएर र आत्तिएर मात्रै पनि हुँदैन।'

यी चार पार्टीबीच वैचारिक, राजनैतिक एवं संगठनात्मक ढाँचा, र कार्यदिशालगायतका विषयमा छलफल भइरहेको बुझिएको छ। उनीहरूले राष्ट्रियता, जनजीविका, सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा परिवर्तनको लागि सहकार्य गर्नुपर्ने आवश्यकता बोध भएको पनि बताएका छन्।

## निःशुल्क स्वास्थ्य परीक्षण

**नेपाल समाचारपत्र**

काठमाडौं

शहीद दिवसको अवसरमा काठमाडौंको कलंकीस्थित शहीद मेमोरियल अस्पतालले एक दिने निःशुल्क स्वास्थ्य परीक्षण सेवा सम्पन्न गरेको छ।

बिरामीलाई सहज तरिकाले सेवा प्रवाह गर्ने उद्देश्यले अस्पताल परिसरमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको हो। शिविरमा ८ सय ७२ जनाले सेवा लिएका थिए। शिविरमा निःशुल्क स्वास्थ्य जाँचसमेत गरिएको थियो।



सो अवसरमा नाक कान घाँटी, गाइनो नसालगायतको स्वास्थ्य परीक्षण गरिएको थियो। शिशिरमा १ सय ७० जनाले सेवा प्रवाह गरेको अस्पतालका मेडिकल एन्ड म्यानेजिङ डाइरेक्टर डा. दीपक श्रेष्ठले जानकारी दिनुभयो।

२४सैं घण्टा खुल्ला रहने सो अस्पतालले निकट भविष्यमै गरिब परिवारलाई निःशुल्क उपचार सेवा प्रवाह गर्ने लक्ष्य राखेको छ। १ सय बेडमा सेवा प्रवाह गर्दै आएको अस्पतालले प्रत्येक वर्ष शहीद दिवसको अवसर पारेर बिरामीहरूका लागि निःशुल्क स्वास्थ्य चेकजाँच गर्दै आएको छ। शिविरमा मकवानपुर, धादिङ, नुवाकोटलगायतका विभिन्न जिल्लाका बिरामी चेकजाँचका लागि आएको डा. श्रेष्ठले जानकारी दिनुभयो।

## राप्रपाले शहीदलाई सम्झियो

**नेपाल समाचारपत्र**

काठमाडौं

राप्रपाले राष्ट्रियता, प्रजातन्त्र र जनताको अधिकारका लागि प्राणको बलिदान गर्ने शहीदरूको सम्मानमा श्रद्धाञ्जली कार्यक्रम गरेको छ।

राप्रपा अध्यक्ष कमल थापाले शहीदहरूको बलिदानबाट नेपाली जनताले प्रजातन्त्रको सुनौलो बिहानी देख्ने अवसर प्राप्त भएको उल्लेख गर्नुभयो। अध्यक्ष थापाले प्रजातन्त्रको स्थापना भएको ६७ वर्षसम्म स्थायी राजनीतिक प्रणाली स्थापना गर्न नसकिएकोमा दुःख व्यक्त गर्दै ०७२ सालमा संविधान जारी भएपश्चात् पनि राजनीतिक स्थिरता र आर्थिक समृद्धिको जनचाहना पूरा हुनेमा आशंका व्यक्त गर्नुभयो।

नयाँ जनादेशअनुसार अब केही दिनमा नयाँ सरकार बन्दैछ तर राजनीतिक स्थिरता, आर्थिक समृद्धि र विकासको मुद्दामा साझा दृष्टिकोण नबनेकाले जनताको चाहना अधुरै रहनेमा उहाँले आशंका व्यक्त गर्नुभएको हो।

उही पात्र, उही दल र उही चरित्र कायम रहेसम्म जनचाहना कुठाराघात भइरहने पनि उहाँले दाहोऱ्याउनुभएको छ।

शहीद दिवसको अवसरमा शहीदहरूको त्याग र बलिदान सम्झेर पार्टीभन्दा माथि उठेर एकताबद्ध हुन उहाँले सबै राजनीतिक दल र नेताहरूलाई आग्रहसमेत गर्नुभएको छ।

कार्यक्रमलाई पार्टीका उपाध्यक्ष बुद्धिमान तामाङ, महामन्त्री जयन्त चन्दले समेत सम्बोधन गर्नुभएको थियो।

सो कार्यक्रममा शहीदहरू गंगालाल श्रेष्ठ, दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमालगायत राष्ट्रियता, प्रजातन्त्र र हिन्दुत्वको रक्षार्थ प्राण आहुती दिने करिब १ सय जना राप्रपाका नेता तथा कार्यकर्ताको स्मरण गरिएको थियो।

## भक्तपुरमा शहीदको सम्झना

भक्तपुर, (नेस)

शहीद दिवसको अवसरमा समाजवाद अध्ययन केन्द्र चाँगुनारायणले भक्तपुर अस्पताल र क्यान्सर अस्पताललाई ह्वील चियर प्रदान गरेको छ। समाजका प्रमुख दुर्गा फुँयालले भक्तपुर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रेम खड्का र क्यान्सर अस्पतालका प्रशासन प्रमुख राजाराम तजलेलाई ह्वील चियर प्रदान गर्नुभएको हो।

उहाँले शहीद दिवसको अवसर पारेर भक्तपुर अस्पताललाई दुई वटा र क्यान्सर अस्पताललाई दुई वटा ह्वील चियर प्रदान गरेको बताउनुभयो।

## आफ्नै साथीको हत्या गर्ने पक्राउ

काठमाडौं, (नेस)

सेक्युरिटी गार्डलाई कर्तव्य गरी मारेको अभियोगमा राजधानी स्वीटमा मिठाइ बनाउने कुक, मछिन्द्र क्लवबाट सेक्युरिटी गार्डको काम गर्ने मकवानपुरको थाहा नगरपालिका-९ का राजन थापा क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-२५ मछिन्द्र वहालमा इस्टुवेट सेक्युरीटी कम्पनीमा गार्डको काम गर्ने दोलखा शैलुङ गाउँपालिका-४ का तुलबहादुर तामाङ सोमबार घाइते अवस्थामा फेला परेको र उपचारको लागि राष्ट्रिय ट्रमा सेन्टर वीर अस्पतालतर्फ लैजाने क्रममा उनको मृत्यु भएको सूचना पाएपछि महानगरीय अपराध महाशाखा टेकु र महानगरीय प्रहरी वृत्त जनसेवा समेतको संयुक्त टोलीले अनुसन्धान गर्दै जाँदा घटनामा राजनको संलग्नता देखिएपछि उनलाई पक्राउ गरेको हो।

मछिन्द्रबहाल चोकमा सेक्यूरिटी गार्डका रूपमा काम गर्दै जाने क्रममा ड्युटीको विषयलाई लिएर दुवै जनाबीच वादविवाद हुँदै आएकोमा आइतबार राति राजनले तुलबहादुरलाई आफू ड्युटी गर्न आउन नसक्ने भनी जानकारी गराउन जाँदा झगडा भई रिसइबीको कारण इँटाले टाउकोमा पटक-पटक प्रहार गरी भागेको अनुसन्धानको क्रममा खुल्न आएको छ।


सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : परिवार, इष्टमित्रमा विवाद, निरर्थक दौडधुप, लखतरान भइने।
**वृष** : पैसा प्राप्ति, जागिर, पढाइ, व्यापारमा सफलता, सम्मान बढ्ने।
**मिथुन** : धनलाभ, सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता।
**कर्कट** : उपहारादि वस्तु प्राप्ति, आफ्नो बोली बिक्ने, कार्य सफल हुने।
**सिंह** : साथीभाइसँग विवाद, धनहानि, दुर्घटनाको सम्भावना।
**कन्या** : साथीभाइबाट सहयोग, पारिवारिक सुख, मिष्ठान्न भोजन प्राप्ति।
**तुला** : कोसेली-उपहारादि वस्तु प्राप्ति, कामकाज सफल, स्फूर्ति जाग्ने।
**वृश्चिक** : प्रतिष्ठा वृद्धि, राज्यबाट लाभ, पढाइ वा परीक्षामा सफलता।
**धनु** : रोगको भय, काममा बाधा, आर्थिक नोक्सानी, शारीरिक कष्ट।
**मकर** : धनलाभ, मान-सम्मान, समस्याको समाधान, बाहन-सुख हुने।
**कुम्भ** : आर्थिक लाभ हुने, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल हुने।
**मीन** : काममा सफलता, स्वस्थताको महसुस, आम्दानीको सम्भावना।

# नेपाल

भीमबहादुरको घरमा काटिएको खसीको मासु किन्न त्यहाँ पुग्दा उनीहरू बसेको गुन्द्री छोइएको भन्दै आफूमाथि कुटपिट भएको पीडित पहल विकले बताएका छन्। कुटपिटका क्रममा पहलको दाहिने आँखामा चोट लागेको छ। जिउभर लात्ती र मुक्काले चोट लागेको भन्दै पीडितले प्रहरीमा उजुरी दिएका छन्।

## अनिश्चित्‌कालीन तालाबन्दी

दैलेख, (नेस)

दुई दशकदेखि दैलेख सदरमुकाममा सञ्चालनमा रहेको नारायण क्याम्पस रामपुरमा अनिश्चितकालीन तालाबन्दी गरिएको छ। स्वतन्त्र विद्यार्थी युनियनले विभिन्न १० बुँदे माग राख्दै क्याम्पसमा तालाबन्दी गरेको हो। स्ववियु पदाधिकारीले सोमबार क्याम्पसमा तालाबन्दी गरेका हुन्।

यसअघि स्ववियु कमिटीले पटक-पटक मौखिकरूपमा विभिन्न माग राख्दासमेत क्याम्पस प्रशासनले आफ्ना माग सम्बोधन नगरेको भन्दै क्याम्पसमा तालाबन्दी गर्न बाध्य भएको नारायण क्याम्पस स्ववियु सभापति रेखा थापाले जानकारी दिनुभएको छ। क्याम्पसमा तालाबन्दीपछि जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ- 'यसअघि पनि पटक-पटक क्याम्पस प्रशासनलाई ज्ञापन पत्रमार्फत् माग राख्दासमेत क्याम्पस प्रशासनले बेवास्ता गरेकाले स्ववियु कमिटीले आन्दोलन स्वरूप क्याम्पसमा तालाबन्दी गर्न बाध्य भएको हो।'

स्ववियुले क्याम्पसमा वृद्धि गरिएको परीक्षा शुल्क ५० प्रतिशत घटाउनुपर्ने माग राखेको छ। यस्तै क्याम्पसबाट प्रकाशित गर्नुपर्ने वार्षिक छात्रवृति नियमित प्रकाशित गर्नुपर्ने तथा त्यसलाई बढाएर १५ प्रतिशत पुऱ्याउनुपर्ने माग राखिएको स्ववियु सचिव प्रकाश शर्माले जानकारी दिए। क्याम्पस प्रशासनले २०६८ देखि स्ववियु शुल्क भनी विद्यार्थीबाट उठाएको रकम स्ववियुको खातामा जम्मा गर्नुपर्ने, क्याम्पसको पुस्तकालयमा नयाँ पाठ्यक्रमअनुसारको पुस्तक व्यवस्था गरिनुपर्ने, पुस्तक वितरणका लागि एक निश्चित मापदण्ड बनाई क्याम्पसका अध्ययनरत दलित जनजाति, अपांग तथा निम्न वर्गका विद्यार्थीलाई थप ५० प्रतिशत पुस्तक उपलब्ध गराउनुपर्ने माग राखिएको छ।

क्याम्पस प्रशासनसँग पटक-पटक मौखिक र लिखितरूपमा राखिएको माग सम्बोधन नभएपछि क्याम्पसमा तालाबन्दी गरिएको बताउँदै आफ्ना माग पूरा नभएसम्म क्याम्समा लगाएको ताला नखोलिने स्ववियु सभापति रेखा थापाले बताइन्। क्याम्पसमा तालाबन्दीपछि क्याम्पसको पढाइ प्रभावित भएको छ।

## खोटाङका अग्निपीडितलाई साउदीबाट सहयोग

खोटाङ, (नेस)

आगलागीमा परी बिचल्लीमा परेका खोटाङको हलेसी तुवाचुङ नगरपालिका-८ धितुङका मित्रमान राईको परिवारलाई साउदी अरबबाट आर्थिक सहयोग प्राप्त भएको छ। गत मंसिर २८ गते भएको आगलागीमा परी बिचल्लीमा परेका राई परिवारलाई साउदीस्थित माओवादी केन्द्र निकट प्रवासी संगठन नेपाली जनप्रगतिशील मञ्चले ३० हजार ९ सय २३ रुपियाँ आर्थिक सहयोग गरेको हो।

संगठनमा आवद्ध युवराज कटुवाल, भक्त कार्की र हरि बुढाथोकीको पहलमा साउदीमा संकलन गरिएको रकम सोमबार माओवादी केन्द्र निकट नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती १ नम्बर प्रदेश संयोजक गणेश कार्कीले मित्रमानकी श्रीमती सरिता राईलाई हस्तान्तरण गर्नुभएको हो। अग्निपीडितलाई यसअघि हङकङ, मलेसिया, काठमाडौंलगायतका स्थानमा सञ्चालन गरिएको ८१ हजार ६० रुपियाँ प्रदान गरिएको थियो।

## गुन्द्री छोएको भन्दै दलितमाथि कुटपिट



दैलेख, (नेस)

दैलेखमा एक दलित वृद्ध कुटपिटमा परेका छन्। महाबु गाउँपालिका-२ बडखोलाको डुंग्री भानेखोलाका ५५ वर्षीय पहल विक कुटपिटमा परेका हुन्। विकलाई सोही ठाउँका ४७ वर्षीय भीमबहादुर रोकाय र महाबु गाउँपालिका-१ खरिगैरा घर भएका भीमबहादुरका जुवाई २६ वर्षीय नगेन्द्र खत्रीले जातीय विभेद गर्दै मरणासन्न हुने गरी कुटपिट गरेका छन्।

गत सोमबार दिउँसो भीमबहादुरको घरमा काटिएको खसीको मासु किन्न त्यहाँ पुग्दा उनीहरू बसेको गुन्द्री छोइएको भन्दै आफूमाथि कुटपिट भएको पीडित पहल विकले बताएका छन्। कुटपिटका क्रममा पहलको दाहिने आँखामा चोट लागेको छ। जिउभर लात्ती र मुक्काले चोट लागेको भन्दै पीडितले प्रहरीमा उजुरी दिएका छन्।

आरोपित पक्ष भीमबहादुर रोकाय र नगेन्द्र खत्रीसमेतलाई मंगलबार जिल्ला प्रहरी कार्यालय दैलेखमा झिकाइएको मुद्दा शाखा प्रमुख सई चेतराज पन्तले जानकारी दिएका छन्।

## दशगजाभन्दा १५ मिटरभित्र आएर हस्तक्षेप

कञ्चनपुर, (नेस)

नेपालमाथि भारतले सीमाना मिच्ने, सीमा क्षेत्रमा दमन गर्ने, दादागिरी देखाउने, दुर्व्यवहार गर्ने कार्य दशकौं पहिलेदेखि गर्दै आएका छन्। तर नेपाल सरकारले कुनै किसिमको पहलकदमी लिन सकेको छैन। सीमा क्षेत्रका जनताले आफूलाई सरकारले सौतिने व्यवहार गरेको भन्दै गुनासो गर्दै आएका छन्। ती घटना बेला बखतमा दोहोरिने गरेका छन्।

त्यसै गरी आज त्यो घटना कञ्चनपुरमा फेरि दोहोरिएको छ। बेलौरी नगरपालिका-१० सडकघाटमा नेपाली पक्षले सडक ग्राभेलिङ गर्ने क्रममा भारतीय प्रहरीले रोकेपछि अहिले नेपाली पक्षले सीमा क्षेत्रमा नाराबाजी गरिरहेका छन्। उनीहरूले नेपाली भूमिमा सडक बनाउन नदिने भारतीय प्रहरीका विरुद्ध नाराबाजी गरिरहेका छन्। दशगजा क्षेत्रमा सडक बनाउन नपाइने नियमअनुसार नै रोकिएको भारतीय पक्षको दाबी छ भने दशगजा क्षेत्रभन्दा १५ मिटरभित्र आएर एसएसबीले हस्तक्षेप गरेको नेपाली पक्षको आरोप छ।

सीमा विवादकै कारण पोहोरसाल चैतमा सडक निर्माणकै क्रममा झडप हुँदा भारतीय प्रहरीले चलाएको गोली लागेर पुनर्वासका गोविन्द गौतमको ज्यान गएको थियो। अहिले विवाद मिलाउन नेपाली र भारतीय पक्षबीच वार्ताको तयारी भइहेको कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी कुमार खड्काले जानकारी दिनुभयो। सीमा क्षेत्रमा थप तनाव हुन नदिन पर्याप्त सुरक्षाकर्मी खटाइएको पनि उहाँले जानकारी दिनुभयो। विगतका जस्तै घटना नदोहोरिउन् भनेर सुरक्षा व्यवस्था कडा बनाइएको पनि प्रमुख जिल्ला अधिकारी खड्काले बताउनुभयो। पटक-पटक भारतीय पक्षबाट नेपाली भूमि अतिक्रमण हुँदा पनि नेपाल सरकारले कुनै किसिमको ठोस कदम चाल्न सकेको छैन यसमा सरकारी पक्षको समयमै ध्यान जाओस्। नेपालको सीमा सुरक्षाका लागि तारजालीसहितको हुनु अति आवश्यक रहेको छ।

## ढुंगाले च्यापेर श्रीमतीको मृत्यु

बैतडी, (नेस)

ढुंगाले च्यापेर बैतडीको सुर्नया गाउँपालिकामा श्रीमतीको मृत्यु भएको छ भने श्रीमान् घाइते भएका छन्। मृत्यु हुने सुर्नया गाउँपालिका-४ नेडालेक बस्ने रामसिंह महराकी ३३ वर्षीया श्रीमती राजु महरा रहेका वडा सदस्य हरिसिंह महराले जानकारी दिनुभयो।

घरनजिकै रहेको ढुंगा खानीमा ढुंगा निकाल्ने क्रममा माथिबाट एक्कासि आएको ढुंगाले सोमबार बेलुका राजुको घटनास्थलमै मृत्यु भएको हो भने राजुका श्रीमान् घाइते भएका छन्। सोमबार बेलुका ५ बजेतिर ढुंगाले च्यापिएकी राजुको शव राति ८ बजेमात्रै स्थानीयको सहयोगमा निकालेको हो। महरा दम्पती सोमबार घर निर्माणका लागि ढुंगा निकालिरहेका बताइएको छ।

## ३ लाख खर्चिएर चौतारा निर्माण

नेपाल समाचारपत्र

लमजुङ

लमजुङमा पर्यटकलाई आकर्षण गर्नका लागि नयाँ-नयाँ विधि अपनाउन थालिएको छ। त्यसका लागि ऐतिहासिक पर्यटकीयस्थल बराहपोखरी प्रवेशद्वारमा पर्यटकलाई आकर्षण गर्न ३ लाख खर्चिएर चौतारा निर्माण गरिएको छ। लमजुङ उद्योग वाणिज्य संघको 'एक गाउँ एक उत्पादन' कार्यक्रमअन्तर्गत सो चौताराको निर्माण कार्य गरिएको हो।

चौतारा निर्माणका लागि लमजुङ उद्योग वाणिज्य संघको एक गाउँ एक उत्पादन कार्यक्रमबाट १ लाख ५० हजार र स्थानीयको १ लाख ५० हजारबराबरको श्रमदान गरी सो चौतारा निर्माण गरिएको चौतारा निर्माण उपभोक्ता समितिका अध्यक्ष बुद्धिजङ गुरुङले बताउनुभयो। उहाँका अनुसार उद्योग वाणिज्य संघसँगै स्थानीयको पहलमा निर्माण गरिएको चौताराले अब गाउँमा होमस्टे सञ्चालन गर्न सहज हुने विश्वास गाउँलेहरूले गरेका छन्।

कुल ३ लाखको लागतमा चौतारोमा ट्रस्टसमेत निर्माण गरिएको छ, त्यसका साथै चौतारा पुग्न सिढी राखिएको छ भने जस्ताको छानोसमेत हालिएको चौतारा निर्माण समितिका अध्यक्ष गुरुङले बताउनुभयो। उहाँले बराहपोखरी जाँदा चौताराको बाटो हुँदै जाने भएकाले पनि मानिसहरूको आवातजावत हुने, भएकाले थप पर्यटन विकासमा स्थानीयलाई सहज हुने जानकारी दिनुभयो।

नवनिर्मित चौताराको लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष राजेश थापाले एक कार्यक्रमका बीच उद्घाटन गर्नुभएको छ। थापाले गाउँमा चौतारा निर्माण भएसँगै अब गाउँको पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने बताउनुभयो। उहाँले जिल्लाको पर्यटन प्रबर्द्धनको विकासका लागि, धार्मिक महत्त्वका स्थलको प्रचारप्रसारका लागि पनि चौतारा निर्माण कार्यमा सहयोग गरिएको बताउनुभयो। उहाँले चौताराहरू लोप हुँदै गएको स्थितिमा एक गाउँ एक उत्पादन कार्यक्रमअन्तर्गत उक्त चौतारा निर्माण कार्यमा सहयोग गरिएको उल्लेख गर्नुभयो।



रसुवामा निर्माणाधीन मैलुङ जलविद्युत् आयोजनाका लागि नुवाकोटको गेर्खुमा ठड्याइएको टावर। १ हजार १ सय केभीको उक्त टावर हुँदै विद्युत् काठमाडौं लगिने बताइएको छ। तस्वीर : शालिकराम चालिसे/नुवाकोट

## सोनाम ल्होसारमा बिदा माग

लमजुङ, (नेस)

सोनाम ल्होसारको अवसरमा बिदा दिन माग गरिएको छ। तामाङ घेदुङ संघ जिल्ला समिति लमजुङले २८५४औं सोनाम ल्होसारको अवसरमा आउँदो फागुन ४ गते आफ्नो जातीय राष्ट्रिय पर्व भएको हुँदा बिदा दिन पत्रकार सम्मेलनमार्फत् सरकारको ध्यानाकर्षण गरेको हो।

मञ्जुश्री पात्रोअनुसार माघ ४ मा सोनाम ल्होसार नभई फागुन ४ गते भएको हुँदा त्यस दिन सार्वजनिक बिदा दिन माग गरिएको तामाङ घेदुङ संघका जिल्ला अध्यक्ष अजय तामाङले बताउनुभयो। उहाँले सो दिन आफ्नो जातीय राष्ट्रिय पर्व भएको हुँदा बिदा दिनुपर्नेमा जोड दिनुभयो।

यसै गरी, सोही उपलक्ष्यमा लमजुङमा तामाङ सांस्कृतिक उत्सवको आयोजना गरिने भएको पनि बताइएको छ। एक दिने सो सांस्कृतिक उत्सव यही माघ २७ गते सञ्चालन गर्ने तयारी गरिएको तामाङ घेदुङ संघका प्रदेश ४ का उपाध्यक्ष हरिजंग तामाङले बताउनुभयो। उहाँका अनुसार 'भाषा धर्म संस्कृति हाम्रो शान, बचाऔं आफ्नो पहिचान' भन्ने मूल नाराका साथ तामाङ सांस्कृतिक उत्सव आयोजना गरिएको हो। सो सांस्कृतिक उत्सवमा जातीय पहिचान झल्कने झाँकी, ऱ्यालीसहित राष्ट्रिय तथा स्थानीय कलाकारद्वारा सांगीतिक कार्यक्रम प्रस्तुत गरिने आयोजकको भनाइ छ।

जिल्लाभित्रका सबै तामाङ जातिलाई एकताको सूत्रमा बाँध्न पनि उत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने हरिजंग तामाङले दाबी गर्नुभएको छ।


**भेरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा, जाजरकोट**
**६ नम्वर प्रदेश, नेपाल**

**IT officer भर्ना सम्बन्धी त्रिवेणी नलगाड नगरपालिकाको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७४।१०।१७**

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय ईकाइ, सिंहदरवार काठमाण्डौंको प.स.०७४/७५, च.नं. १२७, मिति २०७४।०७।१७ गतेको सूचना प्रविधि अधिकृतको करार सेवा सम्वन्धको पत्रानुसार यस नगरपालिकाको लागि देहाय बमोजिमको शर्तको अधिनमा रहि सूचना प्रविधि अधिकृत (IT officer ) सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक उम्मेदवारले यस नगरपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१) **आवेदन दिने अन्तिम मिति :** २०७४।११।०२
२) **आवश्यक संख्या :** १ (एक)
३) **शैक्षिक योग्यता :** लोक सेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरुमा मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, Bsc.IT, BSc.CSIT) को उपाधी हासिल गरेको ।
४) **कार्य शर्तको विवरण (TOR) :** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को वेवसाईट lgcdp .gov.np को गृह पृष्ठमा उल्लेख भएको सूचना वमोजिम हुने ।
५) **संलग्न गर्नुपर्ने कागजातहरु :** व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाल वाहिरवाट शिक्षा हासिल गरेकाहरुको हकमा सो प्रमाण पत्रहरुको नेपालको विश्वविद्यालयवाट equivalence गरिएको प्रमाण पत्र, कार्य अनुभव भए कार्य अनुभवका प्रमाणपत्रहरु तथा अन्य कागजातहरु ।
६) **आवेदन दिने तरिका :** वुँदा नं ५ मा उल्लेख भएका कागजातहरु एवं वुदा नं ७ मा तोकिएको शुल्क नेपाल वैंक लिमिटेड, जाजरकोट स्थित यस कार्यालयको नाममा रहेको स्थानीय तह सञ्चित कोष खाता नं ०७५०३०००००००००४००१००२ मा जम्मा गरी जम्मा भएको भौचर संलग्न राखि हुलाक वा स्वयम् उपस्थित भई आवेदन दिने ।
७) **आवेदन शुल्क :** रु १,०००/– (एक हजार रुपैयाँ मात्र )

**८) सम्मिलित बनाईने तथा उम्मेदवार छनोटका आधारहरु देहाय वमोजिमका हुनेछन् :**

| क्र.सं. | सूचकहरु | पुर्णाङ्क |
|---|---|---|
| १. | शैक्षिक योग्यता | ३० |
| २. | कार्य अनुभव ( सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात् ) | ४० |
| ३. | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४. | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ICT Volunter वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | |

९) **तलव स्केल :** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले तोके वमोजिम ।
**१०) करार अवधि : २०७५ असार मसान्त सम्म ।**
**११) थप जानकारीको लागि सम्पर्क नं. :** ०८९-४३०००२ वा ९८५८०६२१११
१२) सूचनामा उल्लेखित भए वाहेकका अन्य कुराहरु प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनोट तथा सिफारिस समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

**राम प्रसाद शर्मा**
**प्रमूख प्रशासकीय अधिकृत**

२०७४, माघ
बुधबार
१७

वन कार्यालयका प्रमुख प्रेम खनालले पहिलो पटक मागिएका बोलपत्रहरु च्यातेर पुनः आफू अनुकूलका बोलपत्रहरु मागेर सामुदायिक वन कबुलियती वन विकास कार्यक्रमअन्र्तगतको बाँस, लब्सी, अमृसो, अलैंची, गैह्रकाष्ठ वन पैदावार, निगालोजस्ता बिरुवामा साविक मूल्यभन्दा तेब्बरको मूल्य राखेर विल बनाएर खर्च भुक्तानी देखाइएको छ।

# नेपाल

## बुटवल उपमहानगरपालिकाको लापरबाही

# एडीबीका ३ आयोजना म्याद सकिएको भन्दै अलपत्र

**यमलाल भुसाल, बुटवल**

बुटवल उपमहानगरपालिकाले आफ्नो-आफ्नो संक्षिप्त प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ।

बुटवलका साविकका वडा नम्बर ९ र १० को खानेपानी, मैनाबगरको अटोभिलेज, र फोहोर प्रशोधन तथा व्यवस्थापनका लागि ल्यान्डफिड साइडका आयोजना एसियाली विकास बैंकको ८० करोड ऋण सहयोगमा बनाउने गरी जनप्रतिनिधि निर्वाचित हुनुअघि नै गरिएका सम्झौता अहिले अलपत्र परेका छन्।

नगर प्रमुख शिवराज सुवेदीले जनप्रतिनिधि आउनुअघि नै ती परियोजनाको म्याद सकिएकाले पुनः सञ्चालनका लागि पहल गरिएको भए पनि मूर्त रूपमा पुग्न नसकिएको बताउनुभयो।

बुटवलको विकासका लागि अत्यन्तै महत्त्वका ती ३ आयोजना सफल हुन नसके बुटवलको विकास ढोका बन्द हुने नगरका वुद्धिजीवीहरुको कथन छ।

नगरपालिकाले यी परियोजनालाई जसरी पनि सम्पन्न गर्नुपर्नेमा कर्मचारीका पालामा सम्झौता गरिएको र म्याद समाप्त भयो भनेर जनप्रतिनिधिहरु उम्कन खोज्नुले बुटवल नगरको विकासमा जनप्रतिनिधिहरु गम्भिर हुन नसकेको स्पष्ट हुन जानेछ।

नगरपालिकाले प्रथम नगरसभाको बैठकबाट विनियोजित विधेयकसहितको आर्थिक वर्ष २०७४।०७५ का लागि १ अर्ब ६३ करोड ३५ लाख बजेटसहितको नीति तथा कार्यक्रम पारित भएको पनि जनाएको छ।

नगर प्रमुखको सचिवालयले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मेयर सुवेदीले नगरमा दर्जनौं रचनात्मक कार्यको थालनी भएको भन्दै केही प्राविधिक र केही कानुनी जटिलताका कारण कामको नतिजा भने आउन नसकेको बताउनुभयो।

उहाँले आफूले सोचेजस्तो काम गर्न नसकेको समेत बताउनुभयो।, प्रकृया ,कानुनी जटिलता, प्राविधिक पक्षले असहज भएको उहाँको ठहर छ।

निर्वाचित भएपछि मेयरले पहिलोपटक पत्रकार भेटघाट गर्नुभएको हो।

नगरको विकासमा नगरवासीको रचनात्मक सहयोगको अपेक्षा गर्दै सुवेदीले अल्पकालीन र दीर्घकालीन गरी कार्यहरु अघि बढाइने बताउनुभयो।

आफू निर्वाचित भएपछि विभिन्न कानुन निमार्ण, शिक्षा स्वाथ्य पशुपक्षी विकास शाखाको स्थापनालगायतका कामहरु भइरहेको र अब नगरका सबै गतिविधिहरु नेटवर्किङमार्फत अनलाइन सिस्टममा लैजाने उल्लेख गर्नुभयो।

बुटवलको चर्को ट्राफिक समस्या, पार्किङ, फोहोर मैला, ढल निकास बाटो निमार्ण, ल्यान्डफिल्ड साइट निमार्णलगायतका विषयमा पनि नगरपालिकाले योजनाबद्ध ढंगले काम गरिरहेको उहाँको भनाइ छ।

चुनावमा गरेका प्रतिबद्धताहरु भने पूरा हुन नसकेको स्वीकार गर्दै उहाँले युवाहरुलाई रोजगारी दिने, पूर्वाधार निमार्ण गर्ने र नगरलाई स्मार्ट सिटी बनाउने विषयमा आफ्नो निरन्तर ध्यान रहेको नगरपालिकाका प्रवक्ता रामप्रसाद रेग्मीले बताउनुभयो।

# शल्यक्रिया सेवा प्रभावित

**नेपाल समाचारपत्र**

मुगु

जिल्ला अस्पतालमा २ महिनादेखि शल्य चिकित्सक नहुँदा शल्यक्रिया सेवा बन्द भएको छ।

अस्पतालमा कार्यरत डा. जितेन्द्र कडेल सरुवा भई अन्यत्र गएपछि २ महिनादेखि शल्यक्रिया बन्द भएको हो। स्वास्थ मन्त्रालयले कडेलको ठाउँमा अरू कसैलाई नपठाएपछि समस्या भएको छ।

चिकित्सकको अभावमा जटिल प्रसूति सेवा ,एपेन्डिसाइटिस हर्निया र हाइड्रोसिलगायतका शल्यक्रिया बन्द भएका छन्।

बिरामीलाई शल्यक्रियाका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, भेरी अस्पताल नेपालगन्ज क्षेत्रीय अस्पताल सुर्खेत रिफर गरिने अस्पतालले जनाएको छ। बिरामीलाई बाहिर पठाउँदा आर्थिक भार पर्दै आएको छ। ग्रामीण भेगका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकेका महिलालाई अस्पतालमा ल्याउने गरे पनि अस्पतालले बाहिर रिफर गर्ने गरेको छ।



चिकित्सक नहुँदा शल्यक्रियामा समस्या भएपछि अस्पतालमा कार्यरत डाक्टर डबलबहादुर मल्ललाई तालिममा बाहिर पठाइएको जिल्ला अस्पतालले जनाएको छ अस्पतालका डाक्टर बिपी काफ्लेले बिरामीलाई जिल्लाबाहिर पठाउनुपर्ने बाध्यता कम गर्न तालिममा पठाइएको बताए।

# पर्यटकको पहिलो रोजाइ 'सुखद पाहुना घर'

**नेपाल समाचारपत्र**

नुवाकोट

काठमाडौंदेखि नुवाकोट, रसुवा र चीनको केरुङसम्मको यात्रा गर्ने स्वदेशी तथा विदेशी पर्यटकहरुको पोहिलो रोजाइ बन्न सक्छ नुवाकोटको सदरमुकाम विदुरमा रहेको 'सुखद पाउना घर।'

स्वच्छ, पारिवारिक वातावरण तथा अत्याधुनिक सेवासुविधाले भरिपूर्ण 'सुखद पाहुना घर' लाई नेपाली उखान 'नामै काफी छ' भनेझैं नामले नै चिनाएको छ। नुवाकोटको सदरमुकाम विदुरमा रहेको 'सुखद पाउना घर' सञ्चालन भएको मात्र ३ महिना मात्र हुँदा पनि सबैको रोजाइमा पर्न थालेको छ। करिब ४ रोपनी क्षेत्रफलमा फैलिएको यो पाहुनाघरले किताब पढ्ने पारखीहरुलाई पुस्तकालयको समेत व्यवस्था गरिदिएको छ।

नुवाकोटको स्थानीय निकायको नामहरुबाट नामाकरण गरिएको सुखद पाहुना घरमा २ वटा सभाहल छन्। ठूलो सभाहलमा २ सय जना अट्न सक्ने क्षमता रहेको छ। भने सानोमा २५ जनासम्मको क्षमता रहेको छ। इन्टरलक इँटाद्वारा निर्माण गरिएको र भूकम्प प्रतिरोधात्मक भवन निर्माणले गर्दा पनि यसको नाम बढेको छ। पाहुना घरमा रहेको सबै भवनहरु अपाङमैत्री, बालमैत्री र महिलामैत्रीसमेत रहेका छन्।

कसरी आयो त यस पाहुना घरको निर्माण गर्ने योजना ? भन्ने प्रश्न सोध्दा सुखद पाहुना घरका अध्यक्ष धुव्रकुमार रावलले 'नुवाकोट देशको राजधानी काठमाडौं र चीनको केरुङ जोड्ने केन्द्रबिन्दु रहेकाले पाहुना घर सञ्चालन गरेको बताउनुहुन्छ। साथै रावलले 'नुवाकोटमा त्यति राम्रो सुविधासम्पन्न होटलहरु नरहेकाले आन्तरिक र बाह्य पर्यटकहरुलाई मध्यनजर गर्दै र नुवाकोट जिल्ला भूकम्पीय दृष्टिले अत्यन्तै संवेदनशील रहेकाले नै पाहुना घर भूकम्प प्रतिरोधात्मक एकतले भवन निर्माण गरेको बताउँछन्'।



करिव १ वर्ष लगाएर निर्माण गरिएको पाहुना घरले करिब १३ जनालाई समेत रोजगारी दिएको छ। करिब २ करोडको लागतमा निर्माण गरिएको उक्त पाहुना घरमा यथेस्ट पार्किङको समेत सुविधा रहेको छ भने होटेललाई चाहिने केही तररकारीसमेत आफैं उत्पादन गरिरहेको देख्न सकिन्छ। खालि जग्गामा आर्गनिक तरकारीहरु खेतीहरु काउली, ब्रोकाउली गोलभेडा, धनिया र हरियो लसुन फलेको देख्दा मनैसमेत प्रफुल्लित पार्ने गरेको छ। 'यस पाहुना घरमा सुत्दा आफ्नै घरमा सुतेझैं लाग्छ।' यहाँ पूर्ण शान्त र पारिवारिक वातावरणको अनुभव हुने ग्रामीण स्वावलम्बन केन्द्र नुवाकोटका ओभरसियर सन्तोष कोइराला बताउँछन्। कोइराला भन्छन् अन्य होटलमा बस्नेभन्दा यहाँ छुट्टै आनन्द प्राप्त हुन्छ।

कोइरालाले भनेझैं होटलका प्रत्येक कोठा र सभाहलमा नुवाकोटको ऐतिहासिक र पुरातात्विक वस्तुहरुको जीवन्त चित्रणले निकै आनन्दसमेत दिने गर्दछ। जसले गर्दा जो कोही नयाँ पाहुना आए पनि यस पाहुना घरको बनावट र विभिन्न शैलीका कारण मोहित बन्ने गरेका छन्।

कोठाहरुमा जडान गरिएका उच्च गतिका इन्टरनेट सेवा र एसीहरुले समेत होटललाई अझै सौन्दर्य थप्न मद्दत गरेको छ। सुखद पाहुना घरले आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि सेवासुविधासमेत समयसापेक्ष बनाएर न्यानो सत्कार गरेको छ। आर्थिक रूपले समेत सबैको पहुँचमा रहेको सुखद पाहुना घर सबैको रोजाइ बन्दै गएको छ। तपाईं पनि एकपटक सुखद पाहुना घरमा पाल्नुस र पूर्णपारिवारिक वातावरणमा रमाउनुहोस्।

# चित्रे प्रदेशकै पहिलो बालमैत्री वडा घोषणा

पर्वत, (नेस)

पर्वत, कास्की र स्याङ्जाको संगममा पर्ने प्रसिद्ध धार्मिक एवम् पर्यटकीय स्थल पञ्चासेको काखमा अवस्थित चित्रे गाउँ बालमैत्री वडा घोषणा भएको छ।

पर्वत जिल्लाको मोदी गाउँपालिका-वडा नं. ८ चित्रे प्रदेश नं. ४ कै पहिलो बालमैत्री वडा घोषणा भएको हो।

जिल्लामै सबैभन्दा पहिलो होमस्टे सेवा सञ्चालन गरेर पर्यटन व्यावसायमा सक्रिय बनेको साविक चित्रे गाविस अब प्रदेश नं. ४ कै पहिलो बालमैत्री वडाको रूपमा विकास भएको हो।

चित्रेमा आयोजित विशेष समारोहबीच प्रतिनिधिसभा सदस्य पदम गिरीले सबै सरोकारवालाहरुलाई कसम ख्वाएर बालमैत्री घोषणा गरेका हुन्। बालमैत्री वडा बन्नका लागि आवश्यक ३९ वटै सूचकहरु पूरा भएकाले सोमबार बालमैत्री घोषणा गरिएको हो। उक्त वडामा ४ सय ५७ घरधुरी र २ हजार २ सय २३ जना जनसंख्या रहेको छ।

यो वडाका बालबालिकाले जन्मेदेखि युवा अवस्थासम्म पाउनुपर्ने सबैखाले अधिकारहरु प्राप्त गर्न सफल भएका छन्। बालबालिकामा परिवार, समाज र राज्यले लगानी गर्न थालेको छ। बालबालिकाको बाँच्न पाउने अधिकार, सुरक्षाको अधिकार, पढ्न पाउने अधिकार प्राप्त गरेका छन्। सबै बालबालिका विद्यालयको पहुँचमा छन्। सबै बालबालिकाहरुलाई खोपको सुनिश्चितता, बाल विवाहको अन्त्य भएको स्थानीय शिक्षक मधुसूदन अधिकारीले जानकारी दिए। त्यसैगरी बाल सुरक्षा र बाल अधिकारको विषय पनि स्थापित भएको उनले बताए।

सो वडाले घोषणा मात्र नभई दिगो बनाइराख्नका लागि झण्डै ९२ लाख रुपियाँको लागतमा परियोजना सञ्चालन गर्ने योजनासमेत बनाएको वडा सचिव गोकुल चापागाईंले जानकारी दिए। उनका अनुसार अहिले घोषणा मात्रै गरेर यसको दिगोपना हुन सक्दैन त्यसका लागि हामीले दीर्घकालीन योजनाहरु बनाएर अघि बढेका छौं, -उनले भने। मोदी गाउँपालिकाले आगामी ५ वर्ष भित्र गाउँपालिकाका ८वटै वडाहरुलाई बालमैत्री वडा घोषणा गर्नका लागि १० प्रतिशत बजेटसमेत बिनियोजन गरेको छ।

सो अवसरमा बोल्दै सांसद गिरीले घोषणा मात्रै गरेर नहुने बताउँदै यसलाई दिगो बनाइ राख्नुपर्नेमा जोड दिए। उनले आजका बालबालिका भोलिका कर्णदारसमेत भएको बताउँदै बालबालिकाहरुको अधिकार पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए।

उनले सानो उमेरदेखि नै बालबालिकाहरुलाई घर, समाज, विद्यालयले राम्रो वातावरण दिन सकेमा उनीहरु भविष्यमा असल व्यक्ति बन्ने बताए। कार्यक्रममा प्रदेशसभा सदस्य सांसद नेत्र अधिकारी, ललितकला गुरुङ, जिल्ला समन्वय समिति पर्वतका प्रमुख मनोहर बी पौडेललगायतले चित्रेबाट आम बालबालिकाहरुको हकअधिकारको ग्यारेन्टी गर्ने काम शुरु भएको बताउँदै यो अभियानलाई जिल्लाका अन्य ६१ वडामा समेत लैजानका लागि पहल गर्ने प्रतिबद्धता जनाएका थिए।

# ३ करोडका दशवटा पुल निर्माण हुँदै

इलाम, (नेस)

झोलुङे पुलको माग इलाममा बढिरहँदा चालु आर्थिक वर्षको अन्त्यसम्ममा निर्माण सक्ने गरी ८ वटा झोलुङ्गे पुल (झोपु) र एक/एकवटा सस्पेन्सन ब्रिज र ट्रस्ट ब्रिजसहित १० वटा पुलहरु निर्माण हुने भएका छन्। जिल्लाको इलाम नगरपालिकासहित सन्दकपुर, माइजोगमाई, रोङ र फाकफोकथुम गाउँपालिकामा पुल निर्माण हुने भएको छ। पुल निर्माणका लागि जम्मा ३ करोड ७२ लाख ३७ हजार रुपियाँ बजेट बिनियोजन भएको छ।

सुनगाभा विकास संस्था इलाम, टीबीएसयू र आरटीएपीको प्राविधिक सहयोगमा निर्माण हुने पुलका लागि जिल्ला समन्वय समिति र जिल्ला प्राविधिक कार्यालय इलामको सहयोग रहने प्राविधिक सहयोग गरेको सुनगाभा विकास संस्थाका असिस्टेन सब इन्जिनियर रोसन सुब्बाले बताए। उनका अनुसार पुल निर्माणमा बिनियोजन बजेटमध्ये स्थानीय उपभोक्ताले २ र स्थानीय निकायले ६ प्रतिशत रकम ब्यहोर्नुपर्नेछ। निर्माण हुन लागेको ८ वटा झोलुङ्गे पुल निर्माणका लागि २ करोड ७८ लाख १८ हजार रुपियाँ बजेट बिनियोजन भएको छ। यस्तै एउटा सस्पेन्सन ब्रिजका लागि ७१ लाख ३ हजार र एउटा ट्रस्ट ब्रिजका लागि २३ लाख १६ हजार रुपियाँ बिनियोजन भएको छ। पुल निर्माणका लागि पुल निर्माण समिति उपभोक्ता समितिसमेत गठन भइसकेको छ। चालु आर्थिक वर्षमा पशुपतिनगर र गोर्खे जोड्ने मयुखोलामा ३६ लाख ३४ हजार रुपियाँको लागतमा मयुँघाट झोलुङ्गे पुल निर्माण हुनेछ।

यस्तै साबिक पुवामझुवा ३ र ६ नम्बर वडा जोड्ने सानो पुवाखोलामा रु.२३ लाख हजारमा भाँगेटार झोपु, झापा शान्तिनगर र इरौंटार जोड्ने ठोट्ने खोलामा रु. ४५ लाख ७८ हजारमा प्युरे झोपु, फुएतप्पा र लुम्दे जोड्ने थावाखोलामा रु. ४० लाख ८२ हजारमा रिठ्ठाबोटे झोपु, साबिक माबु ८ र माइमझुवा ९ जोड्ने माइखोलामा रु.२८ लाख ४८ हजारमा चौडादोभान झोपु, माबु ४ र माइमझुवा २ जोड्ने माइखोलामै रु.२६ लाख ५८ हजारमा लिम्बूबारी झोपु, जमुना र माबु जोड्ने धुँवाखोलामा रु.३३ लाख १६ हजारमा खुँदी झोपु, र साबिक जोगमाइको वडा नम्बर ६ मा ठोट्ने खोलामा ४३ लाख ८४ हजार रुपियाँको लागतमा चैते दोभान झोलुङ्गे पुलको निर्माण हुने भएको हो।

# वन कार्यालयको अनियमितता छरपस्ट

## सचिवका मान्छेदेखि प्रमुखका भान्छेसम्म

**मोतीराम तिमल्सिना, काभ्रे**

जिल्ला वन कार्यालय भित्रको अनियमितता छरपस्ट भएको छ। स्थानीय सरकारका प्रमुखहरुलाई अटेर गर्दै आएका वन कार्यालयका प्रमुख प्रेम खनाल बचाउका लागि निर्वाचित सांसदहरुको खुट्टा समाउन पुगेका छन्।

वन मन्त्रालयका सचिव डा. युवकध्वज जिसीको निर्देशनमा उनकै आफन्त पर्ने व्यक्तिलाई ठाडो नियुक्ति दिएका प्रेम खनालले आफ्नै कार्यालय सहयोगीलाई निजी र भित्री कपडा धुन लगाएर बिल्लीबाठ बनाउनेसम्मका हर्कतहरूपछि अतिक्रमण वन हटाएको प्रगतिमा समेत ढाकछोप गरेको खुलासा भएको छ।

नगरकोटदेखि विपी राजमार्ग, अरनिको राजमार्ग र सामुदायिक वनसम्मको अतिक्रमण हटाउन आनाकानी गरिरहेका खनालले सामुदायिक वनभित्रको अतिक्रमण कायम भइरहँदा पनि अतिक्रमण हटाएको विवरण पेश गरेका छन्। नमोबुद्ध नगरपालिका वडा नम्बर २ मा रहेको बेलाखोले पाखा सामुदायिक वनमा अतिक्रमण भइरहँदा जिल्ला वन कार्यालयले अतिक्रमण हटाएको सूचीमा प्रगति विवरण राखेको छ। उक्त वनमा १५ हेक्टर वन अतिक्रमण भएको थियो।

सामुदायिक वनका अध्यक्ष बासु पोखरेलले अतिक्रमण ५० प्रतिशत पनि हटाउन नसकिएको बताए। वन कार्यालयले अतिक्रमण हटाउन सहयोग नगरेको उनले बताए। सोही वडाका वडाअध्यक्ष सञ्जीव ढकालले अतिक्रमण भएको वनमा झन् अतिक्रमण थपिएको बताए। 'नयाँ टहरा निर्माण हुँदासमेत सामुदायिक वन र जिल्ला वनले रोक्न सकेको अवस्था छैन' -अध्यक्ष संजिवले भने, 'जिल्ला वन र सामुदायिक वनको अधिकार स्थानीय सरकारले प्राप्त गरेको छैन।'

उक्त वनमा भएको अतिक्रमण हटाएको भन्दै एनजीओले ढोलक पिटेको थियो। जिल्लामा त्यस्ता विवाद भएका थुप्रै सामुदायिक वनमा नक्कली मेलमिलाप भएको उपभोक्ताहरुले बताएका छन्। बेलाखोले पाखाको अतिक्रमण हटाएको र हटाउने नक्कली समझदारी भएको वडाअध्यक्ष ढकालले बताए।

उता जिल्ला वन कार्यालयले गत आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरुमा चरम अनियमितता गरेको पुष्टि भएको छ। वन कार्यालयका प्रमुख प्रेम खनालले पहिलो पटक मागिएका बोलपत्रहरु च्यातेर पुनः आफू अनुकूलका बोलपत्रहरु मागेर सामुदायिक वन कबुलियती वन विकास कार्यक्रमअर्न्तगतको बाँस, लब्सी, अमृसो, अलैंची, गैह्रकाष्ठ वन पैदावार, निगालोजस्ता बिरुवामा साविक मूल्यभन्दा तेब्बरको मूल्य राखेर विल बनाएर खर्च भुक्तानी देखाइएको छ। ६ रुपियाँमा खरिद गरेको लब्सीको बिरुवाको १५ रुपियाँको बिल बनाइएको छ भने बाँस अघिल्लो वर्ष नेपालमा बाँसको बिरुवा हुँदाहुँदै भारतबाट ल्याएर अनियमितता गरिएको छ। अहिले पनि दोब्बर मूल्यमा खरिद गरिएको छ। लब्सीमा मात्रै ५४ हजारदेखि १ लाख १० हजारसम्मको बढी बिल बनाइएको छ।

कर्मचारीहरुको २ वर्ष पुगेपछि सरुवा हुने भए पनि प्रेम खनाल भने नेकपा माओवादी केन्द्रको भन्दै पटकपटक सरुवा थमाउँदै जिल्लामा बसिरहेका छन्। उनकै कारण गत वर्ष समुदायलाई आएको २ करोड रकम फिर्ता भएको छ। एक पछि अर्को गर्दै खनालका अनियमितता बाहिरिएपछि उनी सांसदहरुको फेर समात्दै आफूलाई बचाउन र जिल्लामै थमाइदिन अनुनयविनय गरिरहेका छन्। मन्त्रालयका सचिव जीसीको समेत आफ्नो मान्छे नियुक्ति गरेपछि उनी हाइसन्चोमा कार्यालय आउने जाने गरिरहेका छन्। वन कार्यालयले वर्षौंदेखि सडेर गइरहेका काठहरुको लिलामी नगरेको, सवारी साधनको लिलामी नगरेको, नागरिकहरुको सेवालाई भन्दा कमिसनलाई ध्यान दिएको, कार्यालय विदाको समयमा सरकारी सवारी साधन लिएर बाह्य जिल्लामा भ्रमण गएको, वन रक्षकका नाममा अपारदर्शी ढंगबाट कार्यालयको नियम बाहिर गई आफन्त भर्ना गरेको, सामुदायिक वनका उपभोक्ताहरुलाई दुःख दिने गरेको, घुस लिने कर्मचारीहरुलाई संरक्षण गरेको जस्ता दर्जनौं आरोपहरु लागेका छन्।

# विश्व

**आह्वान**

विश्वका सयभन्दा बढी स्वास्थ्य विशेषज्ञले १३ वर्षमुनिका बालबालिका लक्षित एप फिर्ता लिन फेसबुकलाई आह्वान गरेका छन्।



**अनिच्छित**

भारतीय दम्पतीको पुत्रमोहका कारण २ करोड १० लाख अनिच्छित पुत्री जन्मेका त्यहाँको सरकारी तथ्यांकमा जनाइएको छ।



2018, JAN
Wednesday
31

विश्व २ मिनेट

**अमेरिका**

## प्रतिबन्ध फुकुवा

वासिङ्टन, (एजेन्सी)

एघार वटा उच्च जोखिम रहेका मुलुकका नागरिकमाथि अमेरिकामा शरणार्थी बन्ने प्रक्रियामाथि लगाइएको प्रतिबन्ध फुकुवा भएको तर अमेरिकामा प्रवेश गर्न चाहने कुनै पनि व्यक्तिले नयाँ सुरक्षाका उपायको सामना गर्नुपर्ने सरकारी अधिकारीहरुले जनाएका छन्। मातृभूमि सुरक्षामन्त्री किर्स्टजेन निल्सेनले तिनीहरुले अमेरिका प्रवेश गर्नुपूर्व जोखिममा आधारित परीक्षा पूरा गर्नुपर्ने बताएका छन्। गत अक्टोवरमा राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले उत्तर कोरियालगायत विश्वका अन्य १० वटा मुस्लिम बाहुल्य मुलुकबाट आउने शरणार्थीको प्रवेशमा प्रतिबन्ध लगाएको थियो। निल्सेनले अमेरिकी सरकारले को प्रवेश गर्दै छ भन्ने थाहा पाउनुपर्ने बताएका छन्।

**आयरल्यान्ड**

## जनमत संग्रह

वेलफास्ट, (एजेन्सी)

आइरिस सराकार आगामी मे महिनाको उत्तरार्धमा गर्भपतनमाथिको पूर्ण बन्देजमा खुकुलो पार्ने कि नपार्ने भन्ने विषयमा राष्ट्रमा जनमत संग्रह गराउन मंगलबार सहमत भएको छ। गर्भपतनमाथि लगाइँदै आएको पूर्ण प्रतिबन्धलाई खुकुलो पार्न संवैधानिक संशोधनका लागि जनमत संग्रह गराइन लागेको हो। हाल गर्भवती महिलाको ज्यान खतरामा रहेको विशेष परिस्थितिमा मात्र सरकारले गर्भपतनका लागि अनुमति दिने गरेको छ। नत्र बलात्कारको कारण भएको गर्भधारण वा पाठेघरमा भ्रुणको अस्वाभिविक अवस्थमा समेत गर्भपतनको छुट दिइएको छैन। प्रधानमन्त्री लियो भाराडकरले सुधारको अभियान चलाउने भएका छन्।

**अमेरिका**

## उपनिर्देशकद्वारा राजीनामा

वासिङ्टन, (एजेन्सी)

अमेरिकाको संघीय जाँच एजेन्सी एफबीआईका उपनिर्देशक एन्ड्रयु मेकेबले राजीनामा दिएका छ। राष्ट्रपति ट्रम्पले उनीमाथि कयौंपटक राजनीतिकरूपमा पक्षपाती भएको आरोप लगाइसकेका छन्। सीबीएसले दिएको एक समाचारमा मेकेबलाई पद छोड्न बाध्य पारिएको र उनी मार्चमा रिटायर हुने क्रममा थिए। एक हप्ता अगाडि सञ्चारमाध्यमहरुले ट्रम्पले उनलाई पदबाट हटाउन चाहेको जनाएको थियो। राष्ट्रपतिले ओवल अफिसमा एक बैठकका क्रममा मेकेबसँग उसले कसलाई भोट दिएको भन्ने प्रश्न सोधेको समाचारमा उल्लख गरिएको थियो। ह्वाइट हाउसका प्रवक्ताले मेकेब पदबाट हट्नुमा ह्वाइट हाउसको भूमिका नरहेको बताए।

**चीन**

## परमाणु क्षमता विकास

बेइजिङ, (एजेन्सी)

चीनको पिपल्स लिबरेसन आर्मी (पीएलए) ले अमेरिका र रुसद्वारा तयार गरिरहेको नयाँ परमाणु रणनीतिसँग टक्कर लिनका लागि चीनले आफ्नो परमाणु प्रतीरक्षा र जवाफी हमलाको क्षमतालाई मजबुत गर्नुपर्ने जनाएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासन नयाँ किसिमको परमाणु हतियार विकास गरिरहेको छ। यो सँगै अमेरिका ठूलो गैरपरमाणु हमलामा पनि जवाफी कारबाहीका रूपमा परमाणु आक्रमणको सम्भावनालाई खुला राख्न सक्छ। रुस र अमेरिका दुवै अहिले आफ्ना परमाणु अस्त्र भण्डार क्षमता बढाउने दिशामा लागेका छन्।

# उत्तर कोरिया एक महिनाभित्र अमेरिकामा आक्रमण गर्न सक्षम छ : *सीआईए निर्देशक*



वासिङ्टन, (एजेन्सी)

अमेरिकी गुप्तचर एजेन्सी सीआईएका निर्देशकले उत्तर कोरिया एक महिनाभित्र अमेरिकामा आक्रमण गर्न सक्षम रहेको बताएका छन्। उत्तर कोरियाले ऊसँग रहेको आणविक क्षेप्यास्त्रबाट एक महिनाभित्रै अमेरिकामा हमला गर्न सक्नेमा उनले चिन्ता व्यक्त गरेका थिए।

सीआईका निर्देशक माइक पम्पिओले एक अन्तरवार्तामा उनको गुप्तचर एजेन्सीले नियमित प्योङयाङ र उसका नेता किम जोङ उनको सम्भावित खतरालाई लिएर चर्चा गर्ने गरेको बताए।

सीआईए मुख्यालयमा दिएको उक्त अन्तरवार्तामा पम्पिआले भने- 'हामी उसको एक महिनाभित्र अमेरिका विरुद्ध परमाणु हतियारद्वारा आक्रमण गर्न सक्ने क्षमताका बारेमा छलफल गरिरहेका छौं। हाम्रो काम अमेरिकाका राष्ट्रपतिसम्म यस विषयमा गोप्य जानकारी पुर्‍याउनु हो। ऊसँग यो जोखिमलाई गैरकूटनीतिक तरिकाबाट कम गर्ने विकल्प होस् भन्ने अपेक्षा हुन्छ।'

उत्तर कोरियालाई दबाब दिनुले यस क्षेत्रको जीवनलाई भयानक नोक्सान हुन सक्ने नतिजा आउने कुरालाई पनि पम्पिओले स्वीकारे। यस क्षेत्रमा अमेरिकाका दुई महत्त्वपूण सहयोगी देश जापान र दक्षिण कोरिया पनि रहेको छ। यदि किमलाई हटाउने प्रयास भएमा वा अमेरिकामाथि परमाणु आक्रमण गर्ने उसको क्षमतालाई सीमित गर्ने प्रयास भएमा त्यसको गम्भीर परिणाम भोग्नुपर्ने सम्भावना रहेको पनि उनले बताए।

राष्ट्रपति डोनाल्ड ट्रम्पले कार्यकालको पहिलो वर्षमै प्योङयाङसँग तनाव बढाएको हो। यसमा दुवै देशका नेताहरु एक-अर्काबीच निजी स्तरमा टीक्काटिप्पणीमा उत्रेका छन्। ट्रम्पले यदि उत्तर कोरियाले उसको परमाणु कार्यक्रममाथि लगाम लगाउँदैन भने उसले त्यसको परिणाम भोग्नुपर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। किमले पनि ट्रम्पलाई 'दुष्ट' र 'पागल' जस्ता शब्दको प्रयोग गरेका थिए।

उत्तर कोरियाका लागि राष्ट्रपति ट्रम्पले जुन भाषाको प्रयोग गरिरहेका छन्, त्यो प्योङयाङले सुनिरहेको पम्पिओले बताए। पम्पिओले भने- 'जब एक राष्ट्रपतिले यस प्रकारको भाषाको प्रयोग गरिरहेका हुन्छन् भने यसलाई सुन्ने कयौं हुन्छन्, म के आश्वस्त गर्न चाहन्छु भने किम जोङ उनले यो सन्देशलाई लिएर के बुझेको छन् भने अमेरिका गम्भीर छ।

दुवै देशका नेताबीच वाक युद्ध बढेपछि उत्तर कोरियाले कयौं क्षेप्यास्त्र परीक्षण पनि गरे। यसले पश्चिममा चिन्ता बढाएको छ भने तनाव पनि उत्पन्न गराएको छ। उत्तर कोरियाले सन् २०१७ मा कम्तीमा २० ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको छ। जसमा ३ वटा अन्तर महाद्विपीय ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण थिए।

अन्तर्राष्ट्रिय समुदायले लगातार क्षेप्यास्त्र परीक्षण जारी राखेपछि उत्तर कोरियामाथि कयौं आर्थिक प्रतिबन्ध लगाएका छन्।

## भारतमा आठमहिने शिशु बलात्कृत

नयाँदिल्ली, (एजेन्सी)

भारतको राजधानी नयाँदिल्लीमा एक आठमहिने छोरी शिशुलाई उनकै काकाको छोराले बलात्कार गरेको प्रहरीले मंगलबार जनाएको छ। अघिल्लो दिन उपचारका लागि एउटा स्थानीय अस्पतालमा ल्याइएकी उनको स्थिति चिन्ताजनक रहेको बताइएको छ।

प्रहरीले ज्यामी काम गर्ने ती २८ वर्षीय बलात्कारीलाई पक्राउ गरिएको सञ्चार माध्यमलाई बताएको छ। सोमबार अस्पतालमा पुगेर शिशुको स्वास्थ बुझेकी दिल्ली महिला आयोगका प्रमुख श्वाती मालिवालले चोट डरलाग्दो भएको बताएकी छिन्। आइतबार घटेको सो घटना स्थानीय सञ्चारमाध्यमले खबर प्रकाशित गरेपछि सोमबार मात्र सार्वजनिक भएको हो।

मालिवालले ट्विटरमा लेखेकी छिन्- 'ती पीडितको ३ घण्टा लामो शल्यक्रिया गरिएको छ। अस्पतालको सघन कक्षमा निस्कने उनको पीडाको चित्कारले जसको पनि मुटु छिया-छिया हुन्छ। उनका भित्री अंगहरुमा भयानक चोट लागेको छ। के गरौं ? यसरी ८ महिने शिशुको बलात्कार हुँदा दिल्ली कसरी सुत्न सक्छ ? हामी यति असंवेदनशील बनिसक्यौं वा यसलाई हामीले सामान्य ढंगले नियतिका रूपमा स्वीकारेका छौं ?'

मालिवालले प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रत्यक्ष अपिल गर्दै राष्ट्रका बालिकाको रक्षाका लागि अझै कडा कानुन र थप प्रहरी बलको माग गरेकी छिन्।

सन् २०१२ मा राजधानी दिल्लीमा गुडिरहेको गाडीभित्र एक २३ वर्षीया छात्राको सामूहिक बलात्कार र हत्या भएपछि भारत सरकारले यौन हिंसामाथि कडा निगरानी राख्न थालेको हो।

## अमेरिकी नाकाबन्दी सूचीप्रति पुटिन असन्तुष्ट

मस्को, (एजेन्सी)

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले नाकाबन्दी लगाउनका लागि संयुक्त राज्य अमेरिकाले प्रकाशित गरेको नयाँ सूचीले सम्पूर्ण रुसी जनतालाई प्रभाव पार्न लक्षित देखिएको प्रतिक्रिया मंगलबार दिएका छन्।

मस्कोले अमेरिकाको राष्ट्रपतीय निर्वाचनमा हस्तक्षेप गरेको कारण कारबाही स्वरूप नाकाबन्दी लगाउने उक्त नयाँ सूचीमा २ सय १० जना वरिष्ठ रुसी नागरिकको नामावली रहेको रुसी समाचार निकाय इतार तासले जनाएको छ।

यद्यपि अमेरिकाले ती नाम नयाँ नाकाबन्दीको उद्देश्यले तयार नपारिएको जनाएको छ। पुटिनले सो सूची शत्रुतापूर्ण भएको र यसले अमेरिका र रसियाबीचको सम्बन्धलाई जटिल बनाएको तर आफू परिस्थितिलाई अझै तनावपूर्ण बनाउने पक्षमा नरहेको बताएका छन्।

पुटिनले यस्तो विषम परिस्थितिमा पनि रसियाले आफ्नै बारे र अर्थतन्त्रमाथि ध्यान दिनु राम्रो हुने पनि बताएका छन्। गत अगस्टमा अमेरिकी कंग्रेसले पारित गरेको अमेरिकी शत्रुलाई नाकाबन्दीमार्फत प्रतिवाद गर्ने कानुनअन्तर्गत सरकारले यस्तो सूची तयार गर्नुपरेको हो। उक्त कानुन रसियाले सन् २०१६ मा अमेरिकी राष्ट्रपतीय चुनावमा खेलेको हस्तक्षेपकारी भूमिका र युक्रेनमा लिएको नीतिका कारण रसियामाथि कारबाही गर्न लक्षित रहेको छ।

## तेस्रोलिंगी महिलालाई पुरुष जस्तै बन्न दबाब

जाकार्ता, (एजेन्सी)

उत्तरी इन्डोनेसियाको प्रहरीले १२ जना तेस्रोलिंगी महिलालाई हिरासतमा लिएर तिनीहरुको कपाल काटिदिएको स्थानीय सञ्चारमाध्यमले जनाएको छ। साथै प्रहरीले तिनीहरुलाई वास्तविक पुरुषहरुले झैं व्यवहार गर्न प्रशिक्षण पनि दिएको छ।

यसै सप्ताहान्त आचेस प्रान्तको थुप्रै ब्युटी सैलुनमा छापा मारेर त्यहाँ कार्यरत तेस्रोलिंगी महिलालाई स्थानीय प्रहरी चौकीमा लगिएको हो। जबरजस्ती पुरुषको लुगा लगाउन बाध्य पारिएका तिनीहरुलाई ३ दिन हिरासतमा राखिने बताइएको छ। कडा इस्लामिक धार्मिक कानुन लागू हुने आचेस इन्डोनेसियाको एक मात्र प्रान्त हो।

मानव अधिकारवादी समूहले प्रहरीको यस कदमलाई कडा शब्दमा आलोचना गरेका छन्। तेस्रोलिंगी महिलालाई स्थानीय भाषामा 'वारिया' भन्ने गरिन्छ। इन्डोनेसियाली भाषामा यसका अर्थ महिला र पुरुष दुवै हुन् भन्ने बुझिन्छ।

स्थानीय प्रहरी प्रमुख अहमद उतुङ सुरिआनाताले बीबीसीलाई भनेका छन्- 'हामी तिनीहरुलाई परामर्श र प्रशिक्षण दिन ३ दिन हिरासतमा राख्दै छौं। काम पनि राम्रो भइरहेको छ। अहिले तिनीहरु सबैले वास्तविक पुरुषले जस्तै व्यवहार देखाउन थालेका छन्।'



तर, उनले बीबीसीलाई फोनमा यस्तो जानकारी दिइरहँदा ती तेस्रोलिंगी महिलामाथि चिच्याउँदै, 'तिमीहरु अझै वारिया हौ ?' भनिरहेको सुनिन्थ्यो। तिनीहरुले भन्दै दबाबमा आएर डराएर सानो स्वरमा आफूहरु वारिया नरहेको भनेको सुनिन्थ्यो। छिमेकीहरुले तेस्रोलिंगी महिला समुदायका कारण आफ्ना बालबालिकामाथि नकारात्मक असर पर्ने गुनासो गरेपछि प्रहरीले 'अप्रेसन एन्टी मोरल इलनेस' नामक अभियान थाल्दै तिनीहरुलाई हिरासतमा लिएको हो।

## विश्वकै अग्लो पुरुष र होची महिलाको भेट

कायरो, (एजेन्सी)

विश्वकै सबैभन्दा अग्लो पुरुष र सबैभन्दा होची महिलाको यो तस्वीर फोटोसपको चमत्कार होइन। यस ग्रहकै सबैभन्दा अग्ला ८ फिट ९ इन्च उचाइका टर्कीका ३६ वर्षीय सुल्तान कोसेन टावर जस्तो देखिएका छन्। जब कि २ फिट ६ इन्च मात्र उचाइकी भारतको नागपुरकी ज्योति अम्गेलाई उनको शिरसम्मको झलक पाउन टाउकोलाई आफूले सकेसम्म पछाडि तन्काउनुपरेको देखिन्छ।

२५ वर्षीय अम्गे विश्वकै सबैभन्दा होची महिलाका रूपमा गिनिज बुक अफ वर्ल्ड रेकर्डमा दर्ता भइसकेकी छिन्। उनले आफना ठीक उल्टो कीर्तिमानधारीसँग इजिप्टमा फोटोसुटका लागि भेटिकी हुन्।

विश्व कीर्तिमानधारी यी जोडीले इजिप्टको गिजा शहरमा देशको पर्यटन प्रवर्द्धन प्रयोजनका लागि विभिन्न पोजमा तस्वीर खिचाएका थिए। पिउटुइटरी ग्ल्यान्डमा हुने गडबडीका कारण अत्यधिक अग्लो भएका कोसेन इतिहासमा ८ फिट वा त्योभन्दा बढी उचाइ हुने १० व्यक्ति मध्येका एक हुन्।

अकोन्डोप्लासियाका कारण होची बनेकी अम्गे २५ वर्षकी भए पनि २ वर्षका बालबालिकाको औसत उचाइभन्दा होची छिन्।



यस अगाडि उच्चस्तरीय शिक्षा आयोगले प्रस्तुत गरेको सुझावमा समेत कूटनीतिक नियोगलाई आफ्ना विद्यार्थी अध्यापन गराउनका लागि एक-एक वटा मात्रै विद्यालय सञ्चालन गर्न दिनुपर्ने उल्लेख गरेको छ। जसमा नेपाली विद्यार्थीलाई अध्ययन गर्न प्रतिबन्ध गरिनुपर्नेमा जोड दिएको छ।

# विदेश नजान कार्यकर्तालाई एमालेको निर्देशन

नेपाल समाचारपत्र
काठमाडौं

नेकपा एमालेले राष्ट्रियसभा निर्वाचनमा मतदाता रहेका निर्वाचन मण्डलका सदस्यहरू तथा पार्टीको तर्फबाट निवार्चित सबैलाई निर्वाचन सम्पन्न नभएसम्म देशबाहिर र प्रदेशबाहिर नजान निर्देशन दिएको छ।

पार्टीका तर्फबाट निवाचित सदस्यहरू, प्रदेशसभा सदस्य, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका प्रमुख, उपप्रमुख गाउँपालिका अध्यक्ष, र उपाध्यक्षहरू राष्ट्रियसभाको निर्वाचन सम्पन्न नभएसम्म देश बाहिर र प्रदेश बाहिर नजान निर्देशन दिएको हो। पार्टीको केन्द्रीय कार्यालय धुम्बाराहीमा बसेको एमाले स्थायी कमिटीको बैठकले राष्ट्रियसभा सदस्य पदको निर्वाचनमा प्रयोग हुने एकल संक्रमणीय निर्वाचन प्रणालीका सम्बन्धमा सम्पूर्ण मतदातालाई अनिवार्य रूपमा मतदानसम्बन्धी तालीम दिने निर्णय गरेको छ। राष्ट्रियसभाका लागि तय भएका एमाले र नेकपा (माओवादी केन्द्र)का साझा उम्मेदवारहरूलाई विजयी बनाउन पारस्परिक सल्लाहका आधारमा दुवै पार्टीको तर्फबाट संयुक्त रूपमा प्रचारप्रसार, मतदाता शिक्षा, व्यवस्थापनलगायतका कार्य गर्ने निर्णय गरेको एमाले केन्द्रीय कार्यालयका सचिव कृष्णगोपाल श्रेष्ठले बताउनुभयो।

बैठकले संसदीय दल नेताको निर्वाचन सम्पन्न भएको प्रदेशमा दल नेताको अध्यक्षतामा र दल नेताको निर्वाचन सम्पन्न हुन बाँकी रहेका प्रदेशमा ज्येष्ठ सदस्यको अध्यक्षतामा प्रदेशसभा संसदीय दलको बैठक बस्ने तय गर्ने निर्णय गरेको छ।

सचिव श्रेष्ठका अनुसार पार्टीले प्रदेशसभा संसदीय दलको नेता चयन हुन बाँकी रहेका प्रदेशहरूमा यही माघ २४ गते राष्ट्रियसभा सदस्यको निर्वाचन सम्पन्न भएलगत्तै ज्येष्ठ सदस्यको अध्यक्षतामा प्रदेशसभा संसदीय दलको बैठक बस्ने र दल नेताको चयन गर्नेछ। दलका नेता वा सभामुखको निर्वाचनलगायत निर्वाचनको सिलसिलामा कुनै पनि प्रकारका अनुचित र अस्वस्थ गतिविधि गर्नन पनि एमालेले निर्देशन दिएको छ।

बैठकले प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा रहेको वर्तमान कामचलाउ सरकारका संविधान, कानून, लोकतान्त्रिक मूल्य मान्यता र नैतिकता विपरीतका कार्यप्रति गम्भीर ध्यानाकर्षण गराएको सचिव श्रेष्ठले जानकारी दिनुभयो। 'ताजा जनादेश प्राप्त राजनीतिक दलहरू, सञ्चार जगत् र आमनागरिकको आलोचना र विरोधलाई बेवास्ता गर्दै कामचलाउ सरकारले गरेका राष्ट्रिय ढुकुटी दुरूपयोग, मनपरी नियुक्ति, सरुवा तथा बढुवाजस्ता स्वेच्छाचारी निर्णयको बैठकले भर्त्सना गर्ने निर्णय गरेको केन्द्रीय कार्यालयका सचिव श्रेष्ठले जानकारी दिनुभयो।

## प्रहरीद्वारा गाँजा खेती नष्ट

कृष्णउदास खनाल, वीरगन्ज

पर्साको ठोरी गाउँपालिका ४ मा लगाइएको अबैध गाजाँखेती मंगलबार नष्ट गरिएको पर्सा प्रहरीले जनाएको छ।

सुर्तीबारीभित्र लुकाइछिपाइ रोपिएको करिब १० धुर जमिनको अबैध गाँजा खेती इलाका प्रहरी कार्यालय ठोरी र सशस्त्र प्रहरी वोर्डर आउट पोस्ट सुवर्णपुरबाट खटिएको संयुक्त सुरक्षा टोलीले नष्ट गरेको हो। विशेष सुराकीको आधारमा सुर्तीखेतीभित्र गाँजा लगाइएको सूचना प्राप्त भएकोले खोजी गर्दै जादा गाँजा खेती गरेको पाइएकाले वडाध्यक्ष बइबहादुर पाख्रीनको रोहबरमा गाँजा जलाएर नष्ट गरिएको इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक लोकेन्द्र सिंह गुरुले जानकारी दिए।

लागूऔषध गाँजा फँडानीलाई निरन्तरता दिने उनले जानकारी दिए। यसैबीच पर्सामा फेरि गाँजा खेती शुरू भएको छ। कुनै बेला गाँजा खेती उत्पादन गर्ने जिल्लाकै रूपमा कहलिएको पर्सामा बिगत केही वर्षयता बन्द रहेको गाँजा खेती फेरि शुरू भएको हो।

जिल्लाको ठोरीसहित पटेर्वासुगौली, जीराभवानीलगायतका गाउँपालिकाको केही स्थानमा गाँजा खेती शुरू गरिएको छ। यद्यपि पर्सा प्रहरीले भने गाँजा खेती सबै फँडानी गरिने दाबी गरेको छ।

## संसद सचिवालयका कर्मचारी आइपुगे

सुर्खेत, (नेस) ।प्रदेश नम्बर ६ को प्रदेस सभाका लागि केन्द्र सरकारले खटाएका कर्मचारीहरू मंगलबार वीरेन्द्रनगरमा आइपुगेका छन्। संसद सचिवालयका सहसचिव कृष्णबहादुर खड्काको नेतृत्वमा ४ जना कर्मचारीहरू वीरेन्द्रनगर आइपुगेका हुन्। प्रदेस सचिव भरत ढुंगानका अनुसार प्रदेससभाको आवश्यक तयारीका लागि कर्मचारीहरू खटिसकेका छन्। संसद सचिवालयका सहसचिव कृष्णबहादुर खड्काले आफूहरू काममा खटिसकेको बताए। उनले भने- 'सबैभन्दा पहिले पूर्वाधार तयार गर्ने कामको शुरू गरेका छौं।' उनले भने- 'आजै हामीले सभाहलको समेत निरीक्षण गरेका छौं।' सहसचिव खड्काले सभाहलको काम सम्पन्न भइसकेपछि आफूहरू प्रदेशसभा चलाउने नीति बनाउन लाग्ने बताए। उनले भने, 'आगामी प्रदेससभा बैठक चलाउने विधि र नियम बनाउने कार्यमा समेत हामी जुटनेछौं।'

## दूध बेचेर मासिक ३० हजार आम्दानी

सरिता चलाउने, सल्यान

सल्यानको कालिमाटी गाउँपालिका वडा न २ भिंगानेका ज्योतिप्रसाद भण्डारीले भैंसीको दूध बेचेर मासिक ३० हजारभन्दा बढी आम्दानी गर्दै आइरहनुभएको छ। २ वर्षअघि सुर्खेतबाट ३ लाखको लगानीमा उन्नत मुर्रा जातका भैंसी पालेर मनग्य आम्दानी लिदै आइरहनुभएको हो। भैंसीपालन व्यवसाय उहाँलाई आजभोलि बरदान सावित भएको छ। जिल्ला पशुसेवा कार्यालय सल्यानले भैंसी पालनसम्बन्धी तालिम दिएपछि त्यस तालिमबाटै प्रभावित भएर भैंसीपालन शुरू गरेको ५३ वर्षीय कृषक भण्डारीले बताउनुभयो।

२ भाइ छोरा र घर खर्च कटाएर मासिक ३० हजार आम्दानी हुने गरेको भण्डारीको भनाइ रहेको छ। उहाँले भन्नुभयो अहिले मसँग ३ वटा भैंसी दुहुना छन् भने ३ पाडापाडी छन् ३ वटा भैंसीबाट दैनिक ३० देखि ४० लिटर दूध बिक्री गर्दै आइरहेको छु। दूध बेचेरै २ वटा छोरालाई पढाउने र घरको अरू खर्च धानेको र मासिक ३० हजार बचत हुँदै आइरहेको छ।

दूध बिक्रीका लागि कुनै समस्या नभएको भन्दै उहाँले कालिमाटी बजारमै दूध पुऱ्याउनै गाह्रो भइरहेको भनाइ रहेको छ। काम गर्ने इच्छाशक्ति हुने हो भने उमेरले नछेक्ने बताउँदै पैसा कमाउन विदेशनै जानुनपर्ने बताउनुभयो। उहाँले भन्नुभयो आजभोलि युवायुवतीहरू गाउँमा काम गर्न लाज मानेर विदेशमा गइरहेका छन् तर विदेशमा जस्तो पनि काम गर्न तयार हुन्छन्। मनमा काम गर्ने इच्छाशक्ति हुने हो भने विदेशमा नभइ स्वदेशमै पनि विदेशको जति पैसा कमाउन सकिँदोरहेछ।

## 'सबै निर्णय वैधानिक'

पर्वत, (नेस)

बाणिज्य मन्त्री मिन विश्वकर्माले सरकारमा बसेर गरेका सबै निर्णयहरू वैधानिक भएको दाबी गरेका छन्।

प्रतिनिधिसभा निर्वाचनमा बहुमत हासिल गरेको एमालेलगायतका दलले सरकारले पछिल्लो समय गरेका निर्णयहरू अवैधानिक भएको र खारेज गर्ने बताइरहेका बेला मन्त्री विश्वकर्माले सरकारको निर्णयको बचाउन गरेका हुन्। पर्वतको कुस्मा बजारमा सञ्चालित शहीदस्मारक आवासीय माविले शहीद दिवसको अवसरमा आयोजना गरेको कार्यक्रममा बोल्दै बाणिज्य मन्त्री विकले भने- ' सिंहदरबारमा बसेर सरकारले गरेका सबै निर्णय बैधानिक हुन्'। उनले सरकार छाडेर हिँडेपछि निर्णय गरेको भए मात्रै अवैधानिक हुने जिकिर गरे। निर्वाचनमा पराजित भएर कामचलाउ हालतमा पुगेको सरकारले मुलुकमा दीर्घकालीन महत्व राख्ने निर्णय गरेको भन्दै आलोचना भइरहेका बेला मन्त्री विश्वकर्माले भने सरकारसंग गोल हान्ने अवसर रहेकाले अझै धेरै महत्वपुर्ण निर्णय गर्न सक्ने संकेत समेत दिए। 'खेलमा पसेपछि अन्तिम समयसम्म गोल गर्ने चाहना हुन्छ' उनले भने- 'सरकारमा बसुन्जेल गोल हान्ने अवसर कत्तिपनि छाडिन्न, गोल गर्ने अवसर कसैले गुमाउँदैन।'

प्रधानमन्त्री शेरबहादुर देउवा निर्णय गर्ने कुरामा नडराउने बताउँदै सरकारमा सरकारमा पुगेका बेला धेरै सकारात्मक निर्णय गरेको दाबी गरे।

## बलमिच्याइँ नगर्न चेतावनी

काठमाडौं, (नेस)

शिक्षाविद् डा. मनप्रसाद वाग्लेले विद्यालय सञ्चालनमा कूटनीतिक नियोगले बलमिच्याइँ गर्दा पनि सरकारले केही गर्न नसकेको आरोप लगाएका छन्। नेपालमा रहेका कूटनीतिक नियोगले नियम विपरीत आफूखुसी विद्यालय सञ्चालन गरेको बताउँदै सरकारले स्पष्ट नीति र कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता आवश्यक रहेको बताउनुभयो।

उहाँले भन्नुभयो- 'कानुनले कूटनीति नियोगलाई एउटा विद्यालय खोल्न अनुमति दिएको छ, तर हाल बलमिच्याइँले गर्दा एकभन्दा धेरै विद्यालय खोलिएका छन्।' 'डब्ल्युटीओले समेत कक्षा १२ सम्म बहुदेशीय विद्यालय खोल्न नपाउने भनिसकेको अवस्थामा कुन आधारमा नेपालमा कूटनीतिक नियोगका विद्यालय सञ्चालनमा छन् ?' उहाँको प्रश्न थियो।

यस अगाडि उच्चस्तरीय शिक्षा आयोगले प्रस्तुत गरेको सुझावमा समेत कूटनीतिक नियोगलाई आफ्ना विद्यार्थी अध्यापन गराउनका लागि एक-एक वटा मात्रै विद्यालय सञ्चालन गर्न दिनुपर्ने उल्लेख गरेको छ। जसमा नेपाली विद्यार्थीलाई अध्ययन गर्न प्रतिबन्ध गरिनुपर्नेमा जोड दिएको छ।

एजुकेसन न्युज तथा स्कूल खबर पत्रिकाको आयोजना भएको अन्तरक्रिया कार्यक्रममा बोल्दै शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले तत्काल विदेशी शिक्षालाई अनुमति नदिएको स्पष्ट पार्नुभयो। उहाँले शिक्षा ऐनमा स्पष्ट रूपमा कूटनीतिक नियोगले एउटा विद्यालय सञ्चालन गर्न पाउने प्रावधान छ, तर एउटाभन्दा बढी आवश्यक परेमा सरकारसँग सम्झौता गरेर खोल्न पाउने व्यवस्था गरेको जानकारी दिनुभयो।

तर, हामीले ऐनमा भएको कुरा कार्यान्वयन गर्ने हो, ऐन नै नमान्ने कार्यान्वयन नगर्ने भन्न मिल्दैन। तर हाल अहिले कुनै पनि विदेशी विद्यालय सञ्चालनका लागि अनुमति नदिएको उहाँको धारणा थियो। कार्यक्रममा बोल्दै वरिष्ठ अधिवक्ता टिकाराम भट्टराईले 'बलियो राजनीतिक प्रतिबद्धता' नहुँदासम्म यस्ता समस्या समाधान नहुने बताउनुभयो। पूर्वप्रधानमन्त्रीसम्मका नेताहरू भारतीय दूतावासमा छोराछोरीलाई छात्रवृत्ति माग्दै जाने समय छँदासम्म यस्ता समस्या दोहोरिरहने उहाँको भनाइ थियो।

हाल नेपालमा भारतको माध्यमिक शिक्षा केन्द्रीय बोर्ड सीबीएसईको सम्बन्धनमा १४ वटा विद्यालय सञ्चालनमा छन् भने क्याम्ब्रिज विश्वविद्यालयको सम्बनधनमा ४० भन्दा बढी 'ए लेभल' का कलेज सञ्चालनमा छन्। कूटनीतिक नियोग, मिसन तथा विदेशी बोर्डबाट सम्बन्धनप्राप्त विद्यालय आवश्यक नहरेको भन्दै यस्ता विद्यालय निश्चित समयसीमा निर्धारण गरी हटाउनुपर्नेमा उच्चस्तरीय शिक्षा आयोगले सुझावका रूपमा पेश गरेको छ।

## भीमेश्वर नगरपालिकाको पहिलो राजपत्र

चिरञ्जीवी मास्के, दोलखा

दोलखाको भीमेश्वर नगरपालिकाले संविधानले दिएको अधिकारको प्रयोग गर्दै पहिलो पटक विभिन्न ऐन, नियमावली, निर्देशीका तथा आदेश एवं सूचनासहितको राजपत्र स्वीकृत गरी जारी गरेको छ।

मंगलबार पत्रकार सम्मेलन गर्दै भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसीले ३ भागमा प्रकाशीत स्वीकृत राजपत्र सार्वजनिक गर्नुभएको हो। राजपत्रको भाग १ मा ऐन, भाग २ मा नियमावली, कार्यविधि, निर्देशीका तथा मापदण्ड र भाग ३ मा आदेश तथा सूचना समेटिएको छ।

स्वीकृत गरी सार्वजनिक गरिएको राजपत्रको भाग १ मा विनियोजित ऐन २०७४, आर्थिक ऐन २०७४ समावेश गरिएको छ भने भाग २ मा नाता प्रमाणित गर्ने निवेदन र नाता प्रमाणपत्रको ढाँचा, नाता कायम गरिएको प्रमाणपत्रको ढाँचा (नेपाली र अंग्रेजी) र भारी सवारी साधान सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ रहेको छ। त्यसैगरी भाग ३ मा भीमेश्वर नगपालिकाको मुख्य बजार क्षेत्र व्यवसथापन गर्ने सम्बन्धी आदेश २०७४, आगलागी नियन्त्रणका लागि अग्नी नियन्त्रक ग्यास राख्ने बारेको आदेश २०७४, आधारभूत शिक्षा उर्त्तीण परीक्षा बोर्ड, भीमेश्वर नगरपालिका गठन गरिएको सूचना २०७४ रहेको छ।

भीमेश्वर नगरपालिकाका सचिव शंकर नेपालका अनुसार राजपत्रमा प्रकाशित भाग १ को विनियोजित ऐनमा विभिन्न कार्यक्रमका लागि विनियोजन गरिएको रकम, आर्थिक ऐनमा सम्पत्ति कर, घर वहाल कर, विज्ञापन कर, पार्किङ शुल्क, सेवा शुल्क, कर छुट, जग्गाको मूल्यलगायतका विषय समेटिएको छ। त्यसै गरी भाग २ मा विभिन्न निवेदनहरूको ढाँचा, नगरपालिकासँग रहेको लोडर, सक्सन मेसिन, ट्याक्टर, कम्प्रेशरलगायतका विभिन्न सवारी साधनको प्रयोग गर्दा लाग्ने शूल्क तोकिएको छ। भाग ३ मा नगरपालिकालाई व्यवस्थित गर्न १५ मिटरभित्र निर्माण सामग्री राख्न नपाइने, सडकको फुटपाथ अतिक्रमण गरी पसलको सामग्री राख्न नपाइने, पसल, कार्यालय, संघ संस्थाको बोर्ड एकै साइजको हुनुपर्ने, अनधिकृत भऱ्याङ, छत हटाउनेलगायतका निर्देशन जारी गरिएको छ। त्यसैगरी आगलागी नियन्त्रणका लागि हरेक बैङ्क, होटल, रेस्टुरेन्ट, मदिरा बिक्री केन्द्रलगायतका ठाँउमा अग्नी नियन्त्रक ग्यास राख्ने निर्देशन पनि भाग ३ मा राखिएको छ। त्यसैगरी भाग ३ मा आधारभूत शिक्षा उर्त्तीण बोर्डसमेत गठन भएको उल्लेख गरिएको छ।

भीमेश्वर नगरपालिकाका कानुनी सल्लाहकार अधिवक्ता कृष्ण वस्नेत राजपत्र भीमेश्वर नगरपालिकाको आधिकारिक सूचना भएकोले त्यसमा प्रकाशित भएको मितिदेखि त्यस्ता ऐन, निर्देशिका, कार्यविधि, आदेश कानुनसरह लागू हुने बताए।

नगरप्रमुख भरत केसीले राजपत्रमा प्रकाशित विभिन्न विषयलाई तोकिएको मितिदेखि कडाइका साथ कार्यान्वयन गरिने उल्लेख गर्दै यसका लागि सबै नगरवासीले हार्दिकतापूर्वक सहयोग गर्नुपर्ने बताए।

### फाजिलमा...

अधिकारीको बढुवाका लागि रेग्मीले सरकारलाई दबाब दिँदै आएका थिए। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारको निर्णयका बिरुद्धमा पटक -पटक सार्वजनिक अभिव्यक्ति दिएको भए पनि सशस्त्र मुख्यालयले बढुवाको सूची निकालेर दर्ज्यानी चिन्ह प्रदान गर्न लागेको हो। गृहमन्त्रालयले सहसचिवलाई प्रदेश सचिव बनाए सशस्त्र प्रहरी बलमा बढुवामा परेका एआईजीहरूलाई फाजिलमा राख्ने निर्णय गरेको थियो।

सरकारले सहसचिवलाई नै प्रदेश सचिव बनाउने भएपछि आज एआईजीको दर्ज्यानी चिन्ह लगाउने ५ जना एआईजीलाई बिनादरवन्दी सशस्त्र प्रहरी बल मुख्यालयमा राखेर अवकास दिने तयारी गरिएको छ। अहिलेको सरकारले आफ्ना मान्छेलाई एआईजी बनाउने नाममा बढुवा गरेका अधिकृतहरू विभाग बिनानै अवकास पाउने अवस्था र्सिजना भएको छ। शान्ति सुरक्षा कायम राख्ने भन्दापनि एकले अर्कालाई सिध्याउने र आफूमाथि पुग्ने दाउमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका उच्च अधिकारी उद्धत रहका कारण मुलुकको शान्ति सुरक्षामा गम्भिर चुनौती थपिँदै गएको एक उच्च सुरक्षा अधिकारी बताउँछन्। सशस्त्रमा आफ्ना मान्छेलाई उपल्लो ठाउँमा पुऱ्याउन संगठन प्रमुख नै लागे पनि तल्लो तहमा देखिएको समस्या समाधानमा भने चुक्दै गएको ती अधिकारीले बताए। अहिलेको अवस्था सशस्त्र प्रहरी बलमा रहने हो भने बिद्रोह हुनसक्ने चेतावनी अधिकृतहरूले दिन थालेका छन्।

### सम्बन्ध...

विगतमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग चिसिएको सम्बन्ध सुधार्न र नयाँ सरकारसँग फरक ढंगले सम्बन्ध विस्तार गर्न मोदी भ्रमणमा आउने ती अधिकारीले खुलासा गरे। ती अधिकारीले भने- 'मोदीको भ्रमणको क्रममा धार्मिक भ्रमणसंगै नेपाललाई भारतले विशेष सहयोगको घोषणासमेत गर्न सक्ने छ।' एमाले-माओवादी नेतृत्वमा नयाँ सरकार गर्ने निधो भएपछिको अवस्थालाई भारतले सकारात्मक रूपमा लिएको सन्देश दिने मुख्य उद्देश्यका साथ अहिले स्वराजको नेपाल भ्रमण तय भएको उनले बताए। त्यस्तै संकेत गर्दै मोदी-ओली बीच यसअघि नै २ पटक टेलिफोन संवाद भइसकेको छ। भारतीय नाका बन्दीपछि नेपालमा गढेको भारत विरोधी धारणा र बढ्दो चिनियाँ प्रभाव घटाउन भारत आफैंले अहिले स्वराज भ्रमणको तयारी गरेको बताइएको छ।

ओली नेतृत्वमा नयाँ सरकार गठन हुने निधो भएपछि दुवै पूर्व समकक्षीहरूले विगतको तुष बिर्सिएर अघि बढ्नुको विकल्प नभएको टिप्पणीसमेत गरिन थालिएको छ।

मोदी पछिल्लो टेलिफोन संवादमा ओलीलाई प्रधानमन्त्री पदको अग्रिम शुभकामना दिइसक्नुभएको छ भने ओलीले पनि मोदीलाई नेपालका धार्मिक स्थलहरूको भ्रमण गर्ने निम्तो दिदै सम्बन्ध सुधारको संकेत गरिसक्नुभएको छ।

### संघीय...

समितिलाई दिइएको जिम्मेवारीअनुसार जनशक्ति व्यवस्थापन, चालू खर्च, संगठन संरचना, भौतिक संरचनालगयातको अध्ययन गरेर प्रतिवेदन बुझाइएको गौतमले बताउनुभयो।

सहसचिव थापाले तयार पारेको संगठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षणलाई नै आधार मानेर समितिको प्रतिवेदनमा कर्मचारीको संख्या निर्धारण गरिएको प्रशासन महाशाखाका सह-सचिव सुरजकुमार दुराले जानकारी दिनुभयो। महासचिव १, सचिव४, सहसचिव १३, जना उपसचिव ५१ शाखा अधिकृत ७५ १ सय २९ जना नायब सुव्वा र २ ९ जना खरिदार, श्रेणीविहीन पद ६७ (सवारी चालक २० र कार्यालय सहयोगी ४७) रहेका छन्।

संसद् सचिवालय कर्मचारी प्रशासन नियमावली २०६५ को नियम (११) अनुसार, सिर्जना गरिएको पद वा रिक्त रहेको पद एक वर्षसम्म पदपूर्ति नभए स्वत: खारेज हुने व्यवस्था छ।

## ज्योतिषलाई नवरत्न अवार्ड

नेपाल समाचारपत्र
काठमाडौं



दक्षिण एसियाली महासंघ र इन्टरनेसनल एस्टो फाउन्डेसन इन्डियाले श्रीलंकाको कोलम्बोमा जनवरी ५ देखि ७ तारिखसम्म गरेको अन्तर्राष्ट्रिय ज्योतिष सम्मेलनमा दिइने नवरत्न अवार्ड सोमबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी प्रदान गरिएको छ।

दक्षिण एसियाली ज्योतिष महासंघ राष्ट्रिय समितिले आयोजना गरेको कार्यक्रममा ज्योतिषको क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिलाई प्रदान गरिने नवरत्न अवार्ड नेपाली ज्यातिषहरू दिइएको हो। दक्षिण एसियाली ज्योतिष महासंघका अध्यक्ष डा. सहदेव विष्ट र कार्यक्रमका प्रमुख अतिथि महिला तथा बालबालिका राज्यमन्त्री कान्ता भट्टराईले उक्त अवार्ड प्रदान गर्नुभएको थियो। नवरत्न अवार्डबाट विश्व ज्योतिष महासंघका अध्यक्ष डा. लोकराज पौडेल, नेपाल ज्योतिष परिषद्का अध्यक्ष माधवराज पाण्डे, प्रा. श्रीकृष्ण अधिकारी, वास्तुविद् माधवमंगल जोशी, आचार्य सन्तोष वशिष्ठ, दक्षिण एसियाली ज्योतिष महासंघ राष्ट्रिय समितिका अध्यक्ष आचार्य लक्ष्मण पन्थी, पञ्चांगकार श्रीकेश कौशिकलगायत विभूषित हुनुभयो।

होटल खाजे दरबार कमलपोरीमा आयोजित कार्यक्रममा दक्षिण एसियाली ज्योतिष महासंघ राष्ट्रिय समितिले भर्खरै सम्पन्न सम्मेलनबाट निर्वाचित हुनुभएका दक्षिण एसियाली ज्योतिष महासंघका अध्यक्ष डा. सहदेव विष्टलाई कार्यकालको सफलताको शुभकामना तथा बधाई ज्ञापन गऱ्यो।



# अर्थ

2018, JAN
Wednesday
31

{ हाइड्रोले जिल्लाका सनराइज, प्रभु र लक्ष्मी बैंकसहित सन्दकपुर गाउँपालिकाको कार्यालय र माबु हाइड्रोको कार्यालयमा गरी ५ स्थानबाट शेयर रकम संकलन गरिरहेको छ।

# छ महिनामा पाँच खर्ब व्यापारघाटा

**नेपाल समाचारपत्र**

काठमाडौं

चालू आर्थिक वर्षको पहिलो छ महिना अवधिमा वैदेशिक व्यापारमा मुलुकले व्यहोरेको घाटा करिब ५ खर्ब रुपियाँ पुगेको छ। भन्सार विभागले सार्वजनिक गरेको चालू आर्थिक वर्षको दोस्रो त्रैमासिक विवरणअनुसार व्यापार घाटा ४ खर्ब ९३ अर्ब ८८ करोड ८१ लाख रुपियाँ नाघेको हो।

यस अवधिमा मुलुकले कुल ५ खर्ब ७६ अर्ब २२ करोड २२ लाख रुपियाँ बराबरको कुल वैदेशिक व्यापार गर्दा ५ खर्ब ३५ अर्ब ५ करोड ५१ लाख रुपियाँ बराबर आयात र ४१ अर्ब १६ करोड ७० लाख रुपियाँ बराबर मात्र निर्यात गरेको छ।

आर्थिक वर्षको ६ महिना अवधिमा कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ९२ दशमलव ९ प्रतिशत र निर्यातको हिस्सा ७ दशमलव १ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिसम्म आयात निर्यातको अनुपात तुलना गर्दा आयात बढे पनि निर्यात भने घटेको देखिन्छ। गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको वैदेशिक व्यापारमा १ दशमलव ३९ प्रतिशतले निर्यात घटेको छ भने शून्य दशमलव ११ प्रतिशतले आयात बढेको छ।

वैदेशिक व्यापारमा आयातको हिस्सा बढे पनि निर्यात सोही अनुपातमा बढेको देखिँदैन। चालू आर्थिक वर्षको छ महिना अवधिलाई गत

> छ महिनाको अवधिमा मुलुकले कुल ५ खर्ब ७६ अर्ब २२ करोड २२ लाख रूपियाँ बराबरको कुल वैदेशिक व्यापार गर्दा ५ खर्ब ३५ अर्ब ५ करोड ५१ लाख रूपियाँ बराबर आयात र ४१ अर्ब १६ करोड ७० लाख रूपियाँ बराबर मात्र निर्यात गरेको छ।

आर्थिक वर्षको सोही अवधिसम्म भएको आयात, निर्यातलाई तुलना गर्दा आयात १५ दशमलव ३८ प्रतिशत र निर्यात १३ दशमलव ७२ प्रतिशतले बढेको देखिन्छ।

निर्यातको तुलनामा आयात हुने वस्तुको परिणाम उच्च हुँदा नेपालको वैदेशिक व्यापारको अवस्थामा सन्तुलन कायम हुन सकेको छैन। हरेक वर्ष आयात निरन्तर बढे पनि निर्यात भने खुम्चिँदै गएको छ। मुलुकले यस अवधिमा गरेको वैदेशिक व्यापारमा छिमेकी मुलुक भारतसँग मात्र कुल व्यापारको ६५ दशमलव ७ प्रतिशत आयात र ५६ दशमलव ६ प्रतिशत निर्यात गरिरहेको छ। औसतमा भारतसँग मात्र नेपालले ६५ दशमलव शून्य २ प्रतिशत वैदेशिक व्यापार गरेको छ। सो अवधिमा मुलुकले भारतसँगमात्र बेहोरेको व्यापारघाटा ३ खर्व २८ अर्ब १५ करोड ५० लाख रुपियाँभन्दा बढी देखिन्छ। भारतसँग नेपालले गरेको व्यापारको हिस्सामा ३ खर्ब ५१ अर्ब ४१ करोड १९ लाख रुपियाँ बराबरको आयात र २३ अर्ब २ करोड ६६ लाख रुपियाँ बराबरको निर्यात गरेको छ।

त्यसैगरी नेपालको दोस्रो ठूलो वैदेशिक साझेदार मुलुक चीनसँग ६६ अर्ब ३० करोड ८३ लाख रुपियाँ बराबरको व्यापारघाटा बेहोरेको छ। छ महिना अवधिमा ६७ अर्ब ८८ करोड ४० लाख रुपियाँ बराबरको आयात गर्दा १ अर्ब ५७ करोड ५६ लाख ९३ हजार रुपियाँ बराबरको निर्यात गरेको छ।

यस अवधिमा वीरगन्ज सबैभन्दा ठूलो आयातकर्ता र विराटनगर सबैभन्दा ठूलो निर्यातकर्ता भन्सार कार्यालयमा रूपमा देखिएको छ। वीरगन्ज भन्सार कार्यालयबाट सबैभन्दा धेरै अर्थात् कुल आयातको ३३ दशमलव ७१ प्रतिशत आयात भएको छ।

त्यसैगरी कुल निर्यातमा वीरगन्ज भन्सार कार्यालयमार्फत कुल निर्यातको २९ दशमलव ८४ प्रतिशत शून्य १ प्रतिशत निर्यात भएको छ। जनकपुर, जलेश्वर, गौर र सिराहा भन्सार कार्यालयबाट भने निर्यात शून्य देखिएको छ।

## सहकारीका विशिष्ट व्यक्ति बाँस्कोटा सम्मानित

काभ्रे, (नेस)

सहकारी क्षेत्रका विशिष्ट व्यक्तित्व दीपकप्रसाद बाँस्कोटा बुसा सहकारी साधना राष्ट्रिय सम्मानबाट सम्मानित हुनुभएको छ। बुडोल सामुदायिक साकोसले स्थापनाको १९औं वार्षिकोत्सवका अवसरमा बाँस्कोटालाई नगदसहित बनेपामा सम्मान गरेको हो।

सम्मान ग्रहण गर्दै बाँस्कोटाले सहकारी अभियानलाई उचाइमा पुऱ्याउन र मुलुकको अर्थतन्त्रलाई अगाडि बढाउन सहकारी क्षेत्रले खेलेको भूमिकालाई आगामी दिनमा स्थानीय सरकारले कायम राख्न सक्नुपर्ने बताउनुभयो। धेरै सरकार, सरकार नै पिच्छेका सहकारी नीतिले सरकार सफल र असफल हुँदा सहकारी आन्दोलन पनि सफल र असफल हुने भएकाले देशभरका सहकारीकर्मीले सहकारी अभियानलाई सरकारसँग मात्रै जोडेर नहेर्न पनि बाँस्कोटाको आग्रह थियो। कार्यक्रममा नेफ्स्कुनका केन्द्रीय अध्यक्ष डिबी बस्नेत र संस्थाका अध्यक्ष रामहरी केसीले बाँस्कोटालाई नगद ११ हजार १ सय ११ सहित दोसल्ला र सम्मानपत्रद्वारा सम्मान गर्नुभएको थियो।

## हाइड्रोमा शेयर हाल्नेको भिड

गणेश घिमिरे, इलाम

पञ्चकन्या माई हाइड्रो पावर लिमिटेडले ११ करोड रुपियाँ शेयर सर्वसाधारणका लागि खुलाएपछि इलामका विभिन्न बैंकमा शेयर हाल्न लाइन बस्नेको भीड बढेको छ। ११ लाख कित्ता शेयर सर्वसाधारणलाई आह्वान गरिएको शेयर गत माघ ५ गतेदेखि खुला भएदेखि हाइड्रोमा हाल शेयर रकम १६ करोड ६० लाख रुपियाँ जम्मा भइसकेको छ।

### ११ करोडका लागि हालसम्म साढे १६ करोड रुपियाँ संकलन

हाइड्रोले जिल्लाका सनराइज, प्रभु र लक्ष्मी बैंकसहित सन्दकपुर गाउँपालिकाको कार्यालय र माबु हाइड्रोको कार्यालयमा गरी ५ स्थानबाट शेयर रकम संकलन गरिरहेको छ।

संकलन भएको रकममध्ये हालसम्म सनराईज बैंकमा ९ करोड रुपियाँ, लक्ष्मी बैंकमा ३ करोड रुपियाँ र प्रभु बैंकमा ३ करोड १० लाख रुपियाँ शेयर रकम जम्मा भइसकेको छ। यस्तै माबु हाइड्रोको कार्यालय र सन्दकपुर गाउँपालिकाको कार्यालयमा कुल १ करोड ५० लाख रुपियाँसहित जम्मा १६ करोड ६० लाख रुपियाँ पुगेको कम्पनिका कार्यकारी निर्देशक सन्तोषकुमार प्रधानले जनाकारी दिनुभयो। सर्वसाधरणले आउँदो माघ १९ गतेसम्म शेयर हाल्ने समयवधि रहेको छ।

हाइड्रोले २ विधामा शेयर खुलाएको थियो। हाइड्रोले अति प्रभावित सन्दकपुर गाउँपालिकाबासीका लागि ६० प्रतिशत अर्थात् ६ लाख ६० हजार कित्ता र प्रभावितका रूपमा इलाम नगरपालिकाबासीका लागि ४० प्रतिशत अर्थात् ४ लाख ४० हजार कित्ता शेयर रहेको छ।

तर अति प्रभावित भनिएको सन्दकपुर गाउँपालिकाबाट सोचेजति शेयर रकम नपरेको निर्देशक प्रधानको भनाइ छ। शेयरमा न्यूनतम २० कित्तादेखि अधिकतम ५ हजार ५ सय कित्तासम्मका लागि आवेदन गर्न पाउने व्यवस्था गरीएको छ।

कम्पनीको हाल इलामको माबु, माइमझुवा र सुलुबुङमा अप्परमाई जलविद्युत् आयोजनाबाट १२ मेगावाट क्षमताको अपरमाई हाइड्रोपावर आयोजना सञ्चालनमा छ। त्यस्तै कम्पनीले बनाउँदै गरेको ६ दशमलव १ मेगावाटको क्यास्केड आयोजनाको निर्माण पनि सम्पन्न भएको छ।

## क्षमताअनुसार विद्युत् उत्पादन भएन

हिक्मत नेपाली, दैलेख

नौमुले गाउँपालिकाको द्वारी खोलामा सञ्चालित द्वारीखोला जलविद्युत् आयोजनामा उत्पादन क्षमताअनुसारको विद्युत् उत्पादन हुन सकेको छैन। पानीको वहावमा कमी आएपछि क्षमताअनुसारको विद्युत् उत्पानदमा हुन नसकेको हो।

३ दशमलव ७५ मेगावाट उत्पादन क्षमता रहेको दैलेखको द्वारी खोला जलविद्युत् आयोजनामा विद्युत् उत्पादन घटेर जम्मा ४ सय किलोवाटमात्रै विद्युत् उत्पादन भइरहेको छ। पानीको वहाव घटेपछि विद्युत् उत्पादनमा गिरावट आएको परियोजनाका ओभरसियर पीताम्बर आचार्यले बताउनुभयो।

३ दशमलव ७५ मेगावाटको विद्युत् उत्पादन क्षमता रहेको विद्युत् आयोजनाबाट अहिले चार सय किलोवाट मात्र विद्युत् उत्पादन भएको आचार्यले बताउनुभयो। खोलामा पानीको मात्रा कमि भएपछि विद्युत् उत्पादन घटेको हो। आचार्यले भन्नुभयो- 'पुस महिनामा प्रयाप्त मात्रामा पानी पनि परेन, पानी नपरेकै कारण विद्युत् उत्पादन घटेको हो।'

समयमै वर्षा नभएका कारण मंसिरदेखि निरन्तर ६ सय किलोवाट मात्र विद्युत् उत्पादन हुँदै आएकोमा माघ महिनाको शुरुआतसँगै ४ सय किलोवाटमा झरेको आचार्यको भनाइ छ। सुर्खेतदेखि दैलेखसम्म ३३ केभीए क्षमताको विद्युत् लाइन विस्तारसमेत भइसकेकाले अहिले उत्पादन भएको विद्युत् प्रसारणमा सहजता भएको छ। कम्पनीका अनुसार उत्पादन भएको विद्युत् दैलेख सदरमुकाममा रहेको पावर हाउसबाट जिल्लाभित्र वितरण गरिन्छ र बाँकी रहेको विद्युत् राष्ट्रिय प्रसारणलाइनमा वितरण गरिन्छ।

अहिले द्वारीखोलामा विद्युत् उत्पादन गरेको कम्पनीले डोल्टिपावर कम्पनीअन्तर्गत दैलेखको नौमुले गाउँपालिकामै पादमखोला विद्युत् उत्पादनको काम पनि गरेको छ। नौमुले गाउँपालिका-४ कालिकामा ड्याम निर्माण गरी ५७ स्क्वायर किलोमिटरबाट पानी ल्याई नौमुलेमा पावरहाउस निर्माण गरिने जनाइएको छ।

## SHARE MARKET

**30 JANAURY TUESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 8266.00 | 347.00 | 340.00 | 340.00 | -6.00 |
| 2 | Api Power Company Ltd. | 1155.00 | 392.00 | 377.00 | 392.00 | 10.00 |
| 3 | Arun Finance Limited | 160.00 | 157.00 | 157.00 | 157.00 | -3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 423.00 | 332.00 | 328.00 | 332.00 | -2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 4686.00 | 203.00 | 196.00 | 201.00 | 4.00 |
| 6 | Asian Life Insurance Co. Limited | 836.00 | 885.00 | 875.00 | 883.00 | -4.00 |
| 7 | Bank of Kathmandu Ltd. | 13014.00 | 400.00 | 394.00 | 397.00 | -4.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 360.00 | 186.00 | 180.00 | 185.00 | -4.00 |
| 9 | Bishal Bazar Company Limited | 357.00 | 1940.00 | 1885.00 | 1940.00 | 75.00 |
| 10 | Butwal Power Company Limited | 6939.00 | 635.00 | 626.00 | 633.00 | 5.00 |
| 11 | Central Finance Co. Ltd. | 1616.00 | 137.00 | 137.00 | 137.00 | 0.00 |
| 12 | Century Commercial Bank Ltd. | 23872.00 | 198.00 | 194.00 | 196.00 | 2.00 |
| 13 | Chhimek Laghubitta Bikas Bank Limited | 220.00 | 1020.00 | 1000.00 | 1020.00 | 8.00 |
| 14 | Chhyangdi Hydropower Ltd. | 192.00 | 176.00 | 170.00 | 170.00 | -3.00 |
| 15 | Chilime Hydropower Company Limited | 3046.00 | 880.00 | 867.00 | 876.00 | -3.00 |
| 16 | Citizen Bank International Limited | 10648.00 | 280.00 | 274.00 | 274.00 | -6.00 |
| 17 | Citizen Investment Trust | 631.00 | 3511.00 | 3443.00 | 3480.00 | -3.00 |
| 18 | Civil Bank Ltd | 4207.00 | 183.00 | 176.00 | 179.00 | 2.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 366.00 | 835.00 | 811.00 | 835.00 | 9.00 |
| 20 | Deprosc Development Bank Limited | 1390.00 | 856.00 | 835.00 | 845.00 | 5.00 |
| 21 | Deva Bikas Bank Limited | 3375.00 | 175.00 | 174.00 | 174.00 | -2.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 150.00 | 146.00 | 144.00 | 146.00 | -1.00 |
| 23 | Everest Bank Limited | 9402.00 | 878.00 | 860.00 | 865.00 | -8.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 10.00 | 675.00 | 675.00 | 675.00 | -13.00 |
| 25 | Everest Insurance Co. Ltd. | 237.00 | 1652.00 | 1615.00 | 1618.00 | -2.00 |
| 26 | Excel Development Bank Ltd. | 2012.00 | 361.00 | 355.00 | 360.00 | -1.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 2347.00 | 581.00 | 569.00 | 578.00 | -2.00 |
| 28 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 633.00 | 3320.00 | 3261.00 | 3315.00 | 0.00 |
| 29 | Gandaki Bikas Bank Limited | 3055.00 | 234.00 | 228.00 | 230.00 | 0.00 |
| 30 | Gandaki Bikas Bank Limited Pro. Share | 8446.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 31 | Garima Bikas Bank Limited | 1245.00 | 197.00 | 194.00 | 197.00 | 2.00 |
| 32 | Global IME Bank Limited | 9113.00 | 320.00 | 317.00 | 318.00 | -2.00 |
| 33 | Global IME Samunnat Scheme-1 | 3000.00 | 9.90 | 9.90 | 9.90 | 0.10 |
| 34 | Goodwill Finance Co. Ltd. | 1135.00 | 147.00 | 143.00 | 147.00 | 2.00 |
| 35 | Green Development Bank Ltd. | 506.00 | 171.00 | 166.00 | 170.00 | 4.00 |
| 36 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 1500.00 | 150.00 | 150.00 | 150.00 | -3.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 3648.00 | 935.00 | 921.00 | 930.00 | 0.00 |
| 38 | Gurkhas Finance Ltd. | 730.00 | 138.00 | 136.00 | 136.00 | -2.00 |
| 39 | Hamro Bikas Bank Ltd. | 228.00 | 166.00 | 163.00 | 163.00 | -3.00 |
| 40 | Himalayan Bank Limited | 4151.00 | 665.00 | 655.00 | 661.00 | 4.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 6496.00 | 480.00 | 469.00 | 471.00 | -9.00 |
| 42 | Himalayan Power Partner Ltd. | 590.00 | 368.00 | 364.00 | 367.00 | 0.00 |
| 43 | ICFC Finance Limited | 1482.00 | 209.00 | 205.00 | 206.00 | -2.00 |
| 44 | IME General Insurance Ltd. | 400.00 | 991.00 | 972.00 | 990.00 | 0.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 45030.00 | 165.00 | 160.00 | 162.00 | -3.00 |
| 46 | Janaki Finance Ltd. | 524.00 | 178.00 | 175.00 | 175.00 | -3.00 |
| 47 | Janata Bank Nepal Ltd. | 21572.00 | 185.00 | 180.00 | 183.00 | 0.00 |
| 48 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 65.00 | 2900.00 | 2844.00 | 2900.00 | -2.00 |
| 49 | Jyoti Bikas Bank Limited | 1875.00 | 157.00 | 155.00 | 155.00 | -3.00 |
| 50 | Kabeli Bikas Bank Limited | 95.00 | 334.00 | 328.00 | 328.00 | -3.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 2300.00 | 236.00 | 234.00 | 236.00 | 1.00 |
| 52 | Kailash Bikas Bank Ltd. Pro. Share | 36250.00 | 186.00 | 186.00 | 186.00 | 0.00 |
| 53 | Kalika Microcredit Dev. Bank Ltd. | 291.00 | 1575.00 | 1560.00 | 1575.00 | -5.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 15792.00 | 167.00 | 161.00 | 165.00 | 3.00 |
| 55 | Kanchan Development Bank Limited | 33.00 | 202.00 | 202.00 | 202.00 | 0.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 200.00 | 147.00 | 147.00 | 147.00 | -2.00 |
| 57 | Karnali Development Bank Limited | 1654.00 | 131.00 | 128.00 | 130.00 | 0.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 474.00 | 146.00 | 141.00 | 143.00 | -5.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 78.00 | 1760.00 | 1750.00 | 1760.00 | 13.00 |
| 60 | Kuber Merchant Finance Limited | 1030.00 | 198.00 | 195.00 | 195.00 | -3.00 |
| 61 | Kumari Bank Limited | 28018.00 | 281.00 | 271.00 | 275.00 | -4.00 |
| 62 | Laxmi Bank Limited | 12039.00 | 280.00 | 269.00 | 270.00 | -8.00 |
| 63 | Laxmi Equity Fund | 11500.00 | 9.95 | 9.85 | 9.85 | -0.15 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 242.00 | 1250.00 | 1235.00 | 1250.00 | 15.00 |
| 65 | Laxmi Value Fund-1 | 1000.00 | 11.31 | 11.31 | 11.31 | 0.01 |
| 66 | Life Insurance Co. Nepal | 860.00 | 1928.00 | 1905.00 | 1928.00 | 18.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 5062.00 | 174.00 | 167.00 | 169.00 | -2.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 1565.00 | 588.00 | 581.00 | 584.00 | -1.00 |
| 69 | Machhapuchhre Bank Limited | 8730.00 | 272.00 | 264.00 | 265.00 | -5.00 |
| 70 | Mahalaxmi Bikas Bank Ltd. | 4012.00 | 190.00 | 183.00 | 187.00 | 0.00 |
| 71 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 287.00 | 793.00 | 770.00 | 770.00 | -18.00 |
| 72 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 120.00 | 2850.00 | 2831.00 | 2849.00 | 6.00 |
| 73 | Manjushree Finance Ltd. | 2335.00 | 142.00 | 141.00 | 141.00 | -1.00 |
| 74 | Mero Microfinance Bittiya Sanstha Ltd. | 918.00 | 1323.00 | 1305.00 | 1319.00 | -9.00 |
| 75 | Mirmire Microfinance Dev. Bank Ltd. | 188.00 | 2800.00 | 2740.00 | 2800.00 | 60.00 |
| 76 | Mission Development Bank Ltd. | 500.00 | 242.00 | 241.00 | 242.00 | -3.00 |
| 77 | Miteri Development Bank Limited | 5417.00 | 310.00 | 300.00 | 306.00 | -4.00 |
| 78 | Mithila LaghuBitta Bikas Bank Ltd. | 103.00 | 983.00 | 983.00 | 983.00 | -17.00 |
| 79 | Muktinath Bikas Bank Ltd. | 4591.00 | 418.00 | 415.00 | 416.00 | -3.00 |
| 80 | Multipurpose Finance Company Limited | 167.00 | 336.00 | 308.00 | 308.00 | -34.00 |
| 81 | Nabil Balance Fund 1 | 7793.00 | 16.65 | 16.60 | 16.62 | 0.01 |
| 82 | Nabil Bank Limited | 11653.00 | 1055.00 | 1045.00 | 1052.00 | 4.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 4750.00 | 853.00 | 845.00 | 852.00 | 1.00 |
| 84 | Nabil Equity Fund | 16035.00 | 10.00 | 9.92 | 9.92 | -0.08 |
| 85 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 648.00 | 2405.00 | 2351.00 | 2351.00 | -69.00 |
| 86 | National Hydro Power Company Limited | 4010.00 | 115.00 | 114.00 | 115.00 | 1.00 |
| 87 | National Life Insurance Co. Ltd. | 2308.00 | 1520.00 | 1501.00 | 1517.00 | -3.00 |
| 88 | National Microfinance Bittiya Sanstha Ltd. | 329.00 | 2270.00 | 2183.00 | 2226.00 | 0.00 |
| 89 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 345.00 | 2392.00 | 2345.00 | 2355.00 | 8.00 |
| 90 | Neco Insurance Co. Ltd. | 6705.00 | 570.00 | 565.00 | 569.00 | 4.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 12627.00 | 265.00 | 260.00 | 260.00 | -4.00 |
| 92 | Nepal Bank Limited | 31426.00 | 360.00 | 355.00 | 356.00 | -4.00 |
| 93 | Nepal Community Development Bank Ltd. | 998.00 | 144.00 | 141.00 | 141.00 | -1.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 3654.00 | 329.00 | 323.00 | 325.00 | -2.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 3849.00 | 770.00 | 760.00 | 769.00 | -2.00 |
| 96 | Nepal Grameen Bikas Bank Ltd. | 1175.00 | 661.00 | 652.00 | 658.00 | -3.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 250.00 | 218.00 | 213.00 | 215.00 | 0.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 730.00 | 1277.00 | 1276.00 | 1276.00 | -9.00 |
| 99 | Nepal Investment Bank Limited | 13683.00 | 663.00 | 659.00 | 663.00 | 2.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 15975.00 | 588.00 | 581.00 | 588.00 | 7.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 8420.00 | 1790.00 | 1760.00 | 1790.00 | 7.00 |
| 102 | Nepal SBI Bank Limited | 5011.00 | 597.00 | 590.00 | 595.00 | 0.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 1275.00 | 791.00 | 785.00 | 790.00 | -1.00 |
| 104 | Ngadi Group Power Ltd. | 447.00 | 234.00 | 226.00 | 234.00 | 4.00 |
| 105 | NIBL Pragati Fund | 525.00 | 9.76 | 9.76 | 9.76 | 0.06 |
| 106 | NIC Asia Bank Ltd. | 17381.00 | 348.00 | 341.00 | 348.00 | 2.00 |
| 107 | Nirdhan Utthan Bank Limited | 1630.00 | 1215.00 | 1176.00 | 1176.00 | -16.00 |
| 108 | NLG Insurance Company Ltd. | 6064.00 | 1396.00 | 1370.00 | 1374.00 | -14.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 222.00 | 1784.00 | 1749.00 | 1757.00 | -28.00 |
| 110 | NMB Bank Limited | 18395.00 | 470.00 | 461.00 | 464.00 | 1.00 |
| 111 | NMB Hybrid Fund L-1 | 1416.00 | 9.92 | 9.86 | 9.92 | 0.00 |
| 112 | NMB Sulav Investment Fund-1 | 20500.00 | 12.72 | 12.70 | 12.72 | 0.11 |
| 113 | Om Development Bank Ltd. | 6653.00 | 229.00 | 223.00 | 224.00 | -3.00 |
| 114 | Oriental Hotels Limited | 900.00 | 665.00 | 655.00 | 655.00 | -8.00 |
| 115 | Pokhara Finance Ltd. | 1090.00 | 164.00 | 162.00 | 162.00 | -3.00 |
| 116 | Prabhu Bank Limited | 20513.00 | 235.00 | 232.00 | 232.00 | -5.00 |
| 117 | Prabhu Insurance Ltd. | 169.00 | 789.00 | 773.00 | 773.00 | -7.00 |
| 118 | Premier Insurance Co. Ltd. | 349.00 | 1340.00 | 1315.00 | 1315.00 | -20.00 |
| 119 | Prime Commercial Bank Ltd. | 4734.00 | 306.00 | 304.00 | 305.00 | -1.00 |
| 120 | Prime Life Insurance Company Limited | 3219.00 | 1693.00 | 1663.00 | 1693.00 | -7.00 |
| 121 | ProgressiveFinance Limited | 310.00 | 201.00 | 201.00 | 201.00 | -3.00 |
| 122 | Prudential Insurance Co. Ltd. | 12.00 | 753.00 | 753.00 | 753.00 | -11.00 |
| 123 | Purnima Bikas Bank Ltd. | 330.00 | 202.00 | 201.00 | 201.00 | -1.00 |
| 124 | Rastriya Beema Company Limited | 772.00 | 13200.00 | 12990.00 | 13200.00 | 80.00 |
| 125 | Rastriya Beema Co. Limited Pro. Share | 159.00 | 12785.00 | 12775.00 | 12785.00 | 0.00 |
| 126 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 174.00 | 1475.00 | 1460.00 | 1475.00 | 14.00 |
| 127 | Reliance Finance Ltd. | 1968.00 | 139.00 | 138.00 | 138.00 | 1.00 |
| 128 | Ridi Hydropower Dev. Company Ltd. | 1797.00 | 145.00 | 140.00 | 145.00 | 3.00 |
| 129 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 224.00 | 1122.00 | 1100.00 | 1120.00 | -2.00 |
| 130 | Rural Microfinance Dev. Centre Ltd. | 521.00 | 659.00 | 650.00 | 656.00 | 1.00 |
| 131 | Sagarmatha Insurance Co. Ltd. | 400.00 | 1401.00 | 1400.00 | 1401.00 | -9.00 |
| 132 | Sahayogi Bikas Bank Limited | 578.00 | 223.00 | 219.00 | 220.00 | -7.00 |
| 133 | Sana Kisan Bikas Bank Ltd | 183.00 | 1190.00 | 1181.00 | 1190.00 | -9.00 |
| 134 | Sanima Bank Limited | 28092.00 | 345.00 | 341.00 | 344.00 | 1.00 |
| 135 | Sanima Mai Hydropower Ltd. | 11234.00 | 430.00 | 422.00 | 424.00 | -1.00 |
| 136 | Saptakoshi Development Bank Ltd. | 2276.00 | 139.00 | 136.00 | 139.00 | 1.00 |
| 137 | Shangrila Development Bank Ltd. | 6177.00 | 189.00 | 183.00 | 183.00 | -4.00 |
| 138 | Shikhar Insurance Co. Ltd. | 748.00 | 1190.00 | 1175.00 | 1175.00 | -9.00 |
| 139 | Shine Resunga Development Bank Ltd. | 118.00 | 295.00 | 291.00 | 291.00 | 0.00 |
| 140 | Shree Investment Finance Co. Ltd. | 237.00 | 248.00 | 244.00 | 248.00 | 8.00 |
| 141 | Siddhartha Bank Limited | 11816.00 | 380.00 | 375.00 | 379.00 | 1.00 |
| 142 | Siddhartha Equity Fund | 2100.00 | 10.20 | 10.05 | 10.05 | 0.05 |

Total Amount Rs. 285,536,424 Total Quantity 715,854 Total No of Transactions 4,103

ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३ | ८० | ८३ | ८३ |
| सिमरा, बिरगंज, कलैया | ८१।४० | ७८।४० | ८१।४० | ८१।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।४० | ७९।४० | ८२।४० | ८२।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।९५ | ८०।९५ | ८३।९५ | ८३।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |
| पोखरा, स्याङ्जा | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E
EARTHQUAKE RESISTANT REBAR
Fe 500
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य



OPC PSC

SAURABH GROUP
NS:191

लक्ष्मी स्टील

नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ माघ १७, जनवरी ३१, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।४७ | १०२।०७ |
| युरो १ को रू. | १२६।१७ | १२६।९२ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।२५ | १४४।१० |
| स्विस फ्रन्क १ को रू. | १०८।८४ | १०९।४८ |
| अस्ट्रेलियन डलर १ को रू. | ८२।२६ | ८२।७५ |
| क्यानाडियन डलर १ को रू. | ८२।४१ | ८२।८९ |
| सिङ्गापुर डलर १ को रू. | ७७।४३ | ७७।८९ |
| जापानी यन १० को रू. | ९।३५ | ९।४० |
| चिनियाँ युआन १ को रू. | १६।०५ | १६।१४ |
| साउदी अरब रियाल १ को रू. | २७।०६ | २७।२२ |
| कतारी रियाल १ को रू. | २७।८७ | २८।०३ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२३ | ३।२५ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।६३ | २७।७९ |
| मलसियन रिङ्गिट १ को रू. | २६।०१ | २६।१६ |
| दक्षिण कारियन वन १०० को रू. | ९।४९ | ९।५४ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।८९ |
| डेनिस क्रानर १ का रू. | १६।९५ |
| हङकङ डलर १ का रू. | १२।९८ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## जिल्ला वन कार्यालय, पर्सा
## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७४/१०/१७**

उपरोक्त बिषयमा यस कार्यालयको मिति २०७४/०८/२९ गते प्रकाशित सूचना अनुसार २०७४ साल माघ १ गते देखि २०७५ साल पौष मसान्त सम्म रासन सामाग्री आपूर्ति गर्ने बोलपत्र तपसिल बमोजिम न्यूनतम मूल्याकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि बोलपत्र मूल्याँकन समितिबाट सिफारीस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा १,२ र ३ को प्रयोजनार्थ जानकारी गराईन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ तपसिलमा उल्लेखित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| ठे.नं. | कामको विवरण | सारभूत प्राभावग्राही फर्म | मू.अ.कर बाहेक रकम रु. | निकटतम प्रतिस्पर्धि फर्म: नाम | निकटतम प्रतिस्पर्धि फर्म: मू.अ.कर बाहेक रकम रु. |
|---|---|---|---|---|---|
| | जि.ब.अ. बाहेक सम्पूर्ण कर्मचारीको रासन सामाग्री आपूर्ति गर्ने कार्य | शिवशान्ति ट्रेडर्स विरगंज १९ पर्सा | ५४,८२,६७२.२३ | सुमित एण्ड अमित सप्लार्यस औराहा २ पर्सा | ६३,८२,३९०.०० |

२०७४, माघ
बुधबार
१७

संसारभरि रहेका एड्भेन्चर तथा इको टुरिजम क्षेत्रमा संलग्न सबै सरोकारवालालाई एउटै छातामुनि भेला गरी दिगो साहसिक पर्यटनको अवधारणालाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजित एक्स्पोमा नेपालबाट ७ वटा ट्रेकिङ तथा टुर कम्पनीले सहभागिता जनाएका छन्।




# सहकारीमा पनि सम्पत्ति शुद्धीकरण लागू

**नेपाल समाचारपत्र**

काठमाडौं

बैंक तथा वित्तीय संस्थामा लागू भइसकेको सम्पत्ति शुद्धीकरण सहकारी संस्थामा पनि लागू भएको छ। सम्पत्ति शुद्धीकरण निवारण ऐन-२०६४ को दफा ७ प को उपदफा (२) बमोजिम सहकारी विभागले 'सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन २०७४' जारी गरेको हो।

बैंक तथा वित्तीय संस्थामा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) लागू भएपछि गैरकानुनी र कालो धन लुकाउन सहकारीको प्रयोग हुने गरेको आरोप लाग्दै आएको थियो। सहकारी विभागले सोमबारबाट सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशन जारी गरेपछि वित्तीय शुद्धीकरणमा ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको छ।

सम्पत्ति शुद्धीकरणका लागि विभागले जारी गरेको निर्देशनअनुसार सहकारी सदस्यले एकैपल्ट वा पटकपटक गरी वार्षिक ३० लाख रुपियाँभन्दा बढीको बचत जम्मा वा कर्जा भुक्तानी गर्दा, रकम स्थानान्तरण गर्दा वा सेयर खरीद गर्दा त्यस्तो कारोबारलाई असामान्य कारोबार मान्नुपर्ने जनाएको छ। त्यसैगरी १० लाख रुपियाँ वा सोभन्दा बढीको कारोबारमार्फत सेयर खरिद गर्दा, बचत गर्दा, ऋणको ब्याज वा सावाँ भुक्तानी गर्दा, विप्रेषण वा स्थानान्तरण (ट्रान्सफर) गर्दा कारोबारको स्रोत खुलाउनुपर्ने व्यवस्था गरिएको छ।

सहकारी संस्थाले सदस्य पहिचानलगायत अन्य कारोबार गर्दा सम्पत्ति शुद्धीकरण निवारण नियमावली २०७० लाई आधार मानी सूचीकृत सदस्यसम्बन्धी व्यवस्था गरेको छ। जसअनुसार नाम, ठेगाना, पेसा, परिवार र रहनसहनलगायतको जानकारी नभई कसैलाई पनि सहकारी सदस्यता दिन नहुने उल्लेख गरिएको छ।

> सहकारी सदस्यको एकैपल्ट वा पटकपटक गरी वार्षिक ३० लाख रुपियाँभन्दा बढीको बचत जम्मा वा कर्जा भुक्तानी गर्दा, रकम स्थानान्तरण गर्दा वा सेयर खरीदलगायतका कारोबार असामान्य कारोबार हुनेछ। त्यसैगरी १० लाख रुपियाँ वा सोभन्दा बढीको कारोबार गर्दा कारोबारको स्रोत खुलाउनुपर्ने व्यवस्था पनि निर्देशनमा गरिएको छ।

बचत तथा ऋणको कारोबार गर्ने सहकारी सदस्यहरूले कागजात पेस गर्दा वा त्यसमा भएको परिवर्तनको सूचना दिँदा सम्बन्धित व्यक्ति स्वयम् उपस्थित हुनुपर्ने व्यवस्था गरिएको छ। सहकारी संस्थाका सदस्यहरूको पहिचान वा जोखिम व्यवस्थापन गर्दा सदस्यको विवरण नियमितरूपमा अद्यावधिक गर्ने, उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान गर्ने तथा त्यस्ता व्यक्तिको परिवार, सम्बद्ध व्यक्तिको पहिचान, पदीय हैसियत र संलग्नताबमोजिमको जोखिम पहिचान गर्नुपर्ने निर्देशिकामा उल्लेख छ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डयरिङ) निवारण ऐन २०६४ र सोअन्तर्गत बनेका नियमावलीको प्रभावकारी कार्यान्वयनद्वारा सहकारी संस्थाहरूका हुने वित्तीय कारोबारको स्वच्छता एवम् पारदर्शिताका कायम गर्दै सहकारी वित्तीय प्रणालीलाई संरक्षण गर्न उक्त ऐनले दिएको अधिकार प्रयोग गरी सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृतिमा सहकारी विभागले यो निर्देशन जारी गरेको जनाएको छ।

निर्देशिकाअनुसार सहकारी संस्थाहरूले १० लाख वा सोभन्दा बढीको सेयर खरिद, बचत जम्मा, ऋणको सावाँ, ब्याज भुक्तानी वा विप्रेषण वा स्थानान्तरण भई आएको रकम भुक्तानी गर्दा सम्बन्धित सदस्य वा व्यक्तिबाट स्रोत लिनुपर्ने व्यवस्था गरिएको छ। सहकारी संस्थाहरूले ऐन तथा नियमावलीमा तोकिएका प्रावधानबमोजिम नेपाल राष्ट्र बैंकले तोकेको सीमामाथिको प्रत्येक कारोबार (१० लाख वा सोभन्दा बढी)को प्रतिवेदन १५ दिनभित्र र शंकास्पद देखिएको जुनसुकै कारोबारको प्रतिवेदन तीन दिनभित्र वित्तीय जानकारी एकाइमा पठाउनुपर्ने व्यवस्था गरिएको हो।

नेपाल राष्ट्र बैंकले सहकारी संस्थाहरूलाई १० लाखभन्दा बढीको कारोबारका विषयमा वित्तीय जानकारी एकाइलाई सूची गराउन आग्रह गरे पनि सहकारी सस्थाहरूले आलटाल गर्दै आएका थिए। तर विभागले जारी गरेको निर्देशनपछि राष्ट्र बैंकलाई यस्तो कारोबारका विषयमा अनिवार्य जानकारी गराउनुपर्नेछ।

अब सहकारी संस्थाहरूले कारोबारको विवरणको चौमासिक प्रतिवेदन डिभिजन कार्यालयमा र सहकारीका संघसंस्थाले मासिकरूपमा विभागमा बुझाउनुपर्नेछ। बचत तथा ऋणको मुख्य कारोबार नगर्ने संस्था र वार्षिक पाँच करोडभन्दा कम जायजेथा भएका संस्थाले डिभिजन कार्यालयमा वार्षिक रूपमा प्रतिवेदन बुझाउनुपर्नेछ। सहकारी संस्थाको निर्देशन कार्यान्वयनको सम्बन्धमा पनि संस्थाको प्रमुख कार्यकारी अधिकृतले सम्पर्क अधिकृत तोकेर कार्यान्वय गर्नुपर्नेछ। निर्देशन कार्यान्वयन गर्न अटेर गर्ने संस्थाहरूलाई लिखितरूपमा सचेत गराउनेदेखि ५ करोड रुपियाँसम्म जरिवाना हुने र संस्थाको दर्ता खारेजी गर्नेसम्मका कारबाहीको प्रावधान राखिएको छ।

# एड्भेन्चर स्पोर्ट्स एक्स्पोमा नेपालको सहभागिता



काठमाडौं, (नेस)

नेपालले जनवरी २७ देखि २९ सम्म भारतको नयाँ दिल्लीमा आयोजित एड्भेन्चर स्पोर्ट्स एक्स्पो एसियामा सहभागिता जनाएको छ। पाटा नेपाल च्याप्टर, नेपाल पर्यटन बोर्ड तथा नेपाल वायु सेवा निगमको संयोजनमा ७ वटा निजी पर्यटन व्यवसायीसहित नेपालले सहभागिता जनाएको हो।

संसारभरि रहेका एड्भेन्चर तथा इको टुरिजम क्षेत्रमा संलग्न सबै सरोकारवालालाई एउटै छातामुनि भेला गरी दिगो साहसिक पर्यटनको अवधारणालाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजित एक्स्पोमा नेपालबाट ७ वटा ट्रेकिङ तथा टुर कम्पनीले सहभागिता जनाएका छन्। यस्ता खालको प्रदर्शनीले नेपालको सहासिक पर्यटनआगमनमा टेवा पुऱ्याउने पाटा नेपाल च्याप्टरमा प्रमुख कार्यकारी अधिकृत सुरेश सिंह बुडालले जनाकारी दिनुभयो।

कार्यक्रममा पाटा नेपालका अध्यक्ष्य सुनिल शाक्यले 'नेपाल, द अल्टिमेट एड्भेन्चर डेस्टिनेसन' शीर्षकमा प्रस्तुति दिनुभएको थियो। उहाँले नेपाली साहसिक खेल तथा साहसिक पर्यटनका आकर्षण तथा सम्भावनालाई चित्रण गर्दै एड्भेन्चर प्रेमीका लागि नेपाल उत्कृष्ट गन्तव्य भएको बताउँदै सबैलाई नेपाल घुम्न आमन्त्रण गर्नुभयो।

त्यस्तै नदी संरक्षण अभियान्ता मेघ आलेले नेपालमा नदी संरक्षण अभियान तथा दिगो पर्यटन विकासका लागि नदी संरक्षणको आवस्यकताबारे प्रस्तुति दिनुभएको थियो।

कार्यक्रममा दिगो साहसिक पर्यटन विकासमा योगदान पुऱ्याउने नेपालका विभिन्न हस्तीलाई सम्मान तथा अवार्ड प्रदान गरिएको थियो। प्रदर्शनीमा नेपालका तर्फबाट २७ जनाले भाग लिएका थिए। प्रदर्शनीमा वायर र सेलरहरूले आफ्नो प्रडक्ट प्रदर्शनी गरेका थिए।

# निजीक्षेत्रले नेतृत्वदायी भूमिका खेल्ने

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले निजीक्षेत्रले अब मुलुकको आर्थिक विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने बताउनुभएको छ।

राजनीतिक मुद्दा सकिएकाले अब पालो आर्थिक क्रान्तिको हो भन्नुहुँदै अध्यक्ष राणाले निजीक्षेत्रले मुलुकलाई आर्थिक विकासको एकल सूत्रमा अगाडि बढाउन सरकार, राजनीतिक दल र सरोकारवाला सबै निकायलाई निरन्तर दबाब दिइरहने बताउनुभयो। यसका लागि महासंघले आफ्नो बृहत् सञ्जाललाई परिचालन गरी स्थानीय तहदेखि नै आर्थिक विकासका मुद्दालाई सशक्त ढंगबाट अगाडि बढाउने दृढतासमेत प्रकट गर्नुभयो। स्थानीय तहमा रहेका आर्थिक विकासका सम्भाव्यता र चुनौती पहिचान गरी पठाउन महासंघले आफ्ना सबै सदस्यमा अनुरोध गरी सकेको स्पष्ट पार्दै अध्यक्ष राणाले त्यसै आधारमा आर्थिक विकासको आगामी खाका कोर्नेसमेत जानकारी गराउनुभयो।

## PRESS RELEASE

### केस कन्स्ट्रक्सनको नयाँ सोरुम जनकपुरमा



काठमाडौं, (नेस)

शंकर ग्रुपको जगदम्बा मोटर्सले केस कम्पनीको नयाँ सोरुम जनकुरमा स्थापना गरको छ।

'देश निर्माणको सारथी' भन्ने नारासहित बिक्री वितरण गर्दै आएको उक्त कम्पनीले अहिलेसम्म देशभरि १३ भन्दा बढी स्थानबाट आफ्नो सेवा दिइरहेको छ। कम्पनीको नयाँ शाखाबाट कम्प्याक्टर, ब्याकहो लोडर, स्किड स्टिर लगायतको हेवी इक्युप्मेन्टहरूको बिक्री वितरण, सर्भिस, स्पेयर पार्टस तथा बिक्रीपछिका सम्पूर्ण सेवा र मर्मत सम्भारको काम गरिने जनाइएको छ।

सोरुमको धनुषा उद्योग वाणिज्य संघका अध्यक्ष ललितकुमार शाह, ईंटा उद्योग संघका अध्यक्ष विनयकुमार यादव र जगदम्बा मोटर्स हेवी इक्युप्मेन्ट डिभिजनका प्रमुख सञ्जीव देउजाद्वारा संयुक्तरूपमा उद्घाटन गरिएको हो।

### बेस्ट रेमिट अब जीएमई रेमिट

काठमाडौं, (नेस)

बेस्ट रेमिट नेपालको नाम परिवर्तन भई जीएमई रेमिटको नामबाट कारोबार हुने भएको छ। कम्पनीको मंसिर ६ मा सम्पन्न साधारणसभाको निर्णय, कम्पनी रजिस्ट्रार कार्यालयको स्वीकृति तथा नेपाल राष्ट्र बैंकको पुस २३ गतेको सैद्धान्तिक सहमतिअनुसार कम्पनीको नाम परिवर्तन भएको हो।

कम्पनीले साविकको बेस्ट रेमिट नेपालको नाममा कायम रहेको सम्पूर्ण सम्पत्ति तथा दायित्व परिवर्तित नाम जीएमई रेमिटको नाममा स्वतः सर्ने बताएको छ।

### एभरेस्ट एड एन्ड इभेन्ट म्यानेजमेन्टका विष्ट सम्मानित

काठमाडौं, (नेस)

योगी नरहरिनाथ ट्रस्ट अध्यात्मिक परिषद्को तत्वाधानमा आयोजित २९६औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवका अवसरमा एभरेस्ट एड एन्ड इभेन्ट म्यानेजमेन्टका प्रबन्ध निर्देशक जंगबहादुर विष्टलगायत समाजसेवी कल्याण विष्ट, देदिप्य रिमाल, सिद्धार्थनाथ रिमाल, रुस्तम दुलाल तथा केशव घिमिरेलाई सम्मान गरेको छ। सम्मानितहरूलाई ट्रस्टका अध्यक्ष शंकर पौडेलले एक कार्यक्रमकाबीच सम्मान गर्नुभयो।

### सिटिजन्स बैंकद्वारा खाना सहयोग

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनलले राजधानीको मीनभवनस्थित निसहाय सेवा सदन जेष्ठ नागरिक आवास गृहका ४० भन्दा बढी वृद्धवृद्धालाई खाना सहयोग गरेको छ। स्थापनाकालदेखि नै बैंकले आफ्नो वार्षिक उत्सवको उपलक्ष्यमा जेष्ठ नागरिकलाई खाना प्रदान गर्दै आएको छ। यसैको निरन्तरता स्वरूप यस वर्ष पनि बैंकले उक्त कार्यक्रम सञ्चालन गरेको छ। बैंकले देखाएको यस अग्रसरताले जेष्ठ नागरिकको सामाजिक संरक्षण हुने बैंकका नायब प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले जानकारी गराउनुभएको छ।

### जलवायु तटस्थाको मार्गमा यती एयरलाइन्स

काठमाडौं, (नेस)

राष्ट्र संघीय विकास कार्यक्रमको सहभागितामा यती एयरलाइन्स कार्बन न्युट्रल एयरलाइन्सका भएको छ। नागरिक उड्डयन प्राधिकरण र राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी)को सहयोगमा यती एयरलाइन्स कार्बन न्युट्रलको दिशामा रहेको हो।

यती एयरलाइन्सका प्रमुख कार्यकारी अधिकृत उमेशचन्द्र राईले यती एयरलाइन्स नेपालकै पहिलो वायुसेवा कम्पनी भएको दाबी गर्नुभयो। यती एयरलाइन्सले अन्य कम्पनीलाई पनि दिगो विकासका लक्ष्य प्राप्त गर्ने दिशामा उन्मुख रहेको अपेक्षा गरिएको छ। यस कार्यले राष्ट्रसंघको दिगो विकास लक्ष्य सन् २०३० सम्म प्राप्त गर्ने दिशामा ठोस योगदान पुऱ्याउने प्रेरणा मिल्ने भएको हो।

सन् २०१७ मा यती एयरलाइन्सले १८ हजर १ सय ३३ टन कार्बन उत्सर्जन गरेको छ। यसको मुख्य स्रोत एयरलाइन्सले शहरी क्षेत्रमा पुऱ्याउने हवाई सेवा वायुयानले प्रयोग गर्ने इन्धन हो। यतीको नयाँ वायुयान थपसँगै गत वर्षभन्दा सन् २०१७ मा प्रतियात्रु ७ प्रतिशत र प्रतिकिलोमिटर ११ प्रतिशत कार्बन उत्सर्जन घटेको छ।

# होमस्टे ट्रेल अन्वेषण भ्रमण सम्पन्न

टंकराज अधिकारी, कास्की

गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ), प्रदेश नं. ४ को संयोजनमा कास्कीको ताङतिङ गाउँबाट करापुडाँडा हुँदै याङ्जाकोट जोड्ने पदमार्गको प्रवर्द्धन एवम् विकासका लागि चारदिने अन्वेषण भ्रमण सम्पन्न भएको छ। कास्कीको मादी गाउँपालिका-२, ताङतिङ गाउँबाट लमजुङको घलेगाँउलाई जोड्दा घरबास (होमस्टे) कार्यक्रमका साथै त्यस क्षेत्रको पर्यटकीय विकासमा टेवा पुग्ने सोच राखी सम्भावना अध्ययन भ्रमण आयोजना भएको हो।

भिटोफको केन्द्र एवम् प्रदेशका क्रियाशील पदाधिकारी, ग्रामीण पर्यटनका क्षेत्रमा कलम चलाउने सञ्चारकर्मी एवम् पर्यटन व्यवसायीको प्रतिनिधित्व गराउँदै उक्त क्षेत्रको अन्वेषण भ्रमण शुरू गरेको हो। पदयात्रा र होमस्टे पर्यटन एक अर्कामा प्रत्यक्ष अन्तरसम्बन्धित भएका कारण यी दुवैलाई एकसाथ अघि बढाउन 'होमस्टे-पदयात्रा' पर्यटनको अवधारणा अघि बढाएको भिटोफ प्रदेश नं. ४ का अध्यक्ष रवीन्द्रराज पौडेलले बताउनुभयो। पदमार्ग छोटिँदै गएका अवस्थामा होमस्टे सञ्चालन भएको एक ठाउँबाट अर्को ठाउँमा पर्यटकलाई पदयात्रासहित खाना तथा आवासको सुविधा उपलब्ध गराउन सकिने भएका कारण यो अभियानको शुरुआत गरिएको अध्यक्ष पौडेलको भनाइ छ।

कास्कीको मादी गाउँपालिकामा पर्ने पर्यटकीय ताङतिङ गाउँ र याङ्जाकोटलाई करापुडाँडा हुँदै जोड्ने कार्यले यस क्षेत्रको पर्यटकीय सम्भाव्यतालाई थप उजागर गर्ने मादी गाउँपालिकाका अध्यक्ष वेदबहादुर गुरुङले बताउनुभयो। यस अभियानको सफलताका लागि गाउँपालिका पनि क्रियाशील भएर लाग्ने उहाँको भनाइ छ।

प्रचारप्रसार एवम् पूर्वाधार अभावका कारण नेपालका धेरै पर्यटकीय गाउँ विकासका दृष्टिले अझै ओझेलमा परेको भिटोफका सल्लाहकार डा. प्रेम शर्माले बताउनुभयो। 'सुन्दर गाउँका बस्तीलाई व्यवस्थित गर्दै आयआर्जन गर्न सकिने कुरालाई स्थानीयबासीका साथै राज्यले पनि प्राथमिकतामा राख्नु आवश्यक छ।' -उहाँले भन्नुभयो।

भिटोफ प्रदेश नं. ४ का पूर्वअध्यक्ष तारानाथ पहारीले भिटोफकै पहलमा धेरै पर्यटकीय गाउँमा होमस्टे कार्यक्रम सञ्चालन भएको बताउँदै घरबास सञ्चालन भएका एक ठाउँबाट अर्को ठाउँलाई पदमार्गमार्फत जोड्ने अभियानले गाउँमा आर्थिक समृद्धि ल्याउने विश्वास व्यक्त गर्नुभएको थियो। त्यस्तै मादी गाउँपालिका वडा नं. २ का अध्यक्ष एकजंग गुरुङले प्रकृति र संस्कृतिलाई जोड्न सकेमात्र यहाँका धेरै गाउँले विकासमा फड्को मार्ने दाबी गर्नुभयो।

# दमकमा ज्योति विकास बैंकको नयाँ शाखा

काठमाडौं, (नेस)

ज्योति विकास बैंकले दमकमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ।

बैंकको नयाँ शाखाको उद्घाटन नेपाल राष्ट्र बैंकको क्षेत्रीय कार्यालय, विराटनगरका निर्देशक विनोदराज आचार्य तथा दमक नगरपालिका-६ का अधक्ष्य टेकबहादुर थापाले संयुक्तरूपमा गर्नुभएको हो।

बैंकले निकट भविष्यमा १० वटा नयाँ शाखा सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ। बैंकले आफ्ना ग्राहकको आवश्यकता र सुविधालाई ध्यानमा राखी बैंकले निःशुल्क इन्टरनेट बैंकिङ सेवा, मोबाइल बैंकिङ सेवा, लकर सेवा, एटीएम सेवा तथा ३ सय ६५ दिने बैंकिङ सेवाका साथ एबीबीएस सेवासमेत उपलब्ध गराएको छ।

हाल बैंकले ५० वटा शाखा एवम् १४ वटा एटीएममार्फत सेवा उपलब्ध गराउँदै आएको छ। हालसम्म बैंकले १३ अर्ब ४५ करोड निक्षेप संकलन गरी १० हजारभन्दा बढी ऋणीमार्फत १२ अर्ब ४३ करोड ऋण लगानी गरेका छ। बैंकले हालै जारी गरेको बोनस सेयरसमेत गरी कुल चुक्ता पूँजी २ अर्ब ५९ करोड रुपियाँ पुग्ने प्रेस विज्ञप्तिमा उल्लेख छ।



# अनिल शाहको नियुक्ति खारेज

काठमाडौं, (नेस)



नबिल बैंकले अनिल शाहलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गर्ने निर्णय खारेज गरेको छ।

बैंकको सोमबार बसेको सञ्चालक समितिको बैठकले शाहलाई नियुक्त गर्ने सम्झौता कार्यान्वयन नगर्ने निर्णय गरेको हो।

राष्ट्र बैंकको नयाँ व्यवस्थाअनुसार अनिल साह बैंकको प्रमुख कार्यकारी अधिकृत हुन नपाउने व्यवस्था छ। यही व्यवस्थाका कारण नबिल बैंकले नियुक्ति खारेज गरिएको बताइएको छ।

राष्ट्र बैंकले गरेको नयाँ व्यवस्थाअनुसार प्रमुख कार्यकारी अधिकृत पदबाट राजीनामा दिएको ६ महिनासम्म अर्को बैंकमा जान नपाउने व्यवस्था छ। नबिल बैंकका वर्तमान प्रमुख कार्यकारी अधिकृत शशीन जोशीले राजीनामा दिइसक्नुभएको छ। अनिल शाहलाई बैंकको प्रमुख कार्यकारीका रूपमा बैंक सञ्चालक समितिले पुस १३ गते नियुक्ति गरेको थियो।

## बाबा फाइनलमा

काठमाडौं, (नेस)

बाबा बोर्डिङ स्कुल दोस्रो बौद्ध इन्टरनेसनल अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको गर्ल्समा मंगलबार फाइनलमा प्रवेश गरेको छ। बाबाले आयोजक बौद्ध इन्टरनेसनल स्कुललाई ३३-१२ ले पराजित गर्दै उपविजेताका रूपमा फाइनल पुगेको हो। टोलीकी सोनीले १० अंक जोडिन्। उपाधिका लागि बाबाले राउन्ड रोबिन लिगमा विजेता हुँदै फाइनल यात्रा तय गरिसकेको एचएचसीएको सामना गर्नेछ। ब्वाइजमा नेरिक एकेडेमी र बुद्ध एकेडेमी उपाधिका लागि भिड्ने भएका छन्। सेमिफाइनलमा नेरिकले ड्याफोडिललाई ५२-३९ ले हरायो। नेरिकका पवन खत्रीले २४ अंक जोडे। प्रमोद लामाको १७ अंक सहयोगमा बुद्धले एचएचसीएमाथि ४०-३८ को कठिन जित दर्ता गर्‍यो। फाइनल बुधबार हुनेछ।

## मल्पी र ब्रिटिस फाइनलमा

काठमाडौं, (नेस)

डिफेन्डिङ च्याम्पियन मल्पी र ब्रिटिस मोडेल सातौं एस अन्तर ए लेभल कलेजस्तरीय छात्र बास्केटबल प्रतियोगितामा मंगलबार फाइनलमा प्रवेश गरेका छन्। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको पहिलो सेमिफाइनलमा मल्पीले रातो बंगलालाई ५७-२७ को फराकिलो अन्तरले पराजित गर्‍यो। जसमा प्रसंगध्वज मास्के एक्लैले ४० स्कोर गरे। त्यस्तै ब्रिटिसले आयोजक एसलाई ५१-४८ ले हरायो। ब्रिटिसका जोएल घलेले २० अंक जोडे।

# ब्याक स्टेप लिएमा नेपाली क्रिकेट बच्ने

**नेपाल समाचारपत्र**

काठमाडौं



अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)ले नेपाल क्रिकेट संघ (क्यान)लाई निलम्बन गरेको पनि झन्डै डेढ वर्ष नाघिसकेको छ। २०७३ साल वैशाखमा क्यानको विवादपछि आईसीसीले प्रतिबन्ध गरेको थियो। यसलाई फुकुवा गर्न पटकपटक आईसीसीका प्रतिनिधि नेपाल आएका छन्। यसै क्रममा शनिबार आईसीसीका उपाध्यक्ष इमरान ख्वाजासहितको दुई सदस्यीय टोली नेपाल आएर सल्लाहकार समिति, निर्वाचित क्यान र राष्ट्रिय खेलकुद परिषद् (राखेप)सँग छुट्टाछुट्टै छलफल गरेर फर्कियो। आइतबार र सोमबार भएको छलफल सकारात्मक भएको भन्दै मंगलबार यी तीनै पक्षले संयुक्त पत्रकार सम्मेलन गरेर जानकारी गराएका छन्।

पत्रकार सम्मेलनमा राखेपका सदस्यसचिव केशवकुमार विष्टले बताए- 'नेपाली क्रिकेटको विवाद अब समाधान हुनेतिर अगाडि बढेको छ। आगामी जुनसम्ममा निलम्बन फुकुवा हुने विश्वास गरेका छौं। आ-आफ्नो ठाउँमा इमानदार बनेमा निलम्बित नेपाली क्रिकेट फुकुवा हुनेमा कुनै शंका हुँदैन।'

विष्टले विगतमा सबै पक्षले केही न केही गल्ती गरेका नै भएकोले क्यान निलम्बन परेको पनि स्वीकार गरेका छन्। उनले भने- 'गल्ती सबैबाट भयो। हामीले पनि गल्ती गर्‍यौं । यो घटनाले हामीले पाठ सिक्यौं पनि। हामी कुनै हस्तक्षेप गर्दैनौं अब।' पहिले पनि हस्तक्षेप नगरेको दाबी गरेका राखेप सदस्य-सचिव विष्टले यसअघि आफ्ना सात जना पदाधिकारीलाई विनामताधिकार साधारणसभामा सहभागी हुन पाउने व्यवस्था संशोधित विधानमा राखेका थिए। यो नयाँ विधान आईसीसीद्वारा नियुक्त गरिएको सल्लाहकार समितिले तयार पारेको हो। निर्वाचित क्यानले संशोधनसहित आईसीसीलाई पठाएकामा नै विवाद बढ्दै गएको थियो। यो संशोधन विधानलाई आईसीसीले ठाडै अस्वीकार गरिदियो।

यो विधानमा निर्वाचित क्यानका १७ जना सदस्यले आगामी साधारणसभामा स्वतः सहभागी हुन पाउने व्यवस्था हुनुपर्ने भनेर संशोधन गरेको थियो। निर्वाचित क्यानका महासचिव अशोकनाथ प्याकुरेलले यसबारे बताए- 'निलम्बन फुकुवा हुन्छ भने हामी कुनै अडान लिने छैनौं। तर जसरी निलम्बन हुनुमा निर्वाचित कमिटीलाई कारण देखायो, त्यो होइन। सबै जना कानुनी र प्राविधिक रूपमा जानुपर्छ।' त्यस्तै सल्लाहकार समितिका संयोजकमध्ये एक विनयराज पाण्डेले आईसीसीलाई पछ्याउने हो भने निलम्बन फुकुवा हुने बताए। उनले भने- 'आईसीसीले भनेजस्तो गरेमा क्यान निलम्बन फुकुवा हुनेछ। नत्र भने नेपाली क्रिकेटको भविष्य के हुन्छ भन्न सकिँदैन। आईसीसीले उठाएका विषयलाई पनि निर्वाचित क्यानले मान्न सहमत छ।'

यो आईसीसीको प्रतिनिधि नेपाल आउने क्रम अन्तिम पटक भएको बुझिएको छ। दुईदिने छलफलको प्रतिवेदन आगामी फेब्रुअरीमा हुने आईसीसीको बोर्ड बैठकमा बुझाइनेछ। आगामी जुनसम्म विवाद समाधान नभएमा नेपाली क्रिकेटको भलो हुनेछैन। त्यसैले आ-आफ्ना अडानबाट ब्याक स्टेप लिएमा नेपाली क्रिकेट बच्नेछ।

## धरहरा

### बुद्धिचाहिँ सफा गर्ने कि?



काठमाडौं खाल्डो पनि अजिवको छ। दैनिक खाल-खालको दृश्य नियाल्न पाइन्छ। अन्य दिनभन्दा बुधबार बिहान नयाँ बानेश्वर चोकमा केही फरक चहल-पहल भएपछि धरहराको दूरबिन पनि उतै मोडियो। अचम्मै भयो भन्या, कांग्रेसका नेताहरू सडक छेउमा लहरै बसेर जुत्ता पालिस गरिरहेका थिए। आफ्नो हैन, पैदल यात्रुका। अनि भएन त अचम्म।

युवा नेताहरू चन्द्र भण्डारी, धनराज गुरुङलगायतका नेताहरूले यात्रुलाई त्यस्तो अवसर प्रदान गरे। मुलुकको राजनीतिक कार्यशैली बदल्न नेताहरूले प्रतीकात्मकरूपमा जुत्ता पालिस गर्‍या रे। कृष्णप्रसाद भट्टराई प्रतिष्ठानले शहीद दिवसको अवसर पारेर यो प्रतीकात्मक कार्यक्रम गरेको नेताहरूले प्रस्ट्याए। शहीदको बलिदानअनुसार मुलुकमा राजनीतिक वातावरण नबनेको, राजनीतिमा नैतिकता र बलिदानीको भावना नभएको उनीहरूको तर्क छ।

त्यसो भन्दै उनीहरूले सर्वसाधारणको जुत्ता पालिस गरे। तर धरहराले बुझ्न नसक्या कुरा मुलुकको राजनीति र राजनीतिक वातावरण विगार्‍या नेताले कि, राजनीति राम्रोसँग नबुझेका पैदलयात्रुले? सडकमा जुत्ता पालिस गरेर सस्तो चर्चा बटुल्दैमा मुलुकको राजनीति सुध्रिने भए त मुलुकले छोटै अवधिमा काचुली फेर्थ्यो होला।

त्यसैले नेताज्यूहरू सडकमा जुत्ता होइन, तपाईंकै पार्टीका नेताहरूको मन, मस्तिष्क र बुद्धिको बिर्को सफा गर्ने अभियानमा लाग्न ढिलो नगर्नुस्।

# पुलिस सेमिफाइनलमा पुग्दा मनाङ बाहिरियो

धन बस्नेत, पोखरा




नेपाल पुलिस क्लबले आहा राराको १६औं संस्करणको सेमिफाइनल यात्रा तय गरेसँगै लामो इतिहास बनाएको लक्ष्मी हुन्डाई मनाङमर्स्याङ्दीको गोल्डकप यात्रालाई विट मारेको छ।

पोखराको मैदानमा अन्तिम क्वार्टरफाइनल खेलमा मनाङमर्स्याङ्दी पुलिसको युवा जोससँग ३-१ गोलमा पराजित भएको हो। मनाङले पहिलो हाफ गोलरहित अवस्थामा टुंग्यायो। तर दोस्रो हाफमा भने अनुभवी मनाङलाई पुलिसका युवा खेलाडीले दबाबमा राखे। ५३औं मिनेटमा निरकुमार राईले प्रहार गरेको 'भली' सेकेन्डबार च्याप्दै जाली चुमेपछि मनाङ खेलमा पछाडि पर्‍यो। तेज तामाङको कर्नर प्रहार मनाङका डिफेन्डर विराज महर्जनले हेड गरे। तर बल पुन तामाङकै खुट्टामा पुग्यो र उनले ब्याक पास गरेको बललाई राईले डिबक्सबाट गोल गरेका थिए।

त्यसको चार मिनेट नबित्दै पुलिसले अर्को गोल थप्यो। तामाङकै कर्नर बलमा राईले साइडबाट गरेको क्रसिङ बललाई दिनेश राजवंशीले उत्कृष्ट हेड गर्दै पुलिसको अग्रता दोब्बर बनाए। पुलिसले तेस्रो गोल भने ७२औं मिनेटमा सम्भव गर्‍यो। दुई गोलले पछाडि परेको मनाङले तेस्रो गोल भने काउन्टर अट्याकमा खान पुग्यो। म्यान अफ दि म्याच घोषित सुशान लामाले सेन्टरबाट दिएको लङपासलाई मनाङका डिफेन्सलाई विट गर्दै वान भर्सेस वानको अवस्थामा गोल गर्दै पुलिसको अग्रता फराकिलो बनाए।

एकपछि अर्को गोल खाँदै हतासिएको मनाङले भने खेलमा फर्किने प्रयास गर्दै ८२औं मिनेटमा गोल फर्कायो। अनिल गुरुङले डीबक्स लाइनबाट दिएको पासलाई विशाल राईले 'साइड भली' हान्दै बललाई पोस्टको दिशा दिए। गोल गरेर उत्साहित बनेको मनाङले त्यसपछिको समय सम्हालिएर खेल्न खोजे पनि पुलिसले मत्थर बनाइदियो। बुधबारको पहिलो सेमिफाइनल खेलमा उत्तर बरिन्धरा बंगलादेशले रुस्लान थ्री स्टारसँग खेल्नेछ।

# न्यु डायमन्डको दोहोरो जित

काठमाडौं, (नेस)

शिवम् न्यु डायमन्ड एकेडेमीले जारी १३औं रेडबुल ढोरपाटन यूएम महिला डबल लिग भलिबल प्रतियोगिताको दोस्रो चरणमा दोहोरो जित निकालेको छ। मंगलबारबाट शुरू भएको दोस्रो चरणको लिगमा न्यु डायमन्डले विभागीय टोली नेपाल पुलिस क्लब र चितवनको मेघौली क्लबलाई पराजित गर्दै दोहोरो जित निकालेको हो। नयाँ बसपार्कस्थित ढोरपाटन क्लबको खेल मैदानमा मंगलबार भएको खेलमा न्यु डायमन्डले पुलिसलाई २५-१८, १९-२५, २५-२२ र २५-१२ को सेटले र मेघौली क्लबलाई २५-७, २५-९ र २५-९ को सोझो सेटले हरायो।



पुलिसकी कामना विष्ट डायमन्डविरुद्ध सट प्रहार गर्दै।


## कामनाको प्रत्येक अंक, विशेष अंक




### यस अंकका आकर्षणहरू

**कामना फिल्म अवार्डस माघ १६ मा**

प्रकाशनको ३ दशकभन्दा लामो यात्रा पार गरेको अवसरमा कामनाले गत २०७१ सालबाट आयोजना गर्दै आएको कामना फिल्म अवार्डसको तेस्रो संस्करण आगामी माघ १६ गते राजधानीमा कसरी आयोजना हुँदै छ। पहिलो संस्करणदेखि नै प्रिय बनेको कामना फिल्म अवार्डस २०७४ मा कुन-कुन फिल्म मनोनयमा परेका छन्? को-को कलाकार र प्राविधिक कुन-कुन फिल्मबाट प्रतिस्पर्धाको मैदानमा छन्। पूर्ण विवरण।

**चिन्ता उन्नतिको**

कलाकार र फिल्मकर्मीलाई केवल आफनो क्षेत्रको मात्र चिन्ता छैन। उनीहरु देशले उन्नति गर्न नसकेको तथा आर्थिकरूपमा फडको मार्न नसककाले पनि उत्तिकै चिन्तित छन्। देशको समृद्धि उन्नतिका लागि मुलुक हांक्ने राजनीतिज्ञहरूलाई समेत उपयोगी कलाकर्मीले दिएका उपयोगी सुझाव र टिप्स।

**पोर्न सिनेमा : एउटा दमित यथार्थ**

छोटो फिल्मका नाममा हिजोआज नेपाली भाषामै पोर्न सिनेमा अश्लील फिल्म) बनिरहेका छन्। यस्ता फिल्म सामाजिक सञ्जाल युटयुबबाट संसारभरि जालोसरी फैलिरहेको छ। एउटा तीतो र डरलाग्दो यथार्थ।

**नयाँ पुस्ताले धानेको फिल्म क्षेत्र**

जमाना नयाँको छ। फिल्म क्षेत्रमा नयाँ अनुहारको वर्चश्व छ। वर्तमान फिल्म क्षेत्र नयाँ पुस्ताकै बलले अगाडि बढिरहेको छ। कस्ता छन, फिल्म क्षेत्र हाँकिरहेका नयाँ पुस्ताका कलाकार र निर्देशकहरु। रोचक सामग्री।

**चन्द्रराज शर्मा : संगीतका सारथी**

सांगीतिक वातावरण हुर्किई जीवनकालभरि केवल गीत-संगीतमा रमाउँदै र खेल्दै यस क्षेत्रको श्रीवृद्धिका लागि अहोरात्र खटिएका संगीतसाधक चन्द्रराज शर्मा अब हामीबीच रहेनन्। स्व शर्माको संग्रहणीय पूर्ण जीवनी।

**नेपाली मोडल भारतमा छाउँदै**

नेपाली मोडलहरूले नेपालमा मात्र नाम कमाएका छैनन्। सुन्दरीको नगरीका रूपमा परिचित बलिउडमा समेत लोकप्रियता कमाएका छन्। दिनहुँ दर्जनौं मोडलको प्रवेश हुने बलिउडका मोडलहरूलाई समेत चुनौती दिंदै आफनोसँगै नेपालको छवीसमेत निर्माण गरिरहेका छन्। नेपाली मोडलले भारतमा कमाएको लोभलाग्दो सफलताको कथा।

**अभिनयमा फर्किएकाहरूको सफलता र असफलता**

आफनो जमानामा नाम कमाएका कतिपय कलाकार फेरि फिल्ममा फर्केका छन्। फिल्म क्षेत्रमा पुनरागमन गर्ने सबै कलाकार र निर्देशकले भने आफनो जमानमा जस्तो सफलता हासिल गर्न सकिरहेका छैनन्। सफलता र असफलताको अर्को कथा।

**साथमा**

- नाच्न सिकाउने गोपालको पुस्तक
- पुसको चिसोमा फेसनको गर्मी
- विन्ध्यवासिनी अवार्डमा रामकृष्णको हुरी हाबी
- पश्चिमेली सेलिब्रेटीको ग्ल्यामरस छवि
- स्वरमा सुनीता
- सुमनकुमारको स्वर सिर्जना

**र नियमति स्तम्भहरू**
**सम्पादकीय, समाचार, हलिउड बलिउड, हुइयाँ, क्लिक क्लिक**


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ